

४८

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : १७, पूर्णाङ्क ४८, २०७७ असोज-कात्तिक-मङ्सिर जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**हितेन्द्रदेव शाक्य**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल "शब्दसेना"**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य "अतृप्त"**

सम्पादक समिति
**रमेश सागर**
**आविष्कार कला**
**रीता चालिसे**
**यादवराज घले**

व्यवस्थापक
**सङ्गीता अधिकारी**
**शारदा पोखरेल**
**बलराम पुडासैनी**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत मातृदास**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
आर.आर. चौलागाई, हेटौंडा
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

प्रकाशक

**विद्युत्कर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

सम्पर्क

रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea.org.np
फोन नं. : ०१-४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौँ ०१-४२४४५९७ द्वारा मुद्रित

# साहित्यमा कला र विचारको बहस

हिमाल हिउँको सफेद सेतोपनले राम्रो देखिन्छ । फूल पत्र-पत्रमा टल्कने रङको बाछिटाले सुन्दर देखिन्छ । जङ्गल पोथ्रा-पोथ्राबाट उदाउने हरियालीले शालीन देखिन्छ । झरना चञ्चलताले र ताल यसको विराटता र गम्भीरताले भव्य देखिन्छ ।

'रूप राजा सीप कमारो" भन्ने लोकोक्ति त्यसै चलेको होइन । सामान्यतयाः कुनै वस्तु वा व्यक्तिको प्रारम्भिक मूल्याङ्कनका क्रममा पहिले आवरण वा रूपपक्षमा नै हाम्रो आँखा पर्ने गर्छ । रूप राम्रो भएपछि मात्र त्यसको गुण, गरिमा र वस्तुपक्षको अनुभूत गर्न मन लालायित हुन्छ । साहित्यिक रचना पनि यसको अपवाद हुन सक्ने कुरै आएन ।

रूप वा कलापक्ष नै वस्तुपक्षमा प्रवेश गर्ने पहिलो खुड्किलो हो । रूपको बोक्रा छिलेपछि मात्र भावरूपी गुदीको आस्वादन गर्न पाइन्छ । तर, रूपमात्रै समग्र सौन्दर्यको द्योतक भने होइन । साहित्यिक रचनामा रूपपक्ष सुन्दर हुनु जति जरुरी छ; वस्तुपक्ष वा विचारपक्ष पनि त्यत्तिकै गुणकारी र बलशाली हुनु अपरिहार्य हुन्छ । कला र विचारपक्षको सरावरी अन्तर्घुलनले नै साहित्यिक रचनाले जीवन पाउने गर्छ । यस्तो अन्तर्घुलन प्रायोजित नभई स्वतः स्फूर्त हुनु वेश मानिन्छ ।

जब पाठक कलाको तहबाट भावको तहमा ओर्लन खोज्छ, तब उसले रूपपक्षमा झैँ वस्तुपक्षमा पनि सुन्दरताको खोजी गर्न थाल्छ । यदि रचनामा भावगत सौन्दर्य भेट्टाएन भने त्यस्तो रचनालाई प्लास्टिकको फूलजस्तो ठान्छ । प्लास्टिकको फूल रूपको तहमा सुन्दर भए पनि त्यसमा प्राकृतिक फूलमा झैँ सुगन्ध, कोमलता र सरसता रहँदैन । त्यसैले साहित्यिक रचनालाई कागजी फूलभन्दा बेग्लै मूल्य प्रदान गर्न रूपगत 'सुन्दरम्' को जति भूमिका हुन्छ, त्यतिकै भूमिका भावगत

'सत्यम्' र 'शिवम्' को पनि रहन्छ । भावगत सौन्दर्य भन्नु करिब-करिब 'सत्यम् र शिवम्'को संश्लिष्ट अभिव्यक्ति नै हो ।

साहित्यिक रचनाको रूपपक्षअन्तर्गत लय, छन्द, अलङ्कार, विम्ब, प्रतीक, कथानक, व्याकरण, पङ्क्ति, ढाँचा, आर्थी सम्बन्धआदि मूर्त तत्त्वहरू पर्दछन् । यसलाई साहित्यिक रचनाको बुनोट पनि भन्ने गरिन्छ । भाव, विचार, चिन्तन, अनुभव, दर्शन, नीतिजस्ता अमूर्त पक्षहरूचाहिँ वस्तुपक्ष वा बनोटसँग सम्बन्धित हुन्छन् ।

रूपले सौन्दर्यात्मक मूल्यलाई र वस्तुले सामाजिक मूल्यलाई संवहन गर्ने भएकाले स्तरीय साहित्यिक रचनामा वस्तु नै रूप बनेर आउनुपर्छ र रूपको सत्ता वस्तुमा पनि देखिनुपर्छ भन्ने विद्वान्हरूको मत रहेको छ । यी दुई तत्त्व पानीमा अक्सिजनझैँ अविभाज्य भएर आउनुपर्छ ता कि रौँ-चिरा विश्लेषणविना यी दुईको अलग-अलग सत्ता पनि छ भन्ने कुरा नखुट्टियोस् ।


उत्कृष्ट आनन्दले नै उदात्त आचरणको संवेग जगाइदिन्छ । यस्तो संवेगले नै विश्वबन्धुत्वको आदर्शलाई व्यवहारमा रूपान्तरण गर्ने भएकाले सिर्जनामा कलापक्ष र भावपक्षको समुचित तालमेल अपरिहार्य मानिँदै आएको छ ।

*- अतृप्त*

# यस अङ्कमा


| निबन्ध / संस्मरण | पृ. |
|---|---|
| ■ रामप्रसाद घिमिरे | ५ |
| ■ जीवनाथ धमला | १७ |
| ■ दीपक चौधरी | २३ |
| ■ रामेश्वर राउत मातृदास | २९ |
| ■ ध्रुवराज प्रसाई | ३५ |
| ■ पुण्य घिमिरे | ४४ |
| ■ आविष्कार कला | ४९ |
| ■ डा. तुलसी भट्टराई | ६९ |
| ■ नारायणप्रसाद आचार्य | ७३ |
| ■ राजनप्रसाद कोइराला | ७७ |
| **मुक्तक / गजल** | |
| ■ विष्णुप्रसाद आचार्य 'अतृप्त' | १५ |
| ■ शारदादेवी भट्टराई पोखेल | ७६ |
| **कविता** | |
| ■ लक्ष्मण मण्डल | १६ |
| ■ अमरजीत कौँके | २० |
| ■ सुमी लोहनी | ३४ |
| ■ बेनी नेपाली | ४१ |
| ■ राजेन्द्र अधिकारी | ४२ |
| ■ श्रीषा पाण्डे | ४३ |
| ■ बाबुराम श्रेष्ठ 'यात्री' | ४७ |
| **कथा / लघुकथा** | |
| ■ मनोरञ्जन मल्ल ठकुरी | २१ |
| ■ लीलाराज दाहाल | ७५ |

# रामप्रसाद घिमिरे
# राष्ट्रकविलाई सम्झँदा



नेपाली भाषा-साहित्यको श्रीवृद्धिका निम्ति आजीवन समर्पित वाणीपुत्र राष्ट्रकवि माधवप्रसाद घिमिरे (साहित्यिक नाम : माधव घिमिरे) को वि. सं. १९७६ असोज ७ गते मङ्गलबार चतुर्दशी बितेर औँसी लाग्ने वेलामा लमजुङ जिल्लाको पुस्तुन गाउँमा जन्म भएको थियो । नक्षत्र मिलाएर न्वारनमा उनको नाम टोपप्रसाद घिमिरे राखिदिए । कविवर घिमिरे तीन वर्षका पनि नहुँदै उनकी आमा द्रौपदीको निधन वि. सं. १९७९ मा हुन गयो । उनको पालनपोषण जी आमा (हजुरआमा) बाट स्नेहपूर्वक भएको थियो । बाल्यअवस्थामा कवि घिमिरेलाई 'सेतु' नामले बोलाउन थालियो । पछि गएर गाउँघरमा पनि 'सेतु' भनेर सम्बोधन गर्न थाले । छ वर्षको उमेरमा घरमै अक्षरारम्भ गरी अध्ययन गर्न थालेका 'सेतु' पुस्तुन, जोगीमढीमा बसेका सानाबाबा केदार गिरीका कुटियामा गई साधारण लेखपढ गर्न थाले । गाउँकै बालक कालु सेतुका साथी थिए । फुले जोगीबाट सेतु र कालुले गणित र ज्योतिष शास्त्रका प्रारम्भिक शिक्षा पनि पाए ।

सेतु गणितमा कमजोर थिए । फुले जोगीले एक दिन त सजायस्वरूप टुप्पीमा बाँधेर उभ्याइदिए सेतुलाई । सात वर्ष लाग्नासाथ बाबुले बालक सेतुको व्रतबन्ध गरिदिए । धुलेपाटीमा अक्षर सिक्दै बाँसको सुप्लामा अक्षर लेख्न सुरु गरे । वर्णमाला अक्षर फोरिसकेका 'सेतु' ले पढिरहेको पुस्तक एकजना पुण्यशील घिमिरे भन्ने व्यक्तिले मागे । उनले त्यही पुस्तकको गातामा 'माधवप्रसाद घिमिरे' नाम लेखिदिए । उनी पण्डितचाहिँ थिएनन्; संस्कृतका ज्ञाता थिए । बालक घिमिरेका बाबु प्रायशः जगराको लेकमा गाईगोठमा बस्दथे । कविवर घिमिरे हिउँदमा गाउँको पाठशालामा पढ्ने र वर्षयाममा गोठमा बाबु गौरीशङ्कर उपाध्याय घिमिरेसँग बस्ने गर्दथे । उनी १२ वर्ष पुगेपछि परम्पराबमोजिम दुर्गा कवच, कर्मकाण्ड, संस्कृत-साहित्य, ज्योतिष शास्त्रआदि सिक्न दुराडाँडा पुगे । केही समय आफ्नै ठूलीआमाको घरमा बसे । दुराडाँडापछि विक्रम संवत् १९८६ सालमा स्थापना भएको खुदीवेणी भाषा पाठशालामा पढे । खुदीवेणीमा पढ्न बस्दा १५ वर्षको उमेरमा खुदी तरापुकी पोखरेल कन्या गौरीसँग विवाह-बन्धनमा बाँधिए ।

गौरीको माइती सम्पन्न थियो । विवाहपछि योगसाधक गौरीका हजुरबुबा शिवप्रसाद पोखरेलको आग्रहमा ससुराली घर खुदी तरापुमा बसेर अध्ययन गरे । कवि घिमिरेले त्यहीँ योगसाधना पनि गरे ।

घिमिरेहरूलाई पढेर विद्वान् हुँदा फाप्दैन भन्ने अन्धविश्वास र रूढीगत भनाइ थियो नै । अन्धविश्वास र रूढीगत परम्परा तोड्दै १७ वर्षको किशोर अवस्थामा कविवर घिमिरे १९९३ साल जेठ महिनामा तीन रुपियाँ पचास पैसा सुटुक्क लिएर जीवन र ज्योतिको खोजीमा काठमाडौँ आइपुगेका थिए । त्यसपछि उनी रानीपोखरी संस्कृत पाठशालामा पढ्न थाले । कविवरले कठोर सङ्घर्ष गर्दै वि. सं. २००१ सालमा वनारसको क्विन्स कलेजबाट सर्वदर्शनमा शास्त्री परीक्षा दिई प्रथम श्रेणीमा उत्तीर्ण गरे । जीवननिर्वाहको क्रममा उनले नेपाली भाषानुवाद परिषद्मा १९९८ सालमा लेखक पदमा जागिर खान सुरु गरे । उनी २००२ सालको अन्त्यतिरदेखि 'गोरखापत्र'को सहायक सम्पादकको पदमा कार्यरत रहे ।

गौरी बिफरले एकचोटि नराम्ररी थलिइन् । २१ दिनभित्र कोदोको पिठोआदि छर्केर घरेलु उपचार गरेपछि शीतलामाई (बिफर) उडेर गइन् । त्यो कालो बिफर थिएन; सेतो थियो । तर पनि, गौरी भाग्यले बाँचेकी थिइन् । गौरीशङ्करले बुहारी गौरीलाई पहाडबाट ठमेल टोल ब्लक नं. १६/१२ मा ल्याइपुऱ्याई डेरामा छाडेका थिए । कविवरलाई औधी माया गर्ने घरबेटी 'माइली आमा' भन्ने नेवार्नी थिइन् । त्यसै ठमेल डेरामा गौरीले शान्ति र कान्ति नामका दुइटी छोरी जन्माइन् । ठमेलको डेरा, अर्काको घरमा– अप्ठेरो थियो । गौरीको अवस्था बिमारले अशक्तजस्तै भएपछि विष्णुमती तटको मन्दिरपाटीमा अर्धजलका लागि लगिएछ ।

असार महिना, रातको समय– सिमसिम वर्षा भइरहेको थियो । २००४ साल असार महिनामा २२ वर्षकै भरिलो उमेरमै रात छिप्पिँदै जाँदा ४ वर्षकी शान्ति र ४ महिनाकी कान्ति र पति माधवलाई सदाका निम्ति छाडेर गौरी परमधाम गइन् । गौरी चितामा पनि परिपुष्ट, फलपुष्पवती, सौम्य, शालीन, सुकोमला नारी देखिन्थिन् । उनले यस्तीको शवदाह गर्नुपऱ्यो । आगोले गौरीको देह खरानी पार्दै थियो । देह पूरै खरानी भयो । विष्णुमति नदीमा बगाइयो । यता कविवर घिमिरे शोकानलमा चुर्लुम्म भएर तपस्या गर्दागर्दै अमृतसिद्धि प्राप्त गरे । उनले गौरीलाई बिउँताएनन् मात्र; अमर नै पारिदिए । उनले शोककाव्य 'गौरी' लेखे । आज 'गौरी' नेपाली जनमनभरि फिँजिएकी छिन् ।

दोस्रो विवाह दुराडाँडा, जल्केनीको अधिकारी कन्या महाकालीसँग विक्रम संवत् २००५ साल माघ ५ गते भयो । महाकालीबाट मञ्जु, उषा, किरण, ज्योति गरी चार छोरी र इन्दिवर र राजीव दुई छोरासमेत ६ जनाको जन्म भयो । कविवर घिमिरेका ४१ जना नाति–नातिना छन् । विक्रम संवत् २००४ सालमा आधारभूत शिक्षाका तालिम लिएका शिक्षकहरूलाई भरसक उनीहरूकै जन्मथलो नभए उनीहरूले रोजेको ठाउँमा पढाउने व्यवस्था गरिएको रहेछ । कविवर माधव घिमिरे पनि आधारभूत शिक्षाका तालिम लिई वि.सं. २००४ सालमा आफ्नो जन्मथलो लमजुङ फर्किए । कवि घिमिरेले आफ्नै जन्मथलोमा स्कूल स्थापना गर्न सक्थे तर त्यसो गरेनन् । उनले लमजुङको चारैतिरबाट पायक पर्ने ऐतिहासिक रमणीय ठाउँमा होस् भन्ने हेतुले लमजुङ राजाको दरबार कालिका मन्दिरछेउमा पाठशाला खोल्ने ठाउँ रोजे । सुरुसुरुका दिनमा दरबारको अगाडि पटाङ्गिनीमा पढाउन थाले । उनले पाठशाला त खोले; बाँकी व्यवस्था केही थिएन ।

स्थानीय सबैको सहयोगले विद्यार्थीहरू बिस्तारै–बिस्तारै जम्मा हुँदै गए । पहिले स्कूल सञ्चालन गर्न विद्यार्थीहरूको समस्या नै परेको थियो । पछि लमजुङ गाउँ–शहरवरिपरि बाहुनबेँसी, जोर्ती चौतारा (ज्योति चौतारा), नरुवाल, पाखाथोक, बसौला गाउँ, बानियाँ थुम्की, वोख्ले, ज्यारखाङ, नाल्मा, बाख्रेजगत्, बेसीशहर, भलुवाटार, विम्दा, दुईथोक, चमडिला, चिसापानी, बगालेगाउँ, गहते, मकैडाँडाआदि ठाउँठाउँमा घुमेर शिक्षाको महत्त्व बुझाउँदै जाँदा स्कूलमा विद्यार्थीहरूको ओइरो लाग्यो । पछि भैँसी, गाई, गोरु, भेडाबाख्रा चराएर हिँड्ने, कङ्कड खाने उरण्ठेउलाहरू र वन–दाउरा गर्ने, मेलापात गर्न जाने पनि स्कूलमा पढ्न आए । पाठशालामा विद्यार्थीहरू बढेपछि र उनीहरू टाढाटाढाबाट आउन थालेपछि छात्रावासको आवश्यकता महसुस गरी दरबारको खाली ठाउँमा छात्रावास बनाउनुपर्‍यो भनी स्थानीयवासीसँग कविवरले प्रस्ताव राखे । सबैको सक्रियतामा स्थानीयवासीहरूसँग मिली छात्रावास र फर्निचरका लागि सालको रूख काट्न सहयोग गरेको हिजोजस्तो लाग्दछ भनेर कविवर माधव घिमिरे भन्थे ।

स्कूल आउने हटियाका बाटाभरि फोहरहरू हुन्थे । पछि ती फोहरहरूलाई बाटोबाट उठाएर एकतृत गर्न आफूले सचेतना कार्यक्रम चलाएको र हिजो–आज सरकारले दिशामुक्त क्षेत्र घोषणा गर्दा आफूले त्यसलाई ७२ वर्षअघि नै लागू गरेको भन्दै ठट्टा गर्थे । पाठशाला र छात्रावासको निर्माण कार्य गरिरहँदा कवि घिमिरेका चेलाहरू सम्झिँदै भन्छन्– "अरूलाई काम अह्राएर आफूले बसेर हेर्ने

बानी गुरुको कहिल्यै थिएन । ढुङ्गा, माटो, काठ, पानीजस्ता निर्माण-सामग्रीहरू काट्ने, बोक्ने, ओसार्ने काममा गुरु आफैँ अग्रसर हुनुहुन्थ्यो । गुरुसँगै हामी चेला पनि पाठशाला र छात्रावास बनाउने काममा सरिक हुन्थ्यौँ । नियालो बाँसको चोया बनाई चित्रा बनाइथ्यो । शौचालयको निर्माण पनि यसैबाट गरिन्थ्यो । यस्ता तौर-तरिका गुरुले स्थानीयवासीलाई बताइरहनुहुन्थ्यो ।"

कविवर लमजुङ गाउँशहरबाट २००९ सालमा सपरिवार काठमाडौँ फर्किए । काठमाडौँ आएपछि पनि वर्षको एक पटक उनी आफ्नो पिताजी भेट्न लमजुङ गइरहन्थे । आजभोलि जस्तो यातायात थिएन । काठमाडौँबाट पुस्तुन पुग्न जान-आउन करिब ७-७ दिनको पैदल यात्रा गर्नुपर्थ्यो । कविवर २०१४ सालतिर पुस्तुन जन्मस्थल पुगेका रहेछन् । कविवर अचानक बिरामी भए । उनलाई टाइफाइट भएको रहेछ । कविराजले औषधी गर्दागर्दै पनि अवस्था निकै चिन्ताजनक भएछ । अन्तिम अवस्था भएको ठानेर गाईदान गर्न ठीक तुल्याइयो र तुलसीमठ पनि लिपपोत पारियो । कविवरका एक जना काकाले कवि घिमिरेलाई "बाबू, तिम्रो बाबु पनि यही वेलामा जानुभएको हो; खै तिमी पनि........." भनिदिए । तर, कविवर घिमिरेले काकातिर फर्किएर भने, "काका ! म अझै सय वर्ष बाँच्छु । के ठान्नुभएको छ ?" नभन्दै कविवरलाई निको हुँदै गयो । उनलाई आराम भई स्वास्थ्यलाभ प्राप्त भयो ।

अर्को घटना २०७४ जेठ १४ गते आइतवार (सन् २०१७ मे २८) राति सामाजिक सञ्जालमा राष्ट्रकवि माधव घिमिरेको निधन भएको हल्ला फैलिएर भाइरल फैलिएको खबर झूटो हल्लामात्र थियो । त्यस्तो हल्ला फैलिएको आफूले थाहा पाएपछि कविवरले भने, "आफ्नो मृत्युको खबर कसैले पनि सुन्न पाउँदैन तर मैले सुनेँ । मृत्युको अनुभव मृत्यु नभई गर्न पाएँ ।"

उनले भन्दै गए, "हो, यहाँ सबैले यस्ता प्रकारका भ्रम फैलाउने व्यक्तिलाई कारबाही गर्नुपर्छ भन्ने सल्लाह हामीलाई दिएका छन् तर यो पक्षमा म छैन किनकि मेरो मृत्युको खबर फैलाएर त्यो व्यक्तिलाई के फाइदा हुन्छ र ? उसले यो आफ्नो स्वार्थका लागि फैलाएको हल्ला होइन । म यो कसले फैलायो भन्नेतर्फ पनि लाग्दिनँ । यो त दुर्लभ क्षण भयो । मरेपछि के होला ? समाजमा कस्तो तरङ्ग आउँछ भन्ने कुरा जीवितहुँदै अनुभूति गर्न पाएँ । म राष्ट्रवासीप्रति अत्यन्त कृतज्ञ छु । मलाई मेरा सिर्जनाका लागि राष्ट्रले यति माया गर्दोरहेछ भनेर ।" यस्तो सकारात्मक सोच राख्ने कविवरले दुई हरफ कविता पनि सुनाए ।

*अचम्म भो ! यही जुनिमा अर्को जुनी पाएँ ।*
*लाख-लाख नेपालीको माया पनि पाएँ ॥*

"गुरु ! हजुरको सिर्जना सुन्न पाए हुन्थ्यो" भनी यो पङ्क्तिकारले सोधनी गर्दा उनले भने, "म कवि, भूगोल र प्रकृतिप्रति जब अनुभूति हुन थाल्छ– नेपाल र नेपाली, राष्ट्र र राष्ट्रियता, देश र देशभक्ति हृदयमा चित्रण हुन्छ; मन प्रफुल्लित हुन्छ ।" उनले भने, "बाबू, सुन ! मैले दुई पङ्क्ति लेख्न सके पनि राष्ट्रका लागि हुनेछ । ***ऋतम्भरा*** लेखन अन्तिम-अन्तिम चरणमा पुगेको छ । अब दुई सर्ग पूरा गर्न खोजिरहेको छु । केही लेख्न सकेको दिन दिलै प्रफुल्ल, मुहार हँसिलो र शरीर हलुङ्गो भएको अनुभव हुन्छ । तर, केही गर्न नसकेको दिन के बिराएँ ? के बिर्सें ? जस्तो ।"

२०७३ चैत्र २३ गते रामनवमीको दिनमा बडो जोशिलो, फुर्तिलो देखिए लोकार्पण समारोहमा । उनले 'वैदिक साहित्यस्वरूप तथा वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू' नामक पुस्तकको विमोचन गरे । कार्यक्रम समापनपछि सँगै कविवरको निवास लैनचौरमा पुग्यौँ । "एकछिन बस" भन्नुभयो । बैठक कोठामा बसियो । कविवरको परिवार पनि हुनुहुन्थ्यो ।

९७ वर्षको उमेरमा हिँड्दै गर्दा उनले थकानको महत्त्व राखेनन् । भर्खरै कार्यक्रमबाट निवास आइपुगेको अवस्था, हँसिलो अनुहार, मुसुक्क हाँस्दै मपट्टि फर्केर प्रसन्न मुद्रामा "बाबू रामप्रसाद ! गाउँशहरमा एउटा घडेरी किन्न पर्‍यो । घर बनाई त्यहीँ नै बस्छु अब । गाउँशहरको हावापानी असाध्यै राम्रो । बिहान उठ्नेबित्तिकै हिमचुली छर्लङ्ग देखिने । नीलो आकाश, जताततै स्वच्छ हरियाली । पानीका धारा कलकल बग्ने । पूर्वतर्फ हिलेको झरना । तल नागबेली परेको मर्स्याङ्दी । ताल, समथरै समथर भएका फाँट, मैदान, चारैतर्फ देखिने हिमालै-हिमालले घेरिएको दृश्य । एकाबिहानै सूर्योदय हुँदा देखिने सूर्यका किरण झुलुक्क हिमचुचुरोमा देख्न पाइने । पुरानोकोट शिरबाट पोखराको दृश्यसमेत हेर्न सकिने यस्तो मनोरम ठाउँ म कविका लागि कस्तो हुँदो हो ?" प्रतिप्रश्न पनि गर्दै गए उनले ।

"कविज्यू ! यो ९७ वर्षको उमेरमा कहिले घडेरी किन्ने; कहिले घर बनाएर बस्ने हजुरको जोश देख्दा म त अचम्मित भएँ ।" भन्दा महाकाली मुसुमुसु हाँस्न थालिन् । त्यसपछि कविवर "जोश, जाँगर, साहस, आँट, धैर्य, प्रसन्नता सधैँ भइरहनुपर्छ ।" भन्दै मुस्कुराए ।

“गुरु ! हजुरको हौसला देख्दा मलाई पनि अचम्म लाग्यो । हजुर २००४ सालदेखि २००८ सालसम्म गाउँशहर बस्दा जुन ठाउँ हजुरलाई मन परेको छ; त्यही ठाउँ भन्नुहोस्– हजुरका लागि स्थानीयवासीसँग सहयोग लिई घडेरी मिलाउने काम गर्छु । हजुरको इच्छाअनुसार वासस्थान निर्माण गरौँला ।”

“म त बाबू ! गाउँशहर/बेसीशहर गाउँ-गाउँ घुमिरहन्थेँ । दरबारदेखि निकै तल महभीर छ । तिमी पुगेका छौ ? यस्तो मह औषधीको रूपमा म सेवन गर्थें ।”

“हजुरले स्थापना गरेको पाठशालामा २०२८ सालसम्म पढी प्रवेशिका परीक्षा उत्तीर्ण गरेको हुँ । विद्यार्थी समयमा घुमफिर गरेको थिएँ; थाहा छ गुरु” भनेँ ।

“पाठशाला र छात्रावास निर्माण गर्न लाग्ने काठका लागि चाँप, साल, कटुस, चिलौने, उतिसजस्ता रूख हेर्न थाक्ले, गहते, चमडिला, पुरानकोट, गाउँशहर, बाहुनबँसी, चण्डीमुनिको वनजङ्गल घुम्न पुगेँ बाबू । एक दिन गहते, थाक्लेको उकालो हिँडी फर्किंदा चिसापानी आइपुगेँ, चौतारामा विश्राम गरेँ । सबैलाई हिँड्दै गर भने । म एकछिन गुरुङबस्तीतर्फ लाग्छु भनी त्यसै बस्तीमा पुगेँ । गुरुङ बस्तीमा पुगेर कालिज काट्न लगाई खाजा खाएँ ।” मुसुक्क हाँस्दै कविवरले भने ।

कविवरले छोइछिटो परम्परागत समयमा समाजलाई रूपान्तरण गर्दै लैजाने सन्देश आजभन्दा ७३ वर्षपहिले नै दिएका रहेछन् । कति राम्रो समावेशिता ! धन्य गुरु हजुरलाई । आफू शिक्षित भएर पुग्दैन; सबैलाई शिक्षित बनाउने कार्यक्षेत्रमा पूर्ण अभिभाराका साथ हामी सबै लागिरहनुपर्छ भन्दै मर्स्याङ्दी दायाँबायाँ किनाराका बस्तीमा रात्रिकक्षा सञ्चालन गर्ने काममा जोड दिए । अति आवश्यक पर्दा पण्डितको काम पनि गरेका रहेछन् उनले । आफूले प्राप्त गरको दक्षिणा पनि आफूले नराखी पूरै रकम छात्रावास र विद्यालय निर्माण कार्यमा लगाइदिएका रहेछन् । म कविवरको निवासको बाटो हिँडिरहन्थेँ । आशीर्वाद लिन जाँदा राष्ट्रकविलाई गुरु भनी सम्बोधन गर्थें । माथि आफ्नै कोठाबाट “को हो ?” भनी सोध्दथे उनी । “म रामप्रसाद हुम गुरु ।” भन्नासाथ चिनिहाल्थे उनले । “आऊ माथि” भन्नासाथ “हवस्” भन्दै माथि उक्लिन्थेँ र दर्शन गर्थें । कविवरको समय पनि ख्याल गर्थें । अनूकलता हेरी आफ्नो गन्तव्यतर्फ लाग्थेँ ।

२०७६ फागुन अन्तिम हप्तातिर सदाझैँ गुरुको निवास पुगेँ । “गुरु ! म भोलितिर वंशावली पुस्तक लिएर गैँडाकोट, टाँडी जाँदै छु– महिला जागरणको

काम गर्न । गुरुको साली (लक्ष्मिमा घिमिरे) पनि साथमा जाँदै हुनुहुन्छ ।" भनैं र केहीबेरको भलाकुसारीपछि विदा भएँ ।

त्यताको काम सकेर पुर्ख्यौली थलो गाउँशहर पुग्यौं । वि.सं. १५१० मा जन्मनुभएका भनिएका हाम्रा साभा बाजे कुश्माखर घिमिरे लमजुङ राज्यको स्थापना गर्ने योजनाकार, सूर्यचन्द्र अङ्कित भण्डाका तर्जुमाकार, राजनीतिज्ञ, ज्योतिषविद्, धर्मका प्रकाण्ड विद्वान्, कुशल प्रशसक, कास्की नुवाकोटका कुलमण्डन शाहका छोरालाई लमजुङमा राजा स्थापना गर्न दुराडाँडाका खजे दुराको सहयोग लिई मागी ल्याएका नाबालक यशोब्रह्म शाहलाई लमजुङे राजा बनाउने (king maker) यिनै कुश्माखर घिमिरे विषेशाङ्क निकाल्ने कामको खोज-अनुसन्धान गर्ने काममा गाउँशहर र पुरानकोटमा पुग्ने, सम्पर्क गर्ने काममा अगाडि बढाउँदै २०७६ चैत्रको पहिलो साता फर्कौं । गुरुको निवास पुगैं । "वंशावली पुस्तिका र कुश्माखर विषेशाङ्क प्रकाशन गर्न पाए हुन्थ्यो गुरु !" भनी भलाकुसारी गरैं । गुरुले भने, "असाध्यै राम्रो काम । यस्तो उल्लेखनीय काममा दत्तचित्त भई लागेर आफ्नो तर्फबाट हुनेसम्म काम गर बाबू ! कसैले नगरेको कामको सृजना गर्न खोज्दा आफैँ आनन्दित भइन्छ ।"

नेपाल सरकारका पूर्वसचिव तथा घिमिरे बन्धु राष्ट्रिय प्रतिष्ठान नेपाल र पूर्वकर्मचारी सेवा परिषद् नेपालका अध्यक्ष माधवप्रसाद घिमिरेलाई राष्ट्रकविले मीत भनेर मुसुक्क हाँस्दै सम्बोधन गर्थे । गुरुसँग भेटघाट हुँदा "मीतको हालखबर के छ बाबू ?" भनेर सोधिहाल्थे ।

"सबै राम्रो छ, हजुरको मीतलाई भ्रमणको जानकारी गराएर काममा हिँडेको कुरामा अवगत गराइरहेकै हुन्छु ।"

भ्रमणको काम सकेपछि २०७६ चैत्रमा गुरुको निवासमा पुगैं । पुर्ख्यौली थलोमा पुगी साभा बाजेको ऐतिहासिक कामको खोज गरेको कामको विवरण बताएँ । गुरुले हर्षित हुँदै "धन्यवाद बाबू !" भने । २०७६ सालको बडादशैं असोज २१ गते विजयादशमी परेको थियो । कविवरको निवास लैनचौरमा म, श्रीमती, ठूलो छोरा, छोरी-ज्वाइँ, कान्छो छोरा-बुहारी, नाति-नातिना सधैँको वर्षमा जस्तो आशीर्वाद थाप्न पुग्यौं ।

उनले हँसिलो मुद्रामा पारिवारिक कुरा गरे, "सबै जहान परिवार लिई आयौ ? चिनाऊ साली !"

निकैबेर पारिवारिक गफ चल्यो ।

२०६३ असार २१ गते वैवाहिक कार्यक्रममा कविवर दिउँसो ११:३० बजे

पुगेका थिए। कविवरले सम्झिए, "दुलही विदाइ गर्दा त रातै पऱ्यो। म निवास फर्कंदा त ९ः४५ बजे, राति भैसकेको थियो। यिनै छोरीज्वाइँ हुन् ? जापानबाट कहिले आयौ ?"

कविवर घिमिरेसँग यस्तै-यस्तै व्यावहारिक भलाकुसारीपछि पालैपालो टीका थाप्यौँ। टीका, प्रसाद गुरु र महाकाली गुरुमाको हातबाट ग्रहण गऱ्यौँ। बडादशैँको पूर्णिमापछि फेरि गुरुकहाँ पुगेँ।

गुरुले "स्व. प्रयागदत्त घिमिरे लमजुङभर नै 'भूर्तेल' नामले परिचित पुरुषार्थी व्यक्ति हुन्; यिनैका सन्ततिहरूले कालिका मन्दिरको कोटपूजा गर्दै मौलो मर्मत-सम्भार र फेर्ने काम अहिलेसम्म गर्दै आएका छन्" भनेर २०७१ चैत्र ३ गते भनेका थिए। यिनै भूर्तेलको विषयमा वेलावेलामा विविध प्रसङ्गहरू पनि सुनाएका थिए। "लमजुङमा भूर्तेलले गरेको कामको विषयमा बताइदिनुहोस्" भन्दा "पछि आऊ" भनेकाले तिहार सकिएपछि गुरुकहाँ पुगेको थिएँ। उनी भन्ने, मैले टिप्ने काम गर्न थालेँ। टिप्ने कामको सहयोग प्राप्त गर्दै गएँ। लामो अवधिदेखि सुरु गरेको टिपनटापनको काम सकियो। 'लमजुङका उज्ज्वल ताराः प्रयागदत्त (भूर्तेल) घिमिरे' शीर्षक राखी लेख तयार भयो। गुरुलाई देखाएँ। उनले ठीक छ भने। "बाबू ! यस्ता लेखले गौरवमय इतिहास बोकेको पुर्खाको स्मरण गराउँछ। पुर्खाले गरेको योगदानलाई कदर गर्दै समाजमा पहिचान दिलाउने काम पनि कुलवंशको हो, धन्यवाद तिमीलाई।"

"साहित्यिक एवम् अनुसन्धानात्मक पत्रिकामा छाप्ने सोचमा छु" भन्दै गुरुको निवासबाट फर्किएँ। केही समयपछि 'हिमाद्री', वर्ष ०३ अङ्क ४ वैशाख-असारमा लेख छापिएछ। गुरु भन्ने गर्थे, "दुःख नपरी मानिस बन्दैन। कहिलेकाहीँ मानिसले दिएका चोटहरू पनि प्रेरणादायी बन्न सक्छन्। तर, ईश्वरले दिएको चोट श्राप बन्न पुग्छ। मिहिनेत गर्न नछोड; मिहिनेतको फल धेरै समाजलाई देऊ; आफूले थोरै लेऊ। कसैले नगरेको नौलो सृजना गर्दै जाऊ। ८०/८५ वर्षसम्म मलाई बूढ्यौली हुम् भन्ने लाग्दैनथ्यो। हेर बाबू ! म १०५ वर्ष त अवश्य बाँच्छु जस्तो लाग्छ।"

सधैँ सकारात्मक सोच, सधैँ हँसिलो, सधैँ उत्साहित, सधैँ प्रफुल्ल मुद्रा ! भेट्न जाँदा अनौठा-अनौठा घत लाग्ने कुरा सुन्न पाइने। हँसाइ-हँसाइ भलाकुसारी गर्ने। जति कुरा सुने पनि पट्यार नलाग्ने; सुनौँ-सुनौँ लागिरहने ! वि.सं. २००४ सालदेखि २००८ सालमा घुम्दै बाहुनबैँसी पुगी जोर्ती चौतारा (दुई चौताराको सङ्गम) मा बस्दै गर्दा भूर्तेलका सन्ततिसँग भएका सामाजिक,

ऐतिहासिक, धार्मिक, आयुर्वेदिक पद्धतिसम्बन्धी कुरा भए । वि.सं. १९५१ साल वैशाख ४ गते सोमवार वृश्चिक लग्न, सिंह राशी ३८ घडी १७ पला द्वादशी तिथिमा जन्मिनुभएका भूर्तेलका सन्तति जेष्ठपुत्र रत्न टीकाराम घिमिरेसँग कविवरको पुरानो घनिष्ठता थिँदै थियो । कविवर दूध, दही, घीउ, मोही, कुरौनी, नौनी खाएर हुर्किएको हुनाले गाउँशहर रहँदा दुहुनो भैँसी पालेका थिए । काठमाडौँमा समेत गाई पालेका थिए । हरेक दिन बिहान शीत छँदैको दूबोमा खालीखुट्टा हिँड्ने, योग-व्यायाम गर्ने, चिसो-पानीमा स्नान गर्ने; दाल, भात, तरकारी, दूध, दही, घीउ, मोही, कुरौनी, नौनी, चीज, हरियो सागपातजस्ता सन्तुलित आहार खाने गर्थे । ९५ वर्षको उमेरमा हिँडिरहँदा "रामप्रसाद, मलाई मुक्तिनाथ लिएर हिँड" भनेका थिए । तर, उनको उमेर र अस्वस्थताको कारणले जान सकिएन ।

१०१ वर्षको उमेरमा हिँडिरहँदा सुन्दर र सक्रिय जीवन जिउनु भनेको चानचुने कुरा होइन । दैनिक व्यस्तता, उनी सुत्ने कोठाको ओछ्यानवरिपरि छरिएका पुस्तक र कापीहरू उनका थर्थराउने हातले लेखेका सुन्दर लिपिहरू देख्ने अवसर मैले पाएँ । आफ्ना सन्तति अफिसको दैनिक कामबाट घर फर्केपछि कविवरको कोठामा जम्मा हुने गर्थे । मन टहलाउन परिवारसँग तास पनि खेल्ने गर्थे । कहिलेकाहीँ मलाई पनि बस भन्ने गर्थे । २०७६ साल असोज ७ गते १०१ वर्षमा लागेका कविवरलाई राष्ट्रिय नाचघरको सम्मान कार्यक्रममा लिफ्टबाट निस्केपछि मञ्चसम्म लगी आसनमा पुऱ्याई राख्ने कामको शुभ अवसर मैले पाएको थिएँ । २०७७ साल भाद्र २ गते बेलुका नेपाल सरकारका पूर्वसचिव उनै मीत माधवप्रसादसित कुराकानी गर्दै थिएँ । त्यसै समयमा कविवरका ज्वाइँ करुणाकर अधिकारीको फोन आयो, "बिमारले च्याप्दै-च्याप्दै गइरहेको छ, गुरु अन्तिम अवस्थामा हुनुहुन्छ" भनेर फोन बन्द भयो । म र गुरुकी साली दौडिँदै लैनचौर निवास पुगी अनुहारसम्म हेर्न पायौँ ।

यस्ता सबैका प्यारा देश-परदेश सबैतिर प्रसिद्धि कमाएका राष्ट्रकविको प्रथम प्रकाशित रचना **ज्ञानपुष्प** (कविता) गोरखापत्रमा १९९२ मा प्रकाशित भएकोथियो । कविवरका साहित्यिक सृजनाहरू **बालसाहित्य घामपानी, बालालहरी, सुनपङ्खी चरी, बिजुला र बिजुले, काव्य-नवमञ्जरी, गौरी, राजेश्वरी** (पापिनि आमा सहित), **राष्ट्रनिर्माता** (धर्तीमातासहित), **इन्द्रकुमारी** (गौथली र गजधम्मे), बोराको पर्दासहित, गीतिकाव्य **राहुल यशोधरा**, गीतिनाटक **शकुन्तला**, **मालतीमङ्गले, विषकन्या, हिमालपारि हिमालवारि, अश्वत्थामा** (अङ्ग्रेजी अनुवाद ई.सं. १९९८)

**देउकी**, **बालकुमारी** कविता-सङ्ग्रह, **चैत-वैशाख** गीतसङ्ग्रह, **आफ्नै बाँसुरी आफ्नै गीत**, **चारुचर्चा**, कथासङ्ग्रह **मनचिन्ते मुरली**, महाकाव्य **ऋतम्भरा** (लेखन अन्तिम चरणमा उमेर १०१ वर्षमा हिँडिरहँदा), **अनुवाद** (संस्कृतबाट) **नागानन्द** (नाटक), **दूर्गा सप्तसती**, सम्पादन **इन्द्रेणी** (पत्रिका), **कविता** (पत्रिका) **पच्चीस वर्षका खण्डकाव्य**समेत हुन् ।

२००९ सालमा गाउँशहरबाट आफूले तालिम लिएर काठमाडौँको केन्द्रमा आधार स्कूलमै शिक्षकको रूपमा फेरि फर्किएका थिए । त्यसपछि शिक्षक प्रशिक्षण केन्द्रमा र कलेज अफ एजुकेसनमा समेत २००९ देखि २०१४ सालसम्म २०१४ सालमा तत्कालीन रोयल नेपाल एकेडेमीको स्थापना भएपछि सदस्य २०२८ सालसम्म लगातार सेवारत रहे । २०३६ देखि २०४७ सालसम्म उपकुलपति र कुलपतिमा कार्यरत रहे । कविवर घिमिरले गरेका सामाजिक सेवा थुप्रै छन् । उनी नेपाल र भारतमैत्री सङ्घको अध्यक्ष २००९ देखि २०१३ सम्म कार्यरत रहे । उनी त्यसको संस्थापक अध्यक्ष थिए । २०११ सालतिर गठित 'काव्य प्रतिष्ठान' मा उनको राम्रो संलग्नता थियो । बेलाबखतमा स्थापित गठित विभिन्न साहित्यिक र सामाजिक सङ्घसंस्थामा पनि कविवर घिमिरेको प्रचुर संलग्नता र निर्देशन हुनेगर्थ्यो ।

राष्ट्रका चहकिला गहनाको अवसानले साहित्य र कलाको क्षेत्रमा अपूरणीय क्षति पुगेको छ । अन्त्यमा, राष्ट्रकवि स्वर्गीय माधव घिमिरेका तीन कविताको श्लोक लेखेर यो लेखबाट विश्राम लिन्छु–

*गाउँछ गीत नेपाली ज्योतिको पङ्खा उचाली*
*जय जय जय नेपाल सुन्दर शान्त विशाल ।*

०००

*हेर्छन् बादलले हिमाल गिरिमा गौरी कहाँ छन् भनी*
*सोध्छे शान्ति मलाई सानु मुखले आमा कहाँ छन् भनी ।*

०००

*नेपाली हामी रहौँला कहाँ, नेपालै नरहे*
*उचाई हाम्रो चुलिन्छ कहाँ, हिमालै नरहे ।*

■■

*(प्रस्तुत लेख राष्ट्रकवि माधवप्रसाद घिमिरेसँग लक्ष्मिमा घिमिरेसमेतले गर्नुभएको कुराकानी तथा अन्य स्रोत/सामग्रीका आधारमा तयार गरिएको हो ।)*

विष्णुप्रसाद आचार्य 'अतृप्त'

# पाँच प्रेमिल मुक्तकहरू



१.　तिमीले जस्तै मैले पनि पिएँ हिजो राति
च्यातिएको मनको तन्ना सिएँ हिजो राति
विनानिद्रा सयौँ चोटि ओल्टेकोल्टे गर्दा
छटपटीमै एक–दुई के.जी. खिएँ हिजो राति ।

२.　तिम्रो पनि दुख्ने मन छ, मेरो पनि त्यही छ
हामी दुईको दुखाइभित्र पक्कै त्यहाँ केही छ
कोट्याएर हेरौँ सानू ! दुईटै मनका घाउ बरु
थाहा हुन्छ सारा कुरा आखिर केचाहिँ रै'छ !

३.　मन परेको मान्छेलाई सबै थोक दिऊँझैँ हुन्छ
पानी प्यास मेटाउन उनकै याद पिऊँझैँ हुन्छ
प्रेमको मुहान रसाएर नसाभित्र स्नेह बग्दा
खुशी उतै सुम्पिएर पीडा एक्लै लिऊँझैँ हुन्छ ।

४.　रूपलाई सधैँ फूलको थुङ्गा बनाएर राख्नू
मनलाई चाहिँ खरीढुङ्गा बनाएर राख्नू
विचार–व्यवहार भन्ने कुरा समयले तोक्छ
यिनलाई तिमी छालको डुङ्गा बनाएर राख्नू ।

५.　आज नभए नि कुनै न कुनै दिन पक्कै हुन्थ्यो
विछोडको पीडामा कमलो मन पक्कै रुन्थ्यो
त्यो दिन आजै आयो, मैले नचाहेर पनि सानू
पीडा तिम्रो र मेरो थियो, पराईले किन सुन्थ्यो !

*प्रशासकीय अधिकृत, ग्रीड विकास विभाग, ने.वि.प्रा. रत्नपार्क*

लक्ष्मण मण्डल

# यो कस्तो दिन आयो ?



यो कस्तो दिन आयो–
घरमै बस, घुम्न नजाऊ
घरमै खाऊ, कसैलाई नबोलाऊ
हाँस-खेल एवम् मोज गर्दै
घर-परिवारसँगै रहने दिन आयो ।

यो कस्तो दिन आयो–
मज्जाले पढ्ने, सन्तुलित भोजन गर्ने
खूब व्यायाम गर्ने, भजन-कीर्तन गर्ने
ईश्वर-भक्ति, आत्मिक-चिन्तन
प्रभुमा तल्लीन हुने दिन आयो ।

यो कस्तो दिन आयो–
देश-विदेश आक्रान्त बन्यो
मान्छे-मान्छेमा पहिचान भयो
कस्तो अछूतो यो रोग एक-अर्कासँग
दूरी कायम राख्ने दिन आयो ।

यो कस्तो दिन आयो–
अन्त, आफन्त कतै नजाऊ
सरकारी स्वास्थ्य-नीति अपनाऊ
आफू स्वस्थ रही अरूलाई पनि
स्वस्थ रहन सघाउने दिन आयो ।

यो कस्तो दिन आयो–
यो प्रकृतिको कस्तो प्रभाव
गरिब, निमुखालाई गाँसको अभाव
विश्वभर प्रदूषणको मात्रा घट्दै छ
वायुमण्डल शुद्धीकरण हुने दिन आयो ।

यो कस्तो दिन आयो !

**जीवनाथ धमला**

# चिनियाँ होमस्टेतिर



घरबास अर्थात् होमस्टे क्षेत्रतिर जाने र ग्रामीण जनजीवनबारे जानकारी लिने भन्ने पूर्वनिर्धारित कार्यक्रमअनुसार हामी होटलबाट बिहान ९ बजे त्यसतर्फ प्रस्थान गरेका थियौँ । निकै टाढा, २ घण्टाजतिमा हामी त्यहाँ पुग्यौँ । सन् २०१७ को १५ जुन थियो ।

४/५ किलोमिटर वरैदेखि शान्त, दुई लेनका सडक, हरियालीले छोपिएको बस्ती, पक्की घरहरू छुट्टाछुट्टै, फूल, बुटाबुटीले कम्पाउन्ड घेरिएका, आँगनमा १/२ वटा कार पार्किङ गर्न सकिने, आँगनका भित्रपट्टि चारैतिर फूलबारीको घेरा, यस्तै चुटुक्क परेको ग्रामीण इलाकाहुँदै हामी अघि बढ्यौँ । निकै पर रहेछ हामी अडिने गाउँको छेउ । गाडी एउटा निकै फराकिलो आँगनमा पुगेर रोकियो । गाइडले केहीबेरमै छेउको एउटा भवनको भित्तामा भएको निकै लामो सूचना-पाटीनेर बोलाए । उनले त्यहाँ त्यस ग्रामीण बस्तीको नक्सा र त्यहाँका केही महत्त्वपूर्ण ठाउँ अनि तिनका सूचनाबारे जानकारी दिए । त्यो भवन त्यस ठाउँको गाउँपालिका भवन रहेछ । त्यसलाई काउन्टी अफिस भनिँदोरहेछ । २/३ जना त्यहाँका कर्मचारीहरू पनि हाम्रो टिममा मिसिए । तिनले हाम्रो टोलिका शान लियाङलाई चिनियाँ भाषामा केही भन्थे अनि शानले हामीलाई व्याख्या गर्थे । उनले दिएका विवरण त्यस गाउँकै विगत-वर्तमानका बारेमा थिए ।

टिमका अरू सबै अघिअघि गए । हामी टेलिभिजनकर्मीलाई सुटिङ पनि गर्दै जानुपर्ने थियो । अमितले सुटिङका लागि चाहिने सामग्रीको झोला बोके । विष्णुका हातमा क्यामरा थियो । मैले पनि अर्को झोला बोकेको थिएँ– विष्णु र अमितलाई चाहिने सामग्रीको झोला । हाम्रा साथमा टान थिइन् । उनी अलि चाँडो गरौँ है भन्दै थिइन् ।

हामी त्यस होमस्टे एरियाको छायाङ्कन गर्दै अघि बढ्यौँ । हाम्रो छायाङ्कन टोली त्यस गाउँका सफा, स्निग्ध साना पक्की बाटा, कुँडार, बँगैचा, करेसाबारीआदि सुटिङ गर्दै गयौँ । टोलीका अरू सबै जना कता गए, पत्तो भएन ।

हाम्रा साथमा टान छँदै थिइन् । उनी अघि लागेर हामीलाई जता-जता भन्दै गइन्; हामी त्यतै-त्यतैको छायाङ्कन गर्दै गयौँ ।

त्यहीँ बसिरहौँजस्ता दलान भएका घर पनि थिए । तिनमा प्लास्टिकका गुन्द्री बिछ्याइएका देखिन्थे– छेउमा ससाना टेबल, कुर्सी, झट्ट हेर्दा हाम्रै पहाडी घरको परिवेश झल्कने । आँगनमा कतै आमाहरू केही काम गरिरहेका देखिन्थे । घरको स्याहार-सम्भार गर्ने त आमाहरू नै देखिए त्यहाँ पनि । एउटी झण्डै ७० वर्ष नाघेकी आमा आँगनको बढारकुँडार गर्दै थिइन् । उनका नाति-नातिनीहरू त्यहाँ खेल्दै थिए । ठूला शहरमा समृद्धि अकासिँदो छ; सँगसँगै सुविधा, सौख र सन्तुष्टिका माध्यमहरू फरक छन् । शहर व्यस्त छ, हतारमा छ । उसलाई फुर्सद हुँदैन । त्यसैले शहरीजीवन जीवनका मिहीन आनन्दका पलहरूबाट टाढिँदै छ । तर, गाउँ भने शहरझैँ तडकभडकमा नरुमल्लिईकनै सुखी छ । सुखदुःख बाँड्नुपर्छ, सँगसँगै जिउनुपर्छ, त्यसमै आनन्द छ भन्ने भावनाबाट अझै टाढिएको छैन । त्यो पवित्रता, त्यो स्वच्छता र त्यसभित्र पाइने शान्ति वास्तवमा गाउँमा छ । मैले त्यहाँ आँगनमा देखेकी चिनियाँ आमामा आफ्नै आमाको प्रतिविम्ब देखेँ । के छ आमा सञ्चो-विसञ्चो ? भन्दै उनलाई भेट्न मन लागेको थियो । तर, ममा समय र भाषा दुवैका सीमा थिए । म साथीहरूसँग अर्कैतिर लागेँ । आफू गाउँको भएर होला; विदेशका गाउँहरू आफन्तजस्तै लाग्ने ! नचिने पनि चिनेचिनेझैँ, नदेखे पनि देखेदेखेझैँ र नपाए पनि केही पाइरहेझैँ ! गाउँले नै त हो– जीवनलाई कृत्रिम हुनबाट रोकिरहेको छ जहाँ पनि ।

लामो तार टाँगेर लुगा सुकाइएका देखिन्थे । अलि उता छेउमा टिनको छाना भएको ग्वालीमा काठपात, अलि बिग्रेका, भाँचिएका टेबुलकुर्सी थन्क्याएजस्तो देखिन्थ्यो । मलाई आफ्नै घरमा पो पुगेछु कि जस्तो लाग्यो । हामीले ३/४ वटा गल्लीमा छायाङ्कन गर्‍यौँ । अरू पनि घुम्दै त्यतै आइपुगे । शानले त्यहाँका २ जना घरपटीसँग अन्तरवार्ताका लागि समय मिलाएका रहेछन् । हामीले तिनीहरूको अन्तरवार्ता छायाङ्कन गर्‍यौँ । मैले त्यहाँको होमस्टेको व्यवस्थापन, उनीहरूलाई त्यसबाट हुने आम्दानी, अप्ठ्यारा-सफ्ठ्यारा कुरा सोधेँ । उनीहरूलाई शानले चिनियाँ भाषामा मेरा प्रश्नहरू राखिदिए । उनीहरूले आफ्नै भाषामा उत्तर दिए । मैले शानलाई उनीहरूले दिएका उत्तरबारे सोधेँ । शानले सङ्क्षेपमा बताएअनुसार होमस्टे प्रबन्धबाट मनग्य आम्दानी हुनेरहेछ । शहरतिरका व्यस्त मानिसहरू केही दिन पुनर्ताजगीका लागि आउने गर्दारहेछन् । होमस्टे व्यवसाय निकै राम्ररी चलेको

रहेछ । बेलाबेलामा विदेशीहरू पनि आउने गरेका रहेछन् । अन्तरवार्ता दिने ती घरपटीहरू बडो मिजासिला थिए ।

फेरि, अरू हिँडिहाले । हामी त्यहाँ नजिकैका गल्ली, गल्छेडाका दृश्यहरू छायाङ्कन गर्दै पछि-पछिजस्तै हिँड्यौँ । त्यहीँ अलि उतापट्टि क्या राम्रो पार्क देखियो ! टम्म रूखले ढाकिएको, बीचबीचमा केटाकेटी खेलिरहेका, अलि पाका मानिस छेउका फलैँचामा बसेर गफ गर्दै, हाँस्दै गरेका, उता परतिर होचो मन्दिर, त्यसमाथि गोलाकार घोप्टिएको टिनको छाना, २/४ जना मानिस त्यसकै छेउमा बसेका; पार्क स्थानीयहरूको भेटघाट गर्ने थलो रहेछ । हामी त्यहाँ धेरैबेर नअल्मलिई बाहिरियौँ । झण्डै ५ मिनटको दूरीमा अरू पर्खिरहेका रहेछन् । हामी पुगेपछि ८ जनाजति बस्न मिल्ने स्थानीय लरीमा अलि परको जङ्गलतिर लाग्यौँ ।

झण्डै ५ मिनट जङ्गलबीचको सानो सडकमा गुडेपछि बायाँतिर एउटा ठूलो भन्न सकिने पुरानो शैलीको भवन देखियो । हामी सबै त्यतैतिर लाग्यौँ । कति शान्त ठाउँ ! जङ्गलको बीचमा अलि होचोतिरको फाँटिलो खोल्सोजस्तो ठाउँमा त्यो भवन रहेछ । हामीलाई गाइडहरूले भित्रतिर देखाए । त्यो निकै पुरानो सङ्ग्रहालय रहेछ । त्यहाँ शताब्दिऔँ पहिलेका त्यस क्षेत्रका शासकहरू, उसबेलाको जनजीवन, संस्कृति झल्कने सामग्री, चित्रकला र फोटोहरू बडो व्यवस्थित ढङ्गमा सङ्ग्रह गरिएको रहेछ । ओहो ! चिनियाँहरू आफ्नो अतीतप्रति कति सचेत रहेछन् ! जहाँजहाँ गए पनि कला, सभ्यता र संस्कृतिलाई उसै गरेर संरक्षण गरेका छन् ।

हामी २० मिनटजतिमा त्यहाँबाट बाहिरियौँ । केही बाहिरी दृश्यहरू खिचिन् विष्णुले । बाहिरको सानु र सुन्दर पोखरीमा नजिकैको डाँडाको दृश्य टलपल-टलपल गरिरहेथ्यो । हामी त्यस सुन्दर एकान्त स्थलबाट अघिको होमस्टे एरियातिर फर्क्यौँ । हाम्रो गाडी त्यहीँको सडकछेउमै रोकिएको थियो; जहाँबाट सुन्दर घरहरू भरे आउने पाहुनालाई पर्खिरहेथे । हामी पाहुना त हुन सक्थ्यौँ तर त्यसको पूर्वयोजना थिएन । हामी अत्याधुनिक सुविधायुक्त होटल नारदाको ३ दिने पाहुना थियौँ; जहाँ होमस्टे गाउँको कुनै सुगन्ध थिएन । झण्डै साँझको ६ बजिसकेको थियो । हामी दिउँसो घुमघाम गरेको गाउँ छोडेर फर्कनु नै थियो । भौतिक रूपले त्यहाँको होमस्टेमा आफू बस्न नपाए पनि त्यस गाउँलाई मैले आफ्नो छातीको होमस्टेमा स्थायी रूपमा बस्ने ठाउँ दिएँ । त्यो थियो चीनको चेच्याङ प्रान्तको प्रसिद्ध शहर घाञ्झाउबाट बसमा जाँदा झण्डै २ घण्टा टाढा रहेको एक चिनियाँ गाउँ । ■■

अमरजीत कौंके

# उत्तरआधुनिक आलोचक



जब मैले
भोकलाई भोक भनेँ
प्रेमलाई प्रेम भनेँ
उनीहरूलाई नराम्रो लाग्यो ।

जब मैले
चरालाई चरा भनेँ
आकाशलाई आकाश
रूखलाई रूख
अनि शब्दलाई शब्द भनेँ
उनीहरूलाई नराम्रो लाग्यो ।

तर,
जब मैले
कविताको ठाउँमा
अकविता लेखेँ
स्त्रीलाई मात्र योनी भनेँ
रोटीको टुक्रोलाई जून भनेँ
कालोलाई गुलाफी भनेँ
कागलाई कुखुरा भनेँ

तब उनीहरूले भने
'वाह भाइ ! वाह ....!
क्या कविता छ भाइ !
वाह.... !'

■■

*पञ्जाब, भारत*

*(अनुवादः भविलाल लामिछाने र खडकराज गिरी, दार्जिलिङ)*

मनोरञ्जन मल्ल ठकुरी

# घर



एउटा घर थियो । सानो थियो तर आकर्षक थियो । ठूलो मेहनतले ठडिएको थियो त्यो घर ।

घरका सबै सदस्यहरू मिलेका थिए । सबै आ–आफ्नो काममा व्यस्त थिए । सधैँ नभए पनि हप्ताको एक दिन सबै सदस्यहरू एकै ठाउँमा बसेर भलाकुसारी गर्थे । नयाँनयाँ पाहुनाहरूलाई पनि निम्ता दिने गर्थे । कसरी घरको तला थप्ने ? कसरी नया संरचनामा घर तयार पार्ने ? कसरी सबै ठाउँमा यस्तै घर बनाउने भनेर सल्लाह गर्थे ।

यसका लागि सबैको सल्लाहमा घरमूलीको चयन पनि गरियो । भान्छे चयन गरियो । खाद्यान्न किन्ने मान्छे चयन गरियो । यसरी यो घर उदाहरणीय बन्दै थियो । छिमेकका अन्य घर र घरमुली यो घरको एकता देखेर जल्ने पनि गर्थे । यस घरका सदस्यहरूलाई भाँड्ने कोशिश पनि गर्थे तर यो घरको एकता यति मजबुत थियो कि छिमेकीहरूको प्रयास खेर गैरहेको थियो ।

अचानक केही दिन भयो, घलमूलीमा बेग्लै प्रकारको घमण्ड चुलिँदै गइरहेको थियो– यो घर मेरै प्रयासमा ठडिएको हो । इँटा, सिमेन्ट, छड, बालुवा सबै मैले गर्दा उपलब्ध भएको हो । मैले चाहेँ भने छिमेकका अन्य घरहरू भत्काइदिन पनि सक्छु र अरू घरमूलीहरूलाई बजाउन पनि सक्छु भन्ने भावना उसमा बढ्दै गइरहेको थियो ।

हुँदाहुँदा हप्ताको एक दिन बसेर छलफल गरेर रमाउने घरका सदस्यहरूलाई पनि तिमीहरू नभए पनि अब यो घर म चलाउन सक्छु; तिमीहरू यो घर छाडेर गए पनि म भाडामा मान्छे राखेर भए पनि घर चलाउँछु भन्न थालेको थियो ।

त्यो घरका परिवारहरूबीचमा एक प्रकारको आत्मीयता थियो । उनीहरू सबैतिर यस्तै घर बनाउन चाहन्थे । सबै परिवार एकै हौँ भन्न चाहन्थे ।

तर, अचानक एक दिन उसले घरको व्यवस्थापकलाई नै घरबाट निकालिदियो अनि भन्न थाल्यो कि– भान्छेले नै व्यवस्थापक बन्न सक्छ । सबै सदस्य मौन थिए । सायद उनीहरूमा कुनै बाध्यता थियो वा घरप्रतिको माया थियो । व्यवस्थापक बाहिर डेरामा बसेरै भए पनि आफ्नो घरको बारेमा सोचिरहन्थ्यो । घरमूलीको गल्तीमा उसले आक्रोश पोख्न खोजेको थियो तर छिमेकीले हेप्लान भनेर ऊ चुप लागिरह्यो ।

एक दिन उसले घरमूलीको चिठ्ठी पायो । त्यसमा लेखिएको थियो– अब तेरो सक्रियता चाहिएन । तैँले डेरामा बसेर यो घरको चिन्ता गर्न छाडिदे ।

पुनः एक पटक अन्य सदस्यहरू मौन बसिदिए । तर, त्यो मौनता त्यस घरका लागि राम्रो लक्षण नहुनेवाला थियो किनकि घरको धुरीमा बसेकाहरूलाई तल बैठक-कक्षमा के भइरहेको छ– कुनै चासो नै थिएन । घर भत्कियो भने के गर्ने ? छिमेकीहरू त ताली बजाउन समय पर्खिराखेका थिए ।

■■

*इन्जिनियरिङ सेवा निर्देशनालय*

**दीपक चौधरी**

# कम्बोडिया: विकासको पथमा लम्किँदै



- हाम्रो मानसपटलमा कम्बोडिया भन्नासाथ प्रायः 'युद्ध' तथा 'जर्जर' शब्द आउने गर्दछ । एक जमानामा सेतो हात्तीको देशको रूपमा चिनिने कम्बोडिया आज बिल्कुलै फरक लाग्नु स्वाभाविक र अस्वाभाविक दुवै छ । यद्यपि आज सेतो हात्ती यहाँबाट विलुप्त भएको छ, युद्ध पनि छैन । तर, विकासको पथमा राम्रै फड्को मारिरहेको लाग्न सक्छ । प्रजातन्त्रको सवालमा कम्बोडिया उत्तिसारो रुचाइने विषय नभए पनि यसको इतिहास, संस्कृति र विकासको सन्दर्भ नेपालका लागि चर्चा गर्नलायक मान्नुपर्छ । कम्बोडियाको गृहयुद्ध र विशेषगरी पोलपोटको नरसंहारका बारे धेरैले सुनेको हुनुपर्छ । त्यसैगरी प्राचीन हिन्दू धर्मग्रन्थहरूमा कम्बोडियालाई कम्बुज/खम्बुज देश भनिएको पनि सुनेको हुनुपर्छ । दक्षिण एसियाको बौद्ध-हिन्दू धर्मसंस्कृति अँगालेको कम्बोडियामा १९९० सम्म गृहयुद्ध थियो र सन् ९० को विश्वव्यापीकरणसँगै मुलुक सामान्यीकरणतर्फ उन्मुख भई आर्थिक फड्को मार्न सफल देखिन्छ ।
- भियतनामको हनोईबाट फर्कने क्रममा कम्बोडियाको सिमरिप अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिँदा कम्बोडियाका बारे सुनिएको 'जर्जर अवस्था' बिल्कुलै वाहियात लाग्यो । विमानस्थल सानै भए पनि अत्याधुनिक थियो । यहाँको इमिग्रेसनमा सेनाका अधिकारीहरू देखिन्थे । सिमरिप अन्तर्राष्ट्रिय एयरपोर्ट सानो भए तापनि आधुनिक थियो । यहाँबाट अंकोर मन्दिर करीब ४ किलोमिटरकै दूरीमा हुँदो हो । यहाँनेर मैले लुम्बिनीको २५ किलोमिटरवरपर कुनै फ्याक्ट्री तथा ठूला भौतिक संरचना बनाउन नपाउने र भएकालाई सार्ने प्रसङ्गलाई सम्झेँ । मलाई लिन एक जना गाइड आएका थिए । उनी हाम्रोतिरका थारु, राजवंशीजस्ता थिए ।
- सिमरिपको मुख्य सडक फराकिलो र सफा देखिन्थ्यो । होटलहरू साना, चिटिक्क परेका र निकै सस्ता थिए । यहाँको सवारीसाधनमा परम्परागत

रथ र आधुनिक मोटरसाइकलको समिश्रण 'टमटम' जताजतै देखिन्थे । अंकोर मन्दिर जाने क्रममा स्थानीय गाइड होयटसँग परिचय भयो । उनी बुद्धिष्ट थिए र इतिहासको राम्रो जानकार पनि थिए । उसले मलाई तपाईंको देशमा भएका सबै देवीदेउताहरू हामीकहाँबाट नै गएका हुन् भन्ने रोचक प्रसङ्ग सुनाए । उनी इतिहासका राम्रै जानकारजस्तो लाग्यो । मैले पनि तिनलाई "तपाईं त हाम्रोतिरका थारु, राजवंशीजस्तै देखिनुहुन्छ" भनैं । उनी मुस्कुराए । होटलको अगाडि तराईतिर देखिने बयलगाडा र हात्तीको सुन्दर मूर्ति थियो । यसैले होला– मलाई मोरङ तथा सुनसरीका गाउँहरूको झल्को लाग्यो । "यस्तो त हाम्रो गाउँतिर पनि छ, उतैबाट ल्याएको हो कि क्या हो ?" मैलै ठट्टा शैलीमा भने । हामी उनको गाडीमा अंकोर मन्दिरतिर लाग्यौं ।

- अंकोर मन्दिर प्रवेशमार्गभरि ठूलठूला डुङ्गाहरू भग्नावशेषको रूपमा यत्रतत्र देखिन्थे । यसलाई छिचोल्दै मुख्य अंकोर मन्दिर पुगिन्छ । यहाँको बिंह्म दृश्यको वर्णन गरी साध्ये छैन– अर्के कुनै लोकमा पुगेजस्तो लाग्ने । सुरुको प्रवेशद्वारको मन्दिरबीच आँगनमा कर्णप्रिय पूराना जमानाका कृष्णसम्बन्धी अङ्ग्रेजी सङ्गीत बजिरहेको थियो, एक अधबैंसे जोडी सङ्गीतमा झुमिरहेका थिए । मानौं– राधाकृष्ण सङ्गीतमा नाचिरहेका छन् । माहौल बडो राम्रो थियो । विदेशी पर्यटकलाई आकर्षण गर्ने उपायहरू राम्रो लाग्यो । मन्दिरका भित्ताहरूमा हिन्दू देवीदेउताका चित्रहरू कोरिएका थिए । ब्रह्मा, विष्णु महेश्वर, राम, सीता, रावण सबैका चित्र कोरिएका थिए । कलाकृतिमा यो ठाउँ पहिला कस्तो सम्पन्न थियो होला भन्ने कुरा यसबाट झल्किन्थ्यो । रामायण यहाँ धेरै लोकप्रिय रहेको अनुमान सहजै हुन्थ्यो । दुई वटा मन्दिरहरूको अवलोकन गर्दै अंकोर मन्दिरको पछाडि भागमा प्रवेश गर्‍यौं ।

  यसको अगाडि पुग्दा देखिएको दृश्यले मन आनन्दित भयो । संसारको सबैभन्दा ठूलो यो मन्दिर चित्रमा देखेभन्दा सुन्दर र अद्भुत लाग्यो । अंकोर मन्दिरमा देखिने सूर्यको चमकले मनमस्तिष्क तरङ्गित भएको अनुभूति हुन्छ र यो चमक अगाडिको पोखरीमा हेर्दा पानीमा देखिने सुन्दर इन्द्रेणीजस्तै लाग्ने । अंकोर मन्दिरको सुन्दरताको चमक पश्चिम दिशामा रहेको पोखरीमा प्रष्ट देख्न सकिन्थ्यो । निकैबेर यहाँ बसेर फोटोहरू लियौं र यसका बारे

गाइडसँग कुरा गऱ्यौँ । मैले किन उसले हामीकहाँका देवीदेउताहरू यहाँबाट गएको भनेको रहेछ बुझ्ने प्रयास गरे । यसको उत्तरमा रहेको विशाल बेयन मन्दिरको प्रवेशद्वारमा विष्णु, उनको वाहन गरूढ, र बानर-सेनाहरू बाटोको दुवैछेउमा लाइनबद्ध थिए, मानौँ– यिनले हामीलाई स्वागत गरिरहेका छन् । त्यहाँ भवन तथा मूर्तिका खण्डहरू यत्रतत्र लडेका थिए र ठूल्ठूला रूखहरू पलाएका थिए । यहाँ भने बुद्धका आकर्षक मूर्तिहरू थिए । मैले बुद्धको नाकमा आफ्नो नाक जोडेर बुद्धप्रति नतमस्तक गरेँ र आफ्नो भूमिलाई सम्झेँ । यो क्षण मेरा लागि आनन्दमय क्षण बनेको थियो । बुद्धले दुःखको निराकरणका उपाय बताएर आनन्दमय अर्थपूर्ण जीवन जिउन सिकाएका थिए । उनीप्रति म सधैँ कृतज्ञ छु– जीवनलाई सही जीउने उपाय दिएकोमा । अर्कोछेउमा प्रिरुपको अग्लो मन्दिर थियो– हाम्रो न्यातपोल मन्दिरजस्तो । यहाँबाट अंकोरको धेरै भाग देखिने रहेछ ।

यहाँ त्यसबेलाका राजपरिवारका मानिसहरूको मृत्यु-संस्कार हुन्थ्यो । यहाँबाट देख्दा अंकोर मन्दिरको परिसर निकै परपरसम्म देखिन्थ्यो– समुद्र हेर्दा देखिने क्षितिजजस्तो । बाह्रौँ शताब्दीमा बनाइएको यो अद्‌भुत कलाकृतिको सुन्दरताको वर्णन गर्न मसँग शब्दहरू थिएनन् । पोखरीको डिलमा अंकोरलाई हेर्दै कोटीकोटी प्रणाम गरेँ; शान्तिको अनुभूति भयो । मेरो यात्रा धन्य भएको सम्झे ।

- करीब २०० हेक्टरमा फैलिएको विश्व-सम्पदामा सूचिकृत यो अंकोर मन्दिर क्षेत्र एक दिनमा घुम्न सम्भव थिएन । करीब सन् १११३ देखि ११५० को बीचमा जयवर्द्धन दोस्रोले बनाएको यो मन्दिर मूलत हिन्दू; विशेषगरी दक्षिण भारतीय शैलीमा बनेको विश्वास गरिन्छ । त्यसताका यहाँ ठूलो शहर रहेको इतिहास पाइन्छ । कम्बोडियाको इतिहास, संस्कृति र पहिचान जे भने पनि यही खमेर सभ्यता नै रहेछ । यहाँको राष्ट्रिय झण्डामा पनि अंकोर मन्दिर इङ्‌गित छ । सुरुमा हिन्दू भए तापनि १४ औँ शताब्दीबाट यहाँ पूरै बौद्ध प्रभाव परेको रहेछ । हिस्ट्री अफ कम्बोडियाका लेखक डेभिट पी च्यान्डलरले खमेरहरू पछि बिस्तारै यहाँको स्थानीय खम्बुजासँग मिल्न पुगेको र यसमा बौद्ध धर्मले काम गरेको बताउँछन् । अंकोर भनेको विशाल र वाट भनेको मन्दिर रहेछ ।

- साँच्चि भन्ने हो भने पूर्वी कम्बोडियाको रहनसहन र हावापानी नेपालको पूर्वी तराईसँग मिल्दोजुल्दो छ । सिमरिम बजार बिराटनगर तथा भद्रपुरजस्तो लाग्न सक्छ । यहाँ धेरै अग्ला घरहरू भेटिँदैनन् । थारु, राजवंशी, धिमाल जस्ता मानिसहरू यहाँका प्रमुख सामाजिक समूहहरू हुन् । यहाँनेर मलाई इतिहासकार इमानसिंह चेम्जोङले लेख्नुभएको 'कोच किराँत'को सम्झना आयो; जुन कम्बोडियादेखि नेपालसम्म फैलिएको बताएका छन् । स्थानीय मानिसहरूमा लुङ्गी लगाउने चलन छ यता । बाटोमा घुङ्ही बेचेको देख्न सकिन्थ्यो, यसले सुनसरीको खनार तथा दुहबीमा बेच्न राखिएको घुङ्हीको याद दिलायो ।

- सिमरिम नदीको दुवै किनार बेहुला-बेहुलीझैँ सिँगारिएका छन् । यहाँ 'पप मार्केट' पनि रहेछ । यसले रात्रिकालीन जीवनलाई जीवन्तता दिएको पाइन्छ । बाटोको दुवैछेउमा सडकसम्म राखिएका कुर्सीटेवलहरू विदेशीहरूले भरिभराउ थिए । कम्बोडियामा यहाँमात्र पपस्ट्रिट रहेछ । त्यस्तो 'भल्गारिटी' कहीँ कतै देखिएन । एउटा टेबलमा बसेर यहाँको स्थानीय बियर खाँदै साङ्गीतिक कार्यक्रमको आनन्द लिएँ । जिन्स पाइन्ट र भेस्टमा दुई युवतीको अङ्ग्रेजी गीत र एक युवकको गितारको संसारमा हराएको पत्तै भएन । मानौँ– हाम्रो सौराहाको डीलमा बसेर आनन्द लिइरहेको छु ।

- सिमरिमदेखि कम्बोडियाको राजधानी नोन्पेहको बाटो राम्रो थियो । यसबाट पनि कम्बोडियाले मार्दै गरेको फड्कोको अनुमान लगाउन नसकिने होइन । नोन्पेह एयरपोर्ट आधुनिक सुविधासम्पन्न र धेरै ठूलो रहेछ । बाटामा मोनोरेल, फ्लाइओभर पूलहरू र गगनचुम्बी भवनहरू बन्दै गरेका देखिन्थे । मुख्य शहरका बाटाघाटाहरू राम्रै थिए, पीच उप्किएका थिएनन । वाटनोन्म चोक असाध्यै आकर्षक थियो । बाटो निकै फराकिलो थियो– सय मिटरभन्दा बढीको हुँदो हो । यसको वरपर राजप्रसाद, प्रधानमन्त्री कार्यालय तथा मन्त्रालयहरू रहेका छन् । यहाँको सस्तो र पुरानो मार्केट बडो व्यवस्थित लाग्यो; जुन सरकारले बनाइदिएको रहेछ । विदेशीहरू पनि सामान किन्न यहाँ आउने रहेछन् । यहाँनेर मैले भृकुटीमण्डपको बजारलाई सम्झेँ । यहाँका मानिसहरू मिलनसार, मेहनती र अनुशासित लाग्यो र बजार गर्न निकै सिपालु । चाइनिज तथा थाइहरूजस्तै । त्यसैले यहाँ व्यापार-व्यवसाय चाँडो

फस्टाएको जस्तो लाग्यो । काम भनेपछि जस्तोसुकै काम गर्न पछि नपर्ने । बजारमा मलाई भात खाँन लाग्न लाग्दाको क्षण सम्झन्छु; जुन मेरा लागि आविष्मरणीय रहँदै आएको छ । लठ्ठीले च्यापेर खान नसक्दा होटलकी साहुनीले 'बिचरा' भन्दै चम्चा दिएको सम्झन्छु ।

- नेपालको चितवनका पौडेल थरका एक युवक एक पन्जावी होटल चलाएर ७ वर्षदेखि यहाँ बस्दै आएका रहेछन् । उनले यहाँ थोरैमात्रामा नेपाली रहेको बताए । यहाँको आर्थिक फड्कोलाई हेरेर होला; उनी भविष्यमा नेपालीहरू यहाँ आउने क्रम बढ्न सक्ने बताउँछन् । उनले बडो मीठो नेपाली खाना खुवाए र अलि बढी मासु र तरकारी थपेर आत्मीयता देखाए । उनी खुशी देखिन्थे र आफ्नो देश पनि विकासको फड्को मारेको हेर्ने उनको इच्छा रहेछ ।

- नोन्पेन्हको 'टुवल स्लागं जेनोसाईड' म्युजियम विदेशीहरूका लागि प्रमुख आर्कषणको केन्द्र रहेछ यहाँ । यो कम्युनिष्ट पोलपोटको शासनकालमा निर्मम यातना दिने प्रमुख यातनागृह थियो । सन् १९७५ मा पोलपोटलले नोन्पेन्ह कब्जा गरेपछि विरोधी तथा शङ्का लागेका सबैलाई यहाँ यातना दिइन्थ्यो । पोलपोटको चित्र कोरेवापत पुरस्कारस्वरूप यस कालकोठरीको मृत्युको मुखबाट बाँच्न सफल बोमेङ्गसँगको भलाकुसारीबाट धेरै अँध्यारा पाटाहरू थाहा भयो । मानिसहरूलाई यातना दिएका तस्वीरहरू हेर्दा मुटु सिरिङ्ग हुन्थ्यो । ससाना अध्यारा कोठाहरू कालकोठरीहरू जस्ता थिए । दिसापिसाव गर्नलाई त्यहीँ साना फलामका भाँडाहरू राखिएका थिए । पोलपोटकाललाई कम्बोडियामा अन्धकार युगको रूपमा चित्रण गर्ने गरिन्छ । एक तथ्याङ्कअनुसार पोलपोटको क्रूर शासनकालमा तिनको हत्याहिंसा र पुरानो संरचना ध्वंश गर्ने कृयाकलापका कारण भोकमरीलगायतबाट करीब २५ लाख मान्छे मरेका थिए । सन् १९७९ मा भियतनामी सेनाको सहयोगमा हुनसेनको नेतृत्वमा पोलपोट शासनको अन्त भयो र तिनै हुनसेन आज एकछत्र राज गर्दैछन् ।

- विश्वबैङ्कको एक प्रतिवेदनअनुसार २ दशकयता करीब ७ प्रतिशत हाराहारीको आर्थिक बृद्धि दर कायम गर्दै आएको छ कम्बोडियाले । मानव विकास सूचकाङ्कमा नेपालभन्दा एक खुड्किलो माथि रहेको कम्बोडियाको

सामाजिक अवस्था भने नेपालभन्दा अलि तल देखिन्छ । यद्यपि, भौतिक पूर्वाधार विकास, इनोभेटिभ र प्रविधि ग्रहण गर्ने सवालमा कम्बोडिया नेपालभन्दा निकै अगाडि लाग्न सक्छ । यहाँ तीन वटा अन्तर्राष्ट्रिय विमानस्थलहरू छन् । हाइवे निर्माण र रेल निर्माणमा निकै अगाडि बढ्दै गरेको देखिन्छ । कम्बोडिया अहिले वैदेशिक लगानीको प्रमुख केन्द्र बनेको छ ।

तुलनात्मक (मलेशिया, थाइल्याण्ड) सस्तो कामदार र बजारको दृष्टिकोणले यसको भूअवस्थिति राम्रो मानिन्छ । पर्यटक उद्योगले राम्रो गति लिएको देखिन्छ, वर्षमा पचास लाखभन्दा बढी पर्यटक भित्र्याएको तथ्याङ्क छ यहाँ; जुन नेपालभन्दा पाँच गुढा बढी हो । नेपालसँगको सामाजिक-सांस्कृतिक तथा आर्थिक पक्ष मिल्ने कम्बोडियाले विगत दुई-तीन शताब्दीयता राम्रै आर्थिक प्रगति गरिरहेको प्रष्ट देख्न सकिन्छ । युद्धले जर्जर बनेको कम्बोडियाको आधुनिकीकरणको फड्को वास्तवमै सिक्नलायक छ ।

■■

*उपप्रवन्धक,*
*आयोजना विकास विभाग, इन्जिनियरिङ निर्देशनालय*
***dipak10@gmail.com***



रामेश्वर राउत मातृदास



# असंवैधानिक ईम्बोष्ड नम्बर नेपाली अस्तित्वमाथि भएको विषाक्त हमला

भाषा मानव समाजको महानतम् र सर्वोत्तम प्राप्ति हो । जलचर, थलचर, उभयचर र नभचर सबै प्राणीहरूको आ-आफ्नो भाषा छ । कथ्य, लेख्य र साङ्केतिक गरी भाषाका तीन रूप हुन्छन् । यी तीन रूपहरूमध्ये लेख्यरूप भाषाको सर्वाधिक महत्त्वपूर्ण र प्रभावशाली माध्यम हो । लेख्य भाषाका लागि लिपिको आवश्यकता अनिवार्य हुन्छ । अधिकांश जाति र भाषाको आफ्नो लिपि नहुनाले अरूको भाषाको लिपि लिएर आफ्नो भाषाको लेख्य रूप चलाइराखेको पाइन्छ । जस्तो- जापानको खाञ्जी भाषा चिनियाँ भाषाको लेख्य लिपि लिएर विकसित भैराखेको छ । अङ्ग्रेजी भाषाको पनि आफ्नो मौलिक लिपि छैन । अङ्ग्रेजी भाषाले पनि रोमन भाषाको लिपि र वर्णाक्षरहरू सापट लिएर आफूलाई मुखर गर्दै आइरहेको छ । संसारका अधिकांश जातिको लिपि र वर्णाक्षरहरू नै नभएकाले अन्य प्राणीहरूले जस्तै उनीहरूको भावना कथ्य र साङ्केतिकमा मात्र सीमित हुन्छ । कथ्य र साङ्केतिक मात्र हुनाले उनीहरूको आफ्नो मौलिक साक्ष्य प्रमाण हुँदैन ।

यस अर्थमा हामी नेपालीहरू सौभाग्यशाली छौँ । देवानगरी लिपि र संस्कृत एवम् प्राकृत (नेपाली) जस्तो संसारकै उत्कृष्ट र सर्वोन्नत लिपि तथा वर्णाक्षरहरूबाट विकसित भएको भाषा हामीहरूलाई प्राप्त छ । देवनागरी लिपिमा आधारित भएका चौसठ्ठी (६४) वटा वर्णाक्षरहरूमध्ये हाल प्राकृत (नेपाली) भाषामा बाउन्न वटा (५२) वर्णाक्षिरहरू निरन्तर रूपमा कामयावी भैराखेका छन् । भाषा सार्वभौमसत्तासम्पन्न राष्ट्रको अस्तित्वको मूल मेरूदण्ड र आमनागरिकहरूको गर्व र गौरवको आडस र ढाडस हो । कुनै पनि जातिको अस्तित्व र महत्त्व आँकलन गर्ने सर्वाधिक विश्वसनीय माध्यम भनेकै सभ्यता एवम् संस्कृति, रीति, रिवाज तथा परम्परा नै हो । यी सबैको मुटु र मेरूदण्ड अथवा प्राणशक्तिकै रूपमा लिपि र वर्णक्षरहरू रहेका हुन्छन् । भाषामा भएका वर्णाक्षरहरूलाई लोप गराउनु भनेको

लिपिको समेत समाप्ति हो । प्राण र शरीरको मिलन नै जीवन भनेजस्तै वर्णाक्षर हरूको सम्पुष्टिबाट मात्रै लिपिको अस्तित्व, महत्त्व र प्रभावकारिताले निरन्तरता पाइरहेको हुन्छ । भाषागत रूपमा हामी सम्पूर्ण नेपालीहरूलाई प्राप्त भैराखेको यो महानतम् सौभाग्य र अवसरलाई आज हाम्रै अनुहारका केही कुलाङ्घार, विवेकहीन र बेइमानहरूका कारण आफ्नै भाषाको देवनागरी लिपि र वर्णाक्षर हरूलाई नै चिरकालपर्यन्तसम्म हाम्रा सन्तान-दरसन्तानहरूले लेख्न, देख्न र प्रयोग गर्नबाट धमाधम बञ्चित बनाइँदै छ । यो भाषिक अत्याचार र बेइमानीका विरोध विरूद्धमा हामी सम्पूर्ण जिम्दा नेपालीहरू बिम्झनैपर्ने अवस्था आएको छ ।

हामी जिम्दा नेपालीहरू नै जागेनौँ, लागेनौँ र बिम्झेनौँ भने केही वर्षपछि हामी सम्पूर्ण नेपालीहरूलाई कथ्यमा मात्र परिसीमित राखेर वर्णाक्षरहरू र देवनागरी लिपि नै गायब बनाउन भाषामाफिया र तस्करहरूको विषाक्त उद्देश्य र अभियान कोरोनाजस्तै मौलाइरहेको छ । यी मानव कोरोनारूपी भाषामाफिया र तस्कररूपी विषाक्त भाइरसहरूको घोषित लक्ष्य दश (१०) वर्षभित्र नेपाल र नेपालीहरूलाई सम्पूर्ण रूपले लेख्य भाषाविहीन बनाउने रहेको देखिन्छ । यो असंवैधानिक, गैरकानूनी भाषिक अत्याचारलाई जिम्दा र जाग्दा नेपालीहरूले सम्पूर्ण रूपमा परास्त गर्नैपर्दछ । यो वर्तमान समयको ज्वलन्त, जीवन्त र अनिवार्यता हो । देवनागरी लिपि र वर्णाक्षरहरू गोप्य रूपमा समाप्त बनाएर संस्कृत भाषालाई मृत भाषा (Dead Language) भनाउन र भन्न लगाएर विस्थापित गराएजस्तै दशवर्ष (१०) भित्र नेपाली भाषालाई सम्पूर्ण रूपमा प्रयोजनहीन बनाउने भाषिक अत्याचारको एउटा जीवन्त र ज्वलन्त नमूना हो, 'इम्बोष्ड नम्बरप्लेट' (सवारी सङ्ख्यापाटी) ।

मूलतः सवारीसाधनहरूमा प्रयोग हुने सवारी सङ्ख्यापाटी (नम्बरप्लेट) नितान्त ट्राफिक प्रहरी प्रयोजनका लागि मात्र हो । सवारीसाधन सञ्चालकले सवारीसाधन चलाउँदा कथमकदाचित रोडमा कुनै किसिमको सवारी दुर्घटना भयो भने उक्त दुर्घटना के कारणबाट, कसरी भयो र त्यस दुर्घटनामा कुन पक्षको लापरवाही, असावधानी वा भवितव्यबाट भयो– त्यसको समुच्चा-समुच्चै छानविन गरेर दोषी पक्षलाई दण्डित र निर्दोष पक्षलाई न्याय दिनका लागि सवारीसाधन र सवारीचालक पहिचान गर्ने सङ्केत हो सवारी नम्बरप्लेट अर्थात् सवारी सङ्ख्यापाटी । यसरी सवारीसाधनमा प्रयोग हुने नम्बरप्लेट विश्वका सम्पूर्ण देशहरूले आफ्नो देशका नागरिकहरूको जिउधनको सुरक्षार्थ आफ्नै देशका भाषा र अक्षरहरू नै प्रयोग गरेका हुन्छन् ।

हाम्रो देश नेपालमा पनि प्रारम्भिक चरणदेखि नै हाम्रो भाषामा भएका वर्णाक्षरहरू र देवनागरी लिपि नै हाम्रो देशभित्र सञ्चालित भएका यातायातका साधनहरूमा प्रयोग हुँदै आइरहेको छ । नेपालको संविधान २०७२ को धारा ७(१) ले 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ' भनेर किटानी संवैधानिक प्रावधान प्रष्ट पारिदिएको छ । संविधानको संवैधानिक प्रावधानभन्दा बाहिर गएर कुनै पनि व्यक्ति वा संस्थाले आफ्नो मनोमानी ढङ्गबाट नियम, नीति वा व्यवस्था गरेर अन्यथा गर्न/गराउन नदिनका लागि संविधानको धारा १(१) ले 'यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ' भनेर संविधानभन्दा बाहिर गएर कुनै पनि व्यक्ति वा निकायले आफूखुशी मनोमानी ढङ्गबाट नियम, नीति, विधि–व्यवस्था गर्न नहुने र नपाइने किटानी संवैधानिक प्रावधान तय गरिदिएको छ ।

सार्वभौमसत्तासम्पन्न राष्ट्र, जनता र आफ्नो जन्मजात स्वाभिमान र स्वाधिनता भन्दा बेग्लै र माथिल्लो तहमा कुनै पनि पद र पदासीनहरू छैनन् र हुँदैनन् । पैसा र प्रविधि मान्छेले आफ्नो आवश्यकता परिपूर्तिका लागि बनाएको साधन हो । पैसा र प्रविधिले हामीलाई जन्माएको हैन । प्रविधिले हाम्रो भाषा, साहित्य, कला, संस्कृति, रीति, रिवाज, धर्म र परम्पराहरूलाई बिगार्दैनन् । प्रविधिलाई दोष लगाएर गोप्य बेइमानी र बदमासी गर्ने केही विषाक्त चिन्तन र मनस्थिति बोकेका मान्छेहरू नै हुन् । यसैले दोष प्रविधिलाई हैन बेइमान गर्ने दोषी मान्छेलाई दण्डित गर्नु अनिवार्य छ । आज आएको प्रविधि प्रयोग गर्दा संसारका सबै राष्ट्रिय र सामाजिक अस्तित्व र महत्त्व वृद्धि हुने, सुध्रिने, संरक्षण हुने र हाम्रोचाहिँ भएका पनि भत्कने, बिग्रने र अस्तित्व नै नरहने कसरी हुन्छ ? के हाम्रो अस्तित्व समाप्त पार्ने र अरूको जति बचाउने उद्देश्यले बनेको हो आधुनिक प्रविधि ? यही प्रविधि प्रयोग गर्दा संसारमा अरू सबैका कुरा रहने, हाम्रोचाहिँ समाप्त हुन्छ भन्ने प्रयोजनहीन लिँडे र गोप्ते तर्क हाम्रा हकमा मान्य र स्वीकार्य छैन र हुँदैन ।

यसैगरी संविधानको धारा २८ ले नेपाल सरहदभित्र बसोबास गर्ने सम्पूर्ण नेपाली नागरिकहरूलाई गोपनीयताको संवैधानिक हक प्रत्याभूत गरेको छ । जसअन्तर्गत 'कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी गोपनीयता कानूनबमोजिक बाहेक अनतिक्रम्य हुनेछ'

भनेर गोपनीयतालाई मौलिक हकको सशक्त संवैधानिक अधिकार प्रत्याभूत गरिदिएको प्रष्ट छ ।

कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकालगायतका कुनै पनि व्यक्ति वा निकायबाट मौजुदा संविधान संशोधन वा खारेज नभएसम्म मनोमानी निर्णय वा ओदश वा विधिव्यवस्था गर्न मिल्दैन र कथमकदाचित कुनै व्यक्ति वा संस्थाले असंवैधानिक कार्य गरे/गराएमा त्यस्तो असंवैधानिक कार्य नगर्नू/नगराउनू भनेर नेपालको संविधान २०७२ को धारा १३३ (२) र (३) ले प्रत्याभूत गरेको असाधारण अधिकारक्षेत्र ग्रहण गरेर सम्मानित सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायतका उपयुक्त आदेश जारी गरेर, भए/गरेका असंवैधानिक कार्यलाई पूर्णतः बन्देज लगाउन सक्ने प्रष्टतः संवैधानिक प्रावधान संविधानतः अद्यावधि मौजुदा छ ।

आफ्नै भाषाले प्रागऐतिहासिक कालदेखि नै अवलम्बन गर्दै आइरहेको वस्तुगत र विज्ञानसम्मत पुष्टि–प्रमाणित भैसकेका वर्णाक्षरहरू र देवानगरी लिपिलाई आफ्नै देशको मौजुदा संविधानको उल्लेखित प्रावधानहरूलाई जानाजान मिचेर असंवैधानिक र गैरकानूनी 'ईम्बोष्ड नम्बरप्लेट' लागू गर्ने सम्झौता गरेर आम नागरिकहरूसँग गैरकानूनी शुल्क असुल गर्ने कार्यले पूर्णतः सार्वभौमसत्तासम्पन्न नेपाल र आमनेपाली नागरिकहरूको नैसर्गिक संवैधानिक भाषिक अधिकार र गोपनीयताको हकलाई पीडादायी हमला गरेको हो । यो असंवैधानिक 'ईम्बोष्ड नम्बरप्लेट' सम्पूर्णरूपले आपत्तिजनक अत्याचार हो । यो असंवैधानिक कार्यबाट नेपाली सेना, सशस्त्र बल, जनपथ प्रहरी, गुप्तचर निकाय एवम् उच्चपदस्थ र आमनेपाली नागरिकहरूको संवैधानिक मौलिक हकअन्तर्गत प्राप्त भएको भाषिक र गोपनीयताको हक समाप्त पार्नुका अतिरिक्त हाम्रा सन्तान–दरसन्तानहरूले देवनागरी लिपिमा आधारित भएका अङ्क र अक्षरहरू लेख्न, देख्न र प्रयोग गर्नबाट चिरकालपर्यन्त बन्देज लगाउने पीडादायी पर्खाल खडा गरिदिएको छ ।

'ईम्बोष्ड नम्बर प्रयोगबाट सवारी दुर्घटना हट्छ, घट्छ र सवारीसम्बन्धी सबै समस्याहरू समाधान हुन्छ भन्ने कपोलकल्पित, झुट र भ्रम फैलाएर तथाकथित भाषामाफिया, तस्कर र बेइमानहरूले आमनागरिकहरूलाई असंवैधानिक कार्य गर्न/गराउन बाध्य र विवस बनाइराखेका छन् । यो सरासर दण्डनीय अपराध र अन्याय हो । नम्बरप्लेट प्रयोगले सवारी दुर्घटना घटाउने र बढाउने हुँदै हैन । सवारीसाधनको दुर्घटा न्यून गर्न सक्ने वस्तुगत र विज्ञानसम्मत वास्तविकता सडकको अवस्थाले हो । यो असंवैधानिक 'ईम्बोष्ड नम्बर प्रयोग'बाट नेपालका

ट्राफिकमात्र नभएर नेपाली सेना, सशस्त्र बल, जनपथ प्रहरी, गुप्तचर निकाय, राष्ट्रपति, प्रधानमन्त्री, प्रधान सेनापति, प्रधानन्यायाधीशलगायत सार्वभौमसत्तासम्पन्न सम्पूर्ण नागरिकहरूको गोपनीयताको अस्तित्व, महत्त्व एवम् भाषिक अधिकारलाई यो कोरोनारूपी ईम्बोष्ड नम्बरप्लेटले समाप्त पार्ने निश्चित छ । यो असंवैधानिक अत्याचार नेपाल र नेपालीहरूमाथि गरिएको विषाक्त हमला नै हो । यो पीडादायी विषाक्त अत्याचार त्याज्य छ, त्याग्नैपर्दछ ।

देशभन्दामाथि कोही पनि छैन । मूर्खतापूर्ण पदीय दम्भ र दुर्भावना कसैले नदेखाए हुन्छ । देश छ र आज सबै उच्च पदहरू छन् र पदीय सैसेलो गर्ने अवसर प्राप्त भएको छ भन्ने वस्तुगत वास्तविकता सबैले राम्रोसँग बुझ्दा हुन्छ । यो असंवैधानिक 'ईम्बोष्ड नम्बरको पासो' ले देशको सार्वभौम अस्तित्वको छातीमा निर्ममतापूर्वक छुरा प्रहार भएकै हो । कुनै पनि जिम्दा नेपालीले यो असंवैधानिक अत्याचारलाई स्वीकार र समर्थन गर्नेछैनन् र गर्न हुँदैहुँदैन । आफ्नै भाषाको देवनागरी लिपि र वर्णाक्षरहरू समाप्त पार्ने र आफ्नै गोपनीयताको हक समाप्त पार्ने अत्याचार स्वीकार गर्नेहरू त जिम्दा लासहरू हुन् । त्यस्ता जिम्दा लासहरूको चिहानलाई समेत समयले थुक्ने छ, धिक्कार्ने निश्चित छ ।

आफ्नो संविधानले किटानी व्यवस्था गरेको, भारतको संविधानले समेत मान्यता दिएको, नेपाल सरहदभित्र बसोबास गर्ने सर्वाभौमसत्तासम्पन्न नेपाली र संसारका अन्य विभिन्न भूभागमा बसोबास गर्दै आएका सम्पूर्ण नेपालीहरूको नैसर्गिक भाषिक अधिकारमाथि धावा बोल्ने अत्याचारको साङ्लो हो यो– असंवैधानिक 'ईम्बोष्ड नम्बरप्लेट' । हामीहरूलाई यसको कुनै जरूरी र आवश्यकता छैन, छँदैछैन । यस संसारकै भाषाहरूका लिपिहरूमध्ये सबैभन्दा उत्कृष्ट, जेष्ठ, श्रेष्ठ र सर्वोन्नत देवनागरी लिपि र सम्पूर्णरूपले वस्तुगत र विज्ञानसम्मत्, ध्वनि विज्ञानसँग अभिन्न रूपमा तादाम्य भएका हाम्रा (६४) चौँसठ्ठीवटा वर्णाक्षरहरूलाई घात गर्न र देवनागरी लिपिमा आधारित भएका अङ्कहरूलाई समाप्त पार्ने विषाक्त अन्तर्य बोकेर आएको हाम्रो भाषा र गोपनीयताको हक हडप्न ल्याइएको यो असंवैधानिक 'ईम्बोष्ड नम्बरप्लेट' हाम्रा लागि कोरोना भाइरसभन्दा खतरनाक छ, यसलाई अनिवार्यतः त्याग्नै पर्दछ ।

■■

वशिष्ठधाम, निभर दिलचेत, सिन्धुबस्ती

सुमी लोहनी

# प्रतीक्षारत



बिछ्याइरहेँ परेली तिमी आउने बाटैमा
आएनौ तिमी भरियो आँसु निरास आँखैमा
तस्वीर तिम्रो लुकाई मैले राखेको तिनैमा
भिज्यो नि आज आकृति तिम्रो नुनिलो आँसुमा ।

यो छातीभित्र, यो मुटुभित्र तिमी नै बसेको
भन त फेरि यसरी किन छुरा नै धसेको ?
दुख्दै छ मुटु, पोल्दै छ छाती तिम्रो नै यादमा
तैपनि बाँकी छ आशा मेरो उदास मनमा ।

बिभ्म्यो कि काँडा, लाग्यो कि ठेस ती तिम्रा पाउमा ?
रोक्यो नि केले बाटो, न भयो विसन्चो गाथैमा ?
लाग्दछ डर, धड्किन्छ मुटु, आत्तिन्छु झनै म
के भयो भनी विह्वल बनी अधैर्य हुन्छु म ।

प्रतीक्षामात्रै सधैँ नै कति गरेर बसूँ म ?
पिँजडा तोडी, बन्धन काटी उडूँ कि आज म ?
बालेर बत्ती, कुरेर बसिरहूँ कि ढोकैमा ?
पर्खाल नाघी तरेर नदी आऊँ कि साँझैमा ?

■■

*भाटभटेनी, काठमाडौँ*

ध्रुवराज प्रसाई

# सुविधावञ्चित समूहमा साक्षरता



समयको अन्नत यात्रामा मानिसका अनुभूतिहरूले विश्वब्रह्माण्डलाई कहीँ शीतलता प्रदान गऱ्यो त कहीँ तेजाप ! सृष्टिको सृजनामा लुटपुटिएर प्रकृतिको निरन्तरतासँगै मानिसले हातेमालो गर्दै उन्नतिको शङ्खघोष गरेको यो क्षणसम्म आइपुग्दा मानिस-मानिसबीच जात, धर्म, वर्ण, अर्थआदि विभिन्न आधारमा विभेदका पर्खालहरू निर्माण भएका छन् । फगत ती पर्खालहरू ! सृष्टिको सुन्दरतामा सुसाउन अवरोध गर्ने, आनन्दको रसानुभूति गर्न बाधा पार्ने अनि बगैँचाका कोपिला फक्रन नदिने गृष्मको प्रचण्ड तापझैँ सुसभ्य समाजनिर्माणका घातप्रतिघातका लागि निर्माण भएका ती पर्खालहरू ।

सुविधा, जीवन भोगाइको सहजता अनि सहजताभित्रको सुरम्यता; जसले जीवनलाई सुखी, खुसी र आनन्दित तुल्याउँछ । सुविधाले सृजनाको बाटो तय गर्छ । जब जब हरेक सुविधाहरूको उपभोग मानिसले गर्न थाल्यो; ऊ नवीनतम ज्ञानको खोजीमा लीन पनि हुन थाल्यो वा भनौँ– मानिस ज्ञानको खोजीमा एकोहोरिँदै जाँदा सुविधाका महलहरू पनि ठडिँदै क्रमशः आजको स्वरूपमा विश्वले विचरण गरिरहेको छ । टाइबर नदीको किनारमा हुर्किएको सभ्यता होस् वा सिन्धूघाँटीको सभ्यता । सृष्टिकालमा समान स्वरूपबाट विकास हुँदै गएको मानिस कालान्तरमा फरक स्वभाव र स्वरूपमा विश्वको कुनाकाप्चामा जीवन धान्न सङ्घर्ष गरिरहेका छन् । यात्रा त यात्रा न हो । उम्दा स्वभावजन्य प्राणी कोही समयमै गन्तव्यमा पुग्छन् त कोही यात्रा अधुरै छाडेर विलीन हुन्छन् । जीवनको क्षणभङ्गुरतासँगै मानिसले गरेका उन्नति र प्रगतिका कारण कोही सफलताको शिखरमा छन् त कोही प्राण बचाउन घिस्रिरहेका छन् । ज्ञान, वुद्धि, विवेक, चेतना, समय, परिस्थिति, स्रोत-साधन, उपयोगको क्षमता, मेहनत, भौगोलिक अवस्था, नेतृत्वलगायत तमाम विषयले गर्दा सँगै यात्रामा निस्किएको मानिस कोही सुविधासम्पन्न त कोही सुविधाबाट वञ्चित हुनपुगेका छन् ।

अमेरिकन अमेजन वनमा बस्ने बोरा होस् कि अफ्रिकी पिग्मी वा ग्रीनल्याण्ड र साइवेरियनमा भौँतारिएका एस्किमो हुन्; सबै मनुष्यका सुन्दर

सृष्टि । दैलेख र सुर्खेततिरका कुसुण्डा हुन् कि सङ्खुवासभातिरका कारभोट वा फिरन्ता राउटे वा लोपोन्मुख किसान– सबै मनुष्यका सुन्दर चोला । उत्तर आधुनिकतामा पुगेको मानव-समुदाय पृथ्वी युगबाट चन्द्रमा र मङ्गलको युगमा पदार्पण गर्दै गरेको यो गतिशील समयमा कोही सन्तति गाँस, वास, कपास ज्ञानआदिको अभावमा विकासको स्वाद चाख्न नपाएर सुविधाबाट वञ्चित हुन पुगेको तथ्य हेर्दा विश्वको प्रगतिको यो तीव्रतालाई गिज्याइरहेको अनुभूति हुन्छ । पछि परेका यी सन्ततिहरूलाई हातेमालो गर्दै सँगसँगै अगाडि बढाउन विश्व मानव-समुदायले मानव-समुदायकै लागि समर्पण गर्ने समयको सृजना भएको छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवासजस्ता आधाभूत मानवअधिकारको अभावमा जोखिमपूर्ण जीवन चलाइरहेका तथा राजनीतिक, आर्थिक, सामाजिक रूपले पछाडि परेका, पारिएका, विभेद, उत्पीडन तथा भौगोलिक विकटताको कारण सेवा-सुविधाको उपयोग गर्न नसकेका, मानव-विकासको स्तरभन्दा न्यून स्तरमा रहेका समुदाय नै सुविधाबाट वञ्चित समुदाय हुन्; जो हाम्रै छरछिमेक र समाजका सदस्य हुन्; हाम्रै इष्टमित्र हुन्; अनि मानवजातिका सन्तति ।

वञ्चिती रहर होइन– बाध्यता हो । बाध्यता चाहेर हुँदैन । यो आकस्मिक छ । आकस्मिकताको नियमितताभित्र निरन्तरता खोजिरहेका समुदाय कुनै जातिविशेषका समुदायमा भन्दा वर्गविशेषमा यस्ता समुदायको खोजी गरिनुपर्दछ । कतिपय स्थानमा जातिविशेषमा मात्र सुविधावञ्चित समुदाय खोजेको देखिन्छ । सुविधाबाट वञ्चित हुनुको मूल जरो वर्ग हो । वर्गको नाभी अर्थसँग गाँसिएको हुन्छ । सबै जात-जाति र समुदायमा रहेका सुविधाबाट वञ्चित हुनुपरेका समुदायको पहिचान, वर्गीकरण र सम्बोधनका लागि राज्य तथा विश्व-समुदायले विगतमा भएका प्रयासहरूको समीक्षा गर्दै भविष्यका लागि तुफानी वेगले अगाडि बढोस्; जसको तीव्रतामा मानवरूपी सुन्दर बगैँचामा रहेका झाररूपी विभेद तथा वञ्चितीका स्वरूपहरूले टाउको उठाउने जमर्को गर्नै नसकोस् । समाजमा विभेद र वञ्चितीकरण रहनु सुन्दर शरीरमा ऐँजेरू पलाउनुसरह हो; जसको शल्यक्रियाबाटमात्रै सुन्दर र समुन्नत समाजको परिधि फैलाउन सकिन्छ । जसरी ओखतीले शरीरमा रहेका किटाणु मार्दै जान्छ र स्वस्थ्य शरीर निर्माण गर्छ; त्यसरी नै शिक्षाको ज्योतिले समाजका सारा विभेद, विकृति र विसङ्गतिहरूलाई हटाउँदै समाजलाई सभ्य र मर्यादित बनाउँछ । प्रमाणपत्र बाकसमा राखेर सुन्दर सुटको सजावटले ठाँट्टिएर हिँड्दैमा वा विश्वविद्यालयका दीक्षान्त समारोहमा भाग लिँदैमा मानिस शिक्षित कहाँ हुँदोरहेछ र ! मानिसको चेतना र व्यवहारमा आएको

सृजनशील रूपान्तरणले मात्र शिक्षित हुनुको अनुभूति गराउँदोरहेछ । महँगो कारमा सुन्दर आभूषण तथा पोशाकले सुसज्जित भएर यात्रा गर्दै नदीछेउमा पुगेर सभ्यताको गौरवगाथा बोकेको बाग्मतीमाथिबाट फोहोरको पोको फ्यालेर अत्तरले सुगन्धित हुनेहरूलाई काठमाडौँले शिक्षित कसरी ठानोस् ? कठै ! सरकारी तथ्याङ्कमा यस्ता शिक्षितहरू कति हुँदा हुन् । शिक्षित हुनुको अर्थबोधको गहिराइमा पुगेर जगत्का लागि कर्म गर्न सक्ने शिक्षाले मात्र समस्याका चाङहरू हटाउँदै उन्नतिको भऱ्याङ चढ्न सक्छ । शिक्षितहरूको कर्म जीवन र व्यवहारको रूपान्तरणका लागि हुनुपर्दछ ।

मस्तिष्कले हात, खुट्टालगायत शरीरका अङ्गप्रत्यङ्ग चलाएझैँ शिक्षाले मानिस, समाज तथा विश्व-समुदायलाई चलाइरहेको हुन्छ । मानिसले जे जति सुविधा भोग गरिरहेको छ; उन्नतिको शिखरहरू उक्लिरहेको छ– ती सबै शिक्षा र शिक्षित चेतका प्रतिविम्बहरू हुन् । शिक्षाबाट ज्ञान, सीप लिँदै त्यसैको उपयोगबाट मानिसले आफ्नो यात्रालाई समृद्धशाली बनाइरहेको यो क्षणमा सुविधावञ्चित समुदायको जीवन स्तर उँचो बनाउन शिक्षा र शिक्षित चेतनाको विस्तार गरिनुपर्दछ । आफ्नो जीवनको वास्तविकता बुझ्दै उन्नति पथमा लम्कने ज्ञान, सीप प्राप्त गर्ने शिक्षामार्फत उनीहरूको व्यवसायलाई सवलीकरण गर्न सकियो भने आफूले आफैँलाई सशक्तिकृत गर्दै अगाडि बढ्ने अठोट उनीहरूको मन-मस्तिष्कमा अङ्कुराउन थाल्दछ । यस्तै अङ्कुरणका वीज नै संमृद्ध समाजको वृक्ष बन्न सक्दछ । सदियौँदेखि भोकाएको मानिस गायत्री गाएर बस्न सक्दैन । वास्तविक समस्याको पहिचान गर्नुमा नै विवेकको सामार्थ्य देखिन्छ । रोगअनुसार उपचारपद्धति र औषधि विकास गरेझैँ सुविधावञ्चित समुदायको समस्याअनुसार समाधानका उपायहरू अवलम्बन गरिनुपर्दछ । उनीहरूका लागि घर, आँगन वा समुदायमै शिक्षाप्राप्तिको अवसर सृजना गर्न सकियो भने उनीहरूको जीवनमा बिहानीको लाली झुल्किन थाल्छ । बिहान-बेलुका छाक टार्न नसक्ने समुदायको उन्नतिका लागि टि.भी. कार्यक्रम सञ्चालन गरेजस्तो निरर्थक प्रयासले वास्तविकतालाई सम्बोधन गर्न सक्दैन । युरोप र अमेरिकामा विकास भएका सोचहरूले एशिया र अफ्रिकामा नतिजा नदिन सक्छ । अमेरिकन अर्थव्यवस्थामा पि.एच.डी गरेको ठूलो टाउकेबाट नेपाली अर्थव्यवस्था सुधार्न खोज्नुभन्दा हिमाल, पहाड र तराईको मनोसामाजिक तथा भौगोलिक अवस्था बुझेको, भेडी तथा चौँरीगोठदेखि तराईका सुनका बालासम्म नियाल्न सक्ने सानो टाउकेबाटै समृद्धिको खाका बनाउन सकियो भने रोगले सही उपचार प्राप्त गर्न

सक्छ । ज्ञानलाई भौगोलिक सीमामा सीमित गर्न खोज्नु कदापि राम्रो होइन तर देशअनुसारको भेष भन्ने उक्तिको मर्मलाई बुझ्नुचाहिँ अनिवार्य नै हुन जान्छ ।

सुविधावञ्चित समुदायलाई एउटै भकारीमा राखेर उनीहरूको जीवनस्तर उकास्न खोजियो भने त्यो बालुवामा पानी बन्न सक्छ । त्यस्ता समुदायको आ-आफ्नो परम्परा, रीति-थिति, चाल-चलन, धर्म-संस्कृति, ऐतिहासिकता आदिले उनीहरूको चाहना, आवश्यकता तथा विकासका मोडेलहरूमा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । उनीहरूको जीवनस्तर उकास्न, साक्षरता वृद्धिको अभियानलाई घनीभूत बनाउन जीवन-पद्धतिलाई सूक्ष्म रूपमा बुझ्नु आवश्यक हुन्छ । वर्तमान नेपाली समाजमा गरिब ब्राह्मणको छोरोको आर्थिक अवस्था उकास्न उन्नत जातको सुँगुरको पाठो दिएर हुँदैन; उसलाई त उन्नत जातको बाख्राको पाठो नै दिनुपर्दछ । सुविधावञ्चित समुदायलाई शिक्षाका नाममा शेक्सपियर र हिटलरका जीवनी अङ्ग्रेजी भाषामा वितरण गरेर कति सफलता पाउन सकिएला ! उनीहरूको जीवनलाई वास्तविक रूपमा परिवर्तन गर्न त आफ्नै मातृभाषामा वा सम्पर्क भाषामा जीवनको वास्तविकता बुझ्न सक्ने, जीवन जीउने सीप प्रदान गर्न सक्ने तथा आफ्नै गौरव बोकेको, आफ्नै जीवन-पद्धति र संस्कृतिसँग मिल्दा-जुल्दा सङ्घर्षका गाथाहरू सुनाउन र बुझाउन प्रयत्नशील रहनुपर्दछ । यस्तो शिक्षा प्रदान गर्न सकौँ, अब उनीहरूलाई साक्षरमात्र होइन; सीपयुक्त पनि बनाउन सकियोस् । बन्दुक चलाउने होइन, कोदाली खन्ने; इतिहास भत्काउने होइन, निर्माण गर्ने; राष्ट्रिय झण्डा जलाउने होइन, राष्ट्रियता र स्वाधीनताको गर्वबोधले छाती फुलाएर सगरमाथाको देशबाट बुद्धत्वको ज्योतिलाई संसारमा फैलाउन सक्ने चेतना दिन सकियोस् ।

विकासका लागि सिक्ने होइन; सिकेर विकास गर्ने सिद्धान्त जन्माउन पसिनाहरू पोखिनुपर्दछ । सुविधावञ्चित समुदायलाई शिक्षा प्रदान गर्दा स्थानीय स्रोत र साधनको उपयोगबाट उन्नतिपथमा पुग्न सकिन्छ भन्ने मूल मन्त्र दिन सक्नुपर्दछ । कस्तुरीले आफ्नै सुगन्ध खोज्दै अरण्यको विचरण गरेझैँ भौँतारिने चेतनाबाट मुक्त गर्ने शिक्षा प्रदान गर्न सक्नुपर्दछ; जसले गर्दा जीवनपर्यन्त सिक्दै र सिकाउँदै युगयुगसम्म स्वालम्बी बन्न सकून् । शिक्षाले गाउँ छोडेर शहर पस्ने, आफ्नो धर्म-संस्कृति छोडेर विदेशी रासलीलामा लिप्त हुने चेतना नबढाओस् । आफ्नै गाउँ-ठाउँलाई विकसित शहरझैँ बनाउन सक्ने हिम्मत प्रदान गर्ने चेत भर्न सकियोस् । सुनझैँ सुन्दर संस्कृति छोडेर खियालाग्ने फलामजस्ता संस्कृतिको बर्खेभेलमा बगेर सर्वश्व नास गर्ने विवेकको खडेरीलाई रोक्न सकियोस् । सबै धर्म, संस्कृति, जातजाति, समुदायलाई सम्मान गर्न सक्ने, राम्रा कुरा सिक्ने,

नराम्रा कुरा छोड्ने, विविधतामा एकता कायम गर्न सक्ने शिक्षा प्रदान गरेर मात्र सुविधावञ्चित समुदायको दिगो विकास गर्न सकिन्छ । आफ्नो शरीर सुरक्षित पार्दा अरूलाई नाङ्गो बनाउनुहुँदैन । ठूलो सङ्घर्ष र प्रयासबाट नै अरू मानिसहरू विकसित भएका हुन् । हामीले पनि सफलता प्राप्त गर्न सङ्घर्ष, त्याग र मेहनत गर्नैपर्छ भन्ने शिक्षा प्रदान गरेर मात्र उनीहरूको जीवनमा वास्तविक सुधार गर्न सकिन्छ । चर्को नारा र प्रतिशोधी भावना त केवल विनासकाले विपरीत बुद्धि बन्न पुग्छ । अधिकारका लागि झण्डा उचाल्दै गर्दा कर्तव्यप्रति सचेत बन्न सक्ने सामर्थ्य प्रदान गर्नेतर्फ हाम्रा शिक्षापद्धतिहरू चनाखो रहनुपर्दछ । माछा मारेर खान दिने होइन; माछा मार्न सक्ने सीप– अझ माछाको उत्पादन गरेर अरूलाई दिन सक्ने गरी सवलीकृत गराउने तर्फ हाम्रा प्रयासहरू निर्देशित रहनुपर्दछ ।

पिछडिएका वर्ग, क्षेत्र, समुदायको आर्थिक उन्नतिबाट मात्र उनीहरूको जीवनपर्यन्त सिकाइको स्तरलाई गुणस्तरीय बनाउन सकिन्छ । जब सीपयुक्त शिक्षा प्रदान गरिन्छ, तब उनीहरू स्वालम्बी बन्छन्; जब स्वालम्बी बन्छन्, तब उनीहरूको आर्थिक अवस्था सुध्रिँदै जान्छ । आर्थिक स्थिति सवल बन्दै गएपछि उनीहरू आधुनिक शिक्षा तथा प्रविधियुक्त शिक्षामा पहुँच राख्न सक्ने अवस्थामा पुग्दछन् । साक्षरता वृद्धिसँगै आर्थिक वृद्धि गरिए मात्र त्यो दिगो र जीवनपर्यन्त बन्न सक्छ । अब सुविधावञ्चित समुदायको विकासका लागि उनीहरूलाई प्रदान गरिएको शिक्षाले आर्थिक उपार्जनको बाटो समात्न सक्नुपर्दछ । आफ्नै पसिनाले देश निर्माण गर्ने देशभक्तिको ज्वाला आगलागीझैँ फैलन सक्नुपर्दछ । यही मट्टीमा जन्मिएर हुर्किएका हामी यही मट्टीका लागि समर्पित हुनुपर्दछ । पहरा खोपेर पिपल पलाएझैँ आफ्नै गाउँ-ठाउँ र समुदायमा सीप, पेसा र व्यवसायलाई विकास गर्न सकियो भने त्यो जीवनपर्यन्त रहन्छ भन्ने सचेतनाको दियो सल्काउनु छ । यस्ता समुदायको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सरकार, समुदाय तथा लगानीकर्ताले समेत उनीहरूको गाउँ-ठाउँमा शिक्षा, स्वास्थ्य, रोजगाजस्ता अवसरहरू सृजना गर्नुपर्दछ । सडक, विद्युत्, खानेपानी, सञ्चारजस्ता भौतिक सुविधाहरूको विकास मार्फत उनीहरूको शिक्षा, चेतना तथा सिकाइको स्तर र पहुँचमा वृद्धि गर्न सकिन्छ । वास्तविक सुविधाबाट वञ्चित समुदायको पहिचान गरी राष्ट्रिय परिचयपत्र मार्फत सेवा-सुविधा प्रदान गर्न सक्नुपर्दछ । यही परिचयपत्रको माध्यमबाट शिक्षा, स्वास्थ्य, रोजगारआदिमा विशेष छूट र आरक्षण प्रदान गर्नुपर्दछ । केवल कोटा र आरक्षणमा भन्दा पनि सशक्तीकरणमार्फत मूलप्रवाहीकरणमा ध्यान दिन सकियो भने विविधतायुक्त सुन्दर फूलबारीमा समानता र समताको सुगन्ध फैलिँदै सभ्य र शान्त समाज निर्माणमा योगदान पुग्न सक्छ ।

सुविधावञ्चित समुदायको विकासका लागि भएका लगानीहरू किन फल्न र फुल्न सकिरहेका छैनन् भन्ने विषयमा गम्भीर भएर खोजी गर्नुपर्दछ । बाख्राको नाम बेचेर ब्वाँसाहरू मोटाउने पद्धति त विकास भएको छैन ? सारा गरिब दलितको नाम बेचेर शहरीया धनी दलित भुइँफुट्टाझैँ उफ्रिरहेको त छैन ! लक्षित वर्ग र समूहले सुविधाको उपयोग कति गरिरहेका छन् ? उनीहरूको जीवनस्तर कति माथि उठ्यो ? भन्ने कुराको वैज्ञानिक मापन गर्दै अब भगीरथ सुधारका प्रयासहरू तीव्र गतिमा बढ्न सक्नुपर्दछ । दधिचीको हाडझैँ सुशासन र बेथितिमाथि बज्रन सक्नुपर्दछ । वञ्चित समूहको सिकाइको पहुँच विस्तारका लागि सहभागितामूलक नीति, कार्यक्रम र योजनाबन्न सक्नुपर्दछ । प्रतिनिधित्वले भावनात्मक सम्बन्ध उच्च बनाउला तर भावनाले व्यवहार चल्दैन । व्यवहार चल्न त आयआर्जन मूल ककार्यक्रम सञ्चालन भएको हुनुपर्दछ । सामाजिक समानता व्यवहार मै प्रत्याभूत हुनुपर्दछ । सीप र ज्ञानको क्षितिज फराकिलो बन्दै जानुपर्दछ । मडारिएको कालो बादल हराउँदै सूर्यका लालीहरू झुल्किन सक्नुपर्दछ । शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत कुराहरूमा पहुँचको स्थिति निर्माण गर्नुपर्दछ । यसका लागि ती वर्ग र समुदायका सबै मानिसलाई अग्रसर हुन प्रेरित गर्नुपर्दछ । सम्पन्न वर्ग र समुदायकाले सामाजिक उत्तरदायित्व बहन गर्दै हरेकले हरेकाका लागि भन्ने भावना प्रस्फुटित गर्दै वञ्चितिमा परेका समुदायको विकासमा योगदान गर्न सकियो भने आफ्नै स्रोत र साधनले आफ्नै डाँडापाखा हरियाली बनाउन सकिन्छ । समाजमा सुख र शान्ति दिन सकिन्छ । विकास र समानताको लहरलाई उदाउँदो सूर्यको किरणझैँ फैलाउन सकिन्छ ।

परम्परागत र जातीय सीप तथा पेसाको आधुनिकीकरण गर्दै सम्मानित बनाउन सकियो भने आरनबाट इञ्जिनियर उत्पादन हुन सक्छन् । कर्मी कालिगड बन्दै अरनिको हुन सक्छ । आश्रम तथा मदरासाहरूबाट देवकोटा र समहरूको उदय हुन सक्छ । गुम्बाबाट बुद्ध र बुद्धत्व फैलिन सक्छ । इतिहास दोहोरिन र जन्मन सक्छ; पुनःबलिदानको गाथा कोर्ने अमर र भक्तिहरू हुर्काउन सकिन्छ । आलीका डिल-डिलमा सृजनाको मुहान फुटाउँदै हिजोका वीरेलाई आज वीरताको प्रतीक बनाउन सकिन्छ ।

■■

*(अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा, २०२० सेक्टेम्बर ८)*

*इलाम, हाल : नेविप्रा, केन्द्रीय कर्मचारी प्रशासन, अभिलेख*

बेनी नेपाली

# मानवता हराएको मेरो देश



जातीय विभेद त थियो पहिले नि
छुवाछूत त भोगेकै हो मेलै नि
कोरोना आयो, त्रास ल्यायो
अछूत भए सबै जना, छुँदैनन् कसैले नि
जीवितलाई आउन दिँदैनन्
निर्जीवलाई गाड्न दिँदैनन्
भन्छन्– मर्नुभन्दा बहुलाउनु बेस
कठै बिचरा ! मानवता हराएको मेरो देश !

रक्सीभन्दा सजिलो एसिड पाइन्छ यहाँ
बलात्कार, हत्या जे भए नि न्याय कहाँ हो कहाँ
निर्मला बलात्कार, मुस्कानमाथि एसिड प्रहार
पीडित नै नारी त्यहाँ, राष्ट्रपति नै महिला छिन् जहाँ
थोरै प्रमाण भेटिन्छन्
भेटिएको प्रमाण मेटिन्छन्
भन्छन्– जस्तो बोली, उस्तै भेष
कठै बिचरा ! मानवता हराएको मेरो देश !

जीवनजल नपाएर क्वारेन्टाइनमै मर्नेको अवस्था
अस्पतालअघि नै एम्बुलेन्समा बिरामीको बेवास्ता
मानव हरायो, दानव आयो
लाज-सरम सबै पचाई, शून्य भयो सम्पूर्ण आस्था
देखाउनलाई मात्र कुरा सर्पोटिभ
मृत्युपछि मात्र कोरोना नेगेटिभ
भन्छन्– सबै भष्म हुनेछ, रहनेछैन केही अवशेष
कठै बिचरा ! मानवता हराएको मेरो देश ! ■■

राजेन्द्र अधिकारी

# केही असल कर्म गरौँ



अर्काको कुभलो नसोच्नु कहिल्यै, यो ता असत् कर्म हो
यो पापी मन हो लिई बसमहा, चल्नू ठूलो धर्म हो
यै पापी मनको चढी सगरमा, बिगारी आफ्नो मति
रुवायो दुनियाँ परी बसमहाँ, सुध्रन्छ कैले मति ।

यही मानवको कुसं कुमती बढ्दै छ रातो-दिन
प्रकृति सहजै चलिरहने हो, अवरोध गर्छौ किन ?
प्रकृति विजय हुने तरहले, हिँड्दै छ मानव किन ?
सोही कारणले भला सुजन हो, घट्दै छ आयु झन ।

मै खाऊँ, अनि लाऊँ मैकन भनी, मनमा इरादा धरी
आफैँतर्फ सधैँ बटुल्छ किन हो बुझ्दै-नबुझ्ने बनी ?
गर्दा कर्म अति घृणित-जन हो, हुँदैन सामर्थ्यता
अर्काको उपकार गर्न नसिके, हुँदैन मन शुद्धता

भौतिक यी धन-दौलतै जति यहाँ, जम्मा गरे तापनि
जाने साथमहा हुँदैन किन हो बुझ्दै नबुझ्ने बनी ?
अर्कालाई बिगारी आफु बनिने, यो राक्षसी चाल हो
यस्ता पापी कुकर्मता बुझ सखे, गर्नू महापाप हो ।

यो चोला किन आयो जानु छ कहाँ, भन्ने इरादा धरी
गर्नू कर्म अवश्य केही पछिको, बाटो सुधारौँ भनी
यो चोला अति उत्तमै हुनगयो, मौका सुनौलो छ नि
केही कर्म असल गरेर पछिको, बाटो सुधार्नु छ नि !

*इलेक्ट्रिसियन, नेविप्रा, भद्रपुर वितरण केन्द्र, भद्रपुर*

श्रीषा पाण्डे

# आशाको नयाँ बिहानी

चम्किला तारा आकाशभित्र सिर्जना अपार
कठिन शिखर भए नि अघि बढ्ने छ जाँगर
हातमा हात मिलाई साथी अगाडि बढ्नु छ
जीवन बुझ्न जीवनभरि सङ्घर्ष गर्नु छ ।

सेवाले युक्त पाठशाला भए बदलिन्छ संसार
श्रमलाई ईश्वर मानेर बढे नहुने के छ र ?
पढ्नलाई होइन बुझ्नलाई पढ, संसारलाई भन्नु छ
ज्ञानको सुवास छरेर नयाँ बुद्ध म बन्नु छ ।

फलाउन यहीँ हीरा र मोती विकास साँच्नलाई
जलेर आफू दुनियाँ सारा उज्यालो पार्नलाई
नैतिकता सिकी असल भई प्रगति गर्दछु
भाग्यको होइन सदैव भर, कर्मको पर्दछु ।

काव्यको ज्योति, अक्षरको मोति, स्वतन्त्र मनमा
प्लेटोको विचार, सुकरातको दर्शन, निस्फिक्री तनमा
अनेकतामा एकता गाँस्ने शक्तिका आँकुरा
कलमको बलमा उठाउनेछौँ देशका टाकुरा ।

प्रयोगात्मक शिक्षाले सिर्जित अम्बानी महल
अमन-चैन फुलाई, निष्ठामै रमाई, भविष्य झल्मल
एकफेर प्रयोग गरेर हेर युवाको जवानी
अँध्यारो रात्रि हटेर पक्कै खुल्नेछ बिहानी ।

पुण्य घिमिरे

# राता मिठाइ



म पाँच-छ वर्षको भएको हुनुपर्दछ । इलाममा ठूलो बिहीबारे-हाट लाग्दथ्यो उतिबेला । हप्तामा दुई दिन हाट लाग्दथ्यो । एउटा आइतबार लाग्दथ्यो तर त्योचाहिँ सानै हुन्थ्यो तर बिहीबारे हाटचाहिँ असाध्यै ठूलो र खचाखच । तल्लो बजार, चोक बजार, नारायणस्थान र टुँडीखेलसम्मै चहल-पहल हुने गर्दथ्यो । इलामलाई बिहीबारे पनि भनिन्थ्यो त्यो बेला– जानिफकारहरूलाई अहिले पनि याद हुनुपर्छ । मैले सुन्दा मेरा बा-काकाहरू खलङ्गा गएर आएको भन्नुहुन्थ्यो । के हो के हो ? खलङ्गा ? मलाई अचम्मै लाग्दथ्यो । राणाकालमा सदरमुकामलाई खलङ्गा भनिन्थ्यो । प्यूठान खलङ्गगा, दार्चुला, रोल्पा, बेनीजस्ता खलङ्गा (सदरमुकाम) हरू थिए ।

त्यतिवेला हाम्रो घरमा हामी पाँच भाइ छोराहरू, ठूली भाउजू र आमासमेत सात जनाको जहान थियो । धान, मकै, गहुँ, कोदो, फापर, आलुजस्ता अन्नहरू र केरा, सुन्तला, आरू, आलुबखडा, मेहेलजस्ता फलफूलहरू, सिजनल तरकारीहरू, गाई, भैँसी, गोरु, राँगा, पाडा, बाच्छा, खसी, बोकाहरू र खरायोसम्म पालिएको थियो । एकीकृत कृषिप्रणाली थियो । सबै गाउँमा आफ्नो आवश्यकता पुग्ने किसिमको व्यवसाय रोजिन्थ्यो । हामी पूर्णरूपेण कृषक र कृषिआर्जनबाटै हाम्रो परिवार धानिन्थ्यो । बा हुँदा हाम्रो दोकान थियो । पहिला बरबोटेमा र पछि जितपुरमा । २०१८-०१९ सालसम्म यो दोकान रहेछ तर मैले बरबोटे, छ्यारछ्यारे धाराछेउको पुरानो दोकान-घरमात्र देखेँ । पूर्वी नेपालतिर पसललाई दोकान भनिन्छ । दोकान गर्नेलाई दोकाने । हामीलाई अलिक पुराना पुस्ताले अझै दोकाने भन्छन् ।

यसप्रकार हामी हाम्रा सिजनल कृषि उपजहरू– फलफूल, तरकारी, आलु, अन्न इलाममा हप्तैपिच्छे लाग्ने बिहीबारे हाटमा लगेर बेच्थ्यौँ र आफ्ना आवश्यकताका सामानहरू चिया, सुर्ती, कागज, चिनी-मिश्री, मरमसला, नूनतेल,

कपडा, भाँडावर्तन, मट्टीतेल जस्ता सामग्री खरिद गर्थ्यौं । सलाई, लाइटर, कापीकलम, पेन्सिल पनि किनिन्थ्यो यै मौकामा ।

फागुन-चैतको समय होला– भाउजू र माल्दाइले आलु बेच्न बजार लानुभएको थियो । आमाले नै सबै व्यवहार हेर्नुहुन्थ्यो घरको । आमासँग म पनि पछि लागेको थिएँ । गर्मी नै थियो । मान्छेको घुइँचो पनि उत्तिकै थियो । बजार धेरै मान्छे भएपछि एकप्रकार बुजुजुजु गरेर कराउँछ– माहुरीको गोलो कराएजस्तो, कराउन थाल्यो । असाध्यै घुइँचो भयो ।

सोयाङ-नाम्सालिङ-सुम्बेकका सुन्तला, जितपुरको चामल-च्युरा, बरबोटे (धारापानी) को रायाको साग र मूला, साँखेजुङ, पुबामजुवा, माई-पातलतिरका खसी-बाख्रा, आलु, गोदक नाम्सालिङतिरका केराउ, मटर र उखुका लाँक्रा, फाकफोक मङ्गलबारेतिरबाट आउने खसीबोका, भेडादेखि लिएर कामीले आरनमा बनाएका कोदाली, फाली, करुवा, हँसिया आदि औजारहरू, सुनुवारले बुनेका डोका, नाम्ला, घुम, पेचा, दाम्लाजस्ता चोयाबाट बनाइने सामानहरू, सिन्की, गुन्द्रुकहरू, दार्जेलिङतिरबाट आउने हाते चियापत्तीजस्ता सबै कुरा यो बिहीबारे हाटमा पाइन्थ्यो ।

घाम निकै कडा लागेका वेला धारामा गएर पानी पिउँदै प्यास मेटाइन्थ्यो । ऊ वेलामा अहिलेजस्तो कोक-फेन्टा पाइँदैनथ्यो । बजारमा मुरइका डल्ला पाइन्थे । त्यै खान्थ्यौँ हामी केटाकेटीहरू ।

आमाले मलाई बजारमा खर्च गर्न भनेर चार आना पैसा दिनुभयो । त्यो पाएर म खुसीले उफ्रिएँ । त्यो पैसाले पहिलेका समयका आमाहरूले पुवालो भनेर गलामा लगाउने मालाका दानाजत्रा ठूल्ठूला आकारका, राता रङका पाँच वटा मिठाई मैले किनेँ । हामी चार जना साथी थियौँ । एक-एक वटा खाइहाल्यौँ । बाँकी रह्यो एक । म हान्निएर आमा र भाउजू भएतिर गएँ । अरूतिर कतै नहेरी त्यो बाँकी मिठाई भाउजूलाई दिएँ । मलाई थाहा भएन– दिदी त्यहाँ आएकी रहिछिन् । "मलाईचैँ खोइ त मिठाई भाइ ?" भनेर दिदीले भन्दा म समस्यामा परेँ ।

"दिदी, सिध्दियो" भनेँ । "हेर, मलाईचैँ छुट्ट्यायो" भनेर दिदी साँच्चै खिन्न भइन् । उनका आँखा रसाए । मलाई पनि त्यो कुराले नमीठो भयो । मलाई अझै पनि यो सत्य घटनाले मन खिन्न पार्छ ।

म सानै हुँदा मेरी दिदीको साखेजुङमा विवाह भएको थियो । दिदीको बिहे भएको मैले चाल पाइनँ । दिदी आउने-जाने गर्दामात्र दिदीको विवाह भएको

थाहा भयो मलाई । दिदीका सम्बन्धमा मलाई एउटा के सम्झना छ भने हाम्रो दाइ गायत्रीको विवाहका वेला माथि ठूलाघराँ पनि बिहे रहेछ । मलाई सुतीको रातो धोती, चोली लगाएकी महिलाले बोकेर त्यो बिहेको भोज भएको ठाउँ, टारमा लगिन् । त्यहाँ ठूलो आगो बालेर बाजाको तालमा नाचगान हुँदै रहेछ । केही समय रमिता हेरेपछि मलाई उनैले घरमा ल्याइन् । हाम्रो त्यो घर पनि अहिले छैन, न त्यो ठूलो घर नै छ । त्यो हाम्रो घरको सिकुवामा एउटा ढिकी थियो एक छेउमा र अर्को छेउमा जाँतो । ती महिलाले मलाई फुको चिउरामा चिनी मिलाएर आफ्नै ख्वाइदिइन् । ढिकीको पुछारमा ढिकी कुट्दा समाउने डोरी समाएर घुम्दै गरेको सम्झन्छु । सायद तिनै महिला मेरी दिदी हुन् कि जस्तो लाग्छ अहिले मलाई ।

मैले थाहा पाउँदा मेरो बाल्यकालमा आमापछिको दोस्री महिला भाउजू नै थिइन् । कदाचित् त्यो समयमा मैले मिठाइ दिदीलाई नै पनि दिन्थेँ होला तर मसँग बाँकी भएको त्यो रातो मिठाई भाउजूलाई फ्याट्टै दिएँ ।

दिदीलाई मनमा के लाग्यो कुन्नि ! म त सानो केटाकेटी भाइ थिएँ । अहिले म सम्झन्छु– उनलाई पक्कै पनि म माइत र भाइहरूबाट टाढिएछु, बिरानिएछु भन्ने कुरा मनमा पर्‍यो । सायद उनी पनि केटाकेटी नै थिइन् र उनी बिहे गरेर भर्खरै गएको घर पराईघर नै रहेछ त्यो वेला र नै आँखामा आँशु देखिएका होलान् ।

म अत्यन्त फसादमा परेर दिदीलाई ल्याएर दिइहाल्छु नि भनेँ । तापनि दिदीको मन चस्कियो । राता मिठाईले मलाई अहिले पनि झस्काउँछ । चेली–माइती छुट्नुपर्ने हाम्रा सामाजिक बाध्यताका पीडामा यी आँसु छचल्किएका रहेछन् । मेरी दिदीलाई मैले छुट्ट्याउन खोजेको नभई परिस्थिति त्यस्तो भएको स्मरण गरेँ । अस्तु ।

■■

*चेरब भवन, मध्यपुर ठिमी–१, लोकन्थली*
*मनोहरा फाँट, भक्तपुर*

बाबुराम श्रेष्ठ 'यात्री'

# कसरी भनूँ परिवर्तन



खै ! कसरी भनूँ परिवर्तन
उही कथा छ
उही व्यथा छ
परिवर्तन भयो भन्नेहरू !
मान्छेको भाउ छैन
कुखुरा निमोठेझैँ
निमोठिएका छन्
रगतको होली खेलिरहेका छन्
भोक र भित्ता सल्बलाएका छन्
बेरोजगारीले कुण्ठित मनहरू
आगो सल्केझैँ सल्किएका छन्
परिवर्तनका ध्वनिहरू
तरङ्गित भएर
वल्लो घरदेखि पल्लोहुँदै
धेरै घरहरूमा पसेको हो
तर,
खै ! कसरी भनूँ परिवर्तन
गाउँ–शहर ढुङ्गेयुगतिर फर्कँदै छ
परिवर्तन भयो भन्नेहरू !

सपना कसको हुँदैन
काले, गोरे र पुड्केहरूले पनि सपना साँचेका थिए

ए ! सपना देखाउनेहरू
मात्र तिम्रा सपना विपना भए
तिम्रै लागि उनीहरू बाँचिरहे
हामी कलियुगका
सुकिला–मुकिला भएर
आकाश–पातालको दूरी जोड्छौ
तर, समयले चुनौती दिन्छ
हामी कछुवा
खै ! कसरी भनूँ परिवर्तन
परिवर्तन भयो भन्नेहरू !

फलाक्नेहरू फलाकिरहन्छन्
अगाडि बढिरहन्छन्
पछाडि फर्किँदैनन्
उनीहरू मानेर उत्सव
आफैँ सरिक भै
झ्यालीहरू पिटिरहन्छन्
विनालेखाजोखा
हामी हेरेर यो तमासा
अनिश्चित भविष्य पाल्छौँ
क्लान्त भएर बाँच्छौँ
खै ! कसरी भनूँ परिवर्तन
हाम्रो जीवन भीरैभीरमा छ
परिवर्तन भयो भन्नेहरू !

■■

*मरिण गापा-७, सिन्धुली*
*९८४१०२७६८८*



## आविष्कार कला

# नीला गोलार्द्धको उत्खनन



**प्रारम्भ :**

नियात्रा, नियात्राकारसँगै पाठकहरूलाई पनि सँगसँगै देश-परदेश घुमाउने एउटा विधा । यात्राको प्रचलन आदिम साम्यवादी युगसँगै चलिरहेको पाइन्छ । परम्परामा मानवजाति गाँस, बास र आवासका लागि हिँडिरहने गर्थे । त्यो बेला मानव आफ्नो अनिवार्य आवश्यकताका लागि हिँड्ने गर्थे । युग बदलिँदै जाँदा चेतनशील मानव पृथ्वीको एक कुनाबाट अर्को कुनामा पुगेको छ । नयाँनयाँ ज्ञान, खोजका लागि; जिज्ञासा मेट्नका लागि । यो नियात्रा कृति '**नीला गोलार्द्ध**' पनि आधुनिक मानवले ज्ञान, खोज र अन्य विविध योजना कार्यान्वयनका साथ देश-परदेश घुम्दै गर्दाको शब्दको यात्रा-चित्रण मात्र होइन; भ्रमणका लागि मात्र भनेर निस्कँदाको उपहार पनि हो ।

लेखकले सुरुवाती भनाइमा नै पूर्वीय दर्शन ज्ञानको श्रोत र ज्ञानको भण्डार हुन भनी जुन उठान गनु भएको छ; त्यसले बताउँछ– हरेक कृति ज्ञानका श्रोत हुनपर्छ । पारिवारिक रूपमा पनि र संस्कृति-सभ्यताका लागि गतिशील हुने चिन्तनले यात्रा गर्नु र ज्ञान हासिल गर्नु पूर्वजको शिरोधार्य उपदेश मान्न सकिन्छ ।

दैनिक जनजीवनको पेशा अर्थशास्त्रको विद्यार्थी भए तापनि नियात्राकारको रूचिको विषय साहित्य भएको कुरा नियात्राकारको यसपूर्वका साहत्यिक कृति र यस नियात्राका हरेक शीर्षकबाट सहजै थाहा पाउन सकिन्छ । साहित्यमा कथा विधामार्फत साहित्यको यात्रामा अगाडि बढेका नियात्राकार जब उनी जिम्मेवारी बहनको काममा देश र विदेशका विभिन्न भूगोलमा पुगे; उनले फेरी एउटा विश्लेषण गरे– कथाभन्दा त नयाँनयाँ भूगोलको नयाँनयाँ यात्राको सम्पूर्ण जानकारी पाठकहरूसामु पेस गर्न पाएमा यो पो गज्जब होला कि ? यो नै लेखकको वास्तविक र वस्तुनिष्ठ र परिस्थितिको सही विश्लेषण हो ।

चन्द्रप्रसाद भट्टराई नेपाल नियात्रा समाजका अध्यक्षमात्र होइनन्; एक चर्चित र सक्रिय नियात्राकार पनि हुन् । यसअघि एक कथासङ्ग्रह र दुई वटा नियात्राकृति प्रकाशनमा ल्याइसकेका नियात्राकारको लामो व्यक्तिगत चर्चा नेपाली

यात्रा-साहित्य अध्ययन गर्नेहरूका लागि त्यति जानकारी दिइरहनु आवश्यक पर्दैन । सकभर कम लेख्नु तर लेखनमा चमक चाहिन्छ भन्ने मान्यताका लेखकमा उनको मनोभाव प्रत्येक नियात्रा पढ्दा पाउन सकिन्छ । नेपालको प्राकृतिक स्वर्ग र विदेशका आधुनिक सम्पन्नताका बारेमा पढ्दा एकछिन मन उहीँ पुग्छ । मनले धिक्कार्छ नेपाली शासकलाई ।

पूर्वीय दर्शनअनुसार तीर्थयात्रालाई जसरी महत्त्व दिइन्छ; त्यो परम्परागत नियात्रा नै हो । पूर्वजहरूले पैदल गरिने ती अतीतका यात्राले प्राकृतिकमात्र होइन; भाषा-संस्कृति आदान-प्रदान र आत्मीयता पनि साट्न सक्ने उदाहरण पाइन्छ । लेखक पनि आफ्नो अतीत सम्झन्छन् । बालापनमा डोकामा र बुई चढेर गरेको भ्रमणले त्यो बालापनमा देखेको प्राकतिक छटा पुस्तकमा पाइन्छ । लामो यात्राबाट पाठकलाई उपन्यासको ठूलो पृष्ठ होइन; मोति दिनुपर्छ भन्ने कुरामा लेखक सचेत छन् ।

**विषयप्रवेशः**

'**नीला गोलार्द्ध**'मा लेखकका स्वदेश र विदेशमा गरी जम्मा एघार नियात्राहरू समावेश छन् । भूगोलका रूपमा उत्तरी र दक्षिणी दुई गोलार्द्ध बुझिरहेका मानिसहरूका लागि यो **नीला गोलार्द्ध** शीर्षक नै रोचक छ । कतै दुवै गोलार्द्धमा पानीको यात्राले **नीला गोलार्द्ध** भनेको होइन भने आशङ्का छ भने त्यो निवारणका लागि कृति मज्जाले पढ्नुको विकल्प छैन । स्वदेश यात्राका दुईवटा र विदेशका नौवटा नियात्रा रहेकोमा पाठकहरू शब्दको जहाजमा विदेशका विभिन्न देश र शहरहरू घुम्न पाउँछन् भने नेपाली पहाडी भू–भाग र बेथितिको नेपाली अवस्था र प्रणाली विकसित भइसकेको विदेश पनि सहजै घुमिन्छ । 'यात्राको पहिलो बिहानी' बाट सुरु भएको यात्रा, नियात्राको शीर्षक लिएको **नीला गोलार्द्ध** मा गएर नीला गोलार्द्धको रहस्य बुझेरमात्र यात्राको समापन हुन्छ ।

नियात्रामा लेखकले आफूसँगसँगै पाठकलाई पनि यात्रा गरेको ठाउँमा शब्दको माध्यमबाट घुमाउन सक्नु नै नियात्राको एकल उद्देश्य हो भन्दा फरक नपर्ला । यहाँ लेखकले आम पाठकहरूलाई देश र विदेशका हर ठाउँमा एकदम सस्तोमा घुमाउँछन् नै त्यसको अलवा विदेश यात्रामा आँखा रमाउँदा उनको मन कटक्क खाएर अमिलो बन्छ स्वदेशको अवस्थाले । देशको यात्रामा पनि सम्झाउँछन्– देशको जिम्मा लिएका छौँ भन्ने कथित नेतृत्वलाई । राजाको ठाउँमा नामधारी पार्टी आउँदैमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र सबै आयो भन्नेहरूले कहिले बुझ्लान् जनतामा परिवर्तन आएको छैन भनेर । यो बारेमा पनि लेखकले जोड दिएका छन ठाउँठाउँमा ।

**यात्राको पहिलो बिहानी :**




यो पहिलो यात्रा हो । शीर्षकमा कुरा गर्दा सामान्यतया दुई थरी अवस्थाको विश्लेषण गर्न सकिन्छ । नेपाली यात्रुको पहिलो बिहानी पाइलाको सुरुवात आफ्नो मातृभूमिबाट भएको प्रसङ्ग राख्नुभएको भए गज्जब हुने थियो । अर्कोतिर दृष्टि लगाउँदा नीला गोलार्द्धको यात्राको बिहानी चाहि लेखकले पेस गरेको ठाउँलाई अस्वीकार्न सकिँदैन । नीला गोलार्द्धको पहिलो पाइला छ नि हो भन्न सकिन्छ । तर यसभित्र त दोलखा र गोरखा पनि छन् त भनेर पाठकबाट प्रश्न आयमा यसको उत्तर लेखकबाहेक अरूबाट खोज्नु मुर्खताशिवाय अरू हुँदैन । यात्राको पहिलो बिहानीले नेपाली भाषाको पहिलो यात्रा संस्मरण पुस्तक 'मेरो लन्डन राजतिलक यात्रा' प्रकाशित गर्ने सुबेदार मेजर शेरसिंह रानालाई सम्भिएर यात्रा अगाडि बढेको छ । यो तवरले हेर्दा विगतको यात्राको पहिलो बिहानीको सम्मान र सम्भना दुवै भएको छ ।

बिहानीको पहिलो पाइलामा जसरी घरपेटीको सहयोग पाइएको छ; त्यसले नीला गोलार्द्ध यात्राको शुभसङ्केत दिएको छ । अर्कोतर्फ सहयोगको आशले जागरूकतामा कमी ल्याउँछ है भन्ने ठूलो सन्देश पनि छ । यदि तपाईँ अरूको बन्धनमा हुनुहुन्छ तर मन खुशी छ भने यात्रा रमाइलो पनि हुन्छ भन्ने सन्देश पनि छ । हरेक कार्यमा मङ्गल चाहने हाम्रो पूर्वीय मान्यताबाट यात्रा सुरु भएको छ; जसले यात्रा त मङ्गलमय बनाएको छ, यसको अर्को महत्त्वपूर्ण पक्ष भनेको हामीले जानेका हाम्रा पुर्खाका मान्यतालाई हर ठाउँमा उपयोगी प्रयोग गर्न सक्छौँ भनेर दर्शाएको पनि छ ।

यो विश्व कसको हो भन्ने बारेमा पनि यहाँ बडो कुशलतापूर्वक पेस गर्नुभएको छ । सीमारेखाले विभाजन गरेको विश्वको भूगोलमा देशको नाम अनेक हुनसक्छ । त्यहाँ पसिना पोख्ने सक्रिय समुदाय; जुन देशको भाषा, भेष, संस्कृतिको भल्को दिने हुन्छ– त्यहाँ त्यहीँको भान हुन्छ, जस्तैः पश्चिमी लण्डनमा पुग्दा लेखकलाई भारत पसेको भान हुनु । यहाँ यति कुरामात्र सन्देश दियो नियात्राले भन्न मिल्दैन । यसको ठूलो सन्देश त नेपालमा उठ्ने राष्ट्रियताको मुद्दासँग जोडेर पनि हेर्न सघाउ पुऱ्याउँछ । देशका जवानहरू विदेशमा र देशको

राजनीतिमा यो वा त्यो नाममा आउने नागरिकता विधेयकले कतै हाम्रै मातृभूमि त विरानो हुने होइन ? यसबारेमा पनि सोच है ! भन्ने सन्देश महत्त्वपूर्ण छ ।

यात्राले वर्तमानमा घुमेको परिवेश मात्र प्रस्तुत गर्दैन; यसले कहिल्यै नसोचेका पूर्वस्मृतिहरू झल्झली आउने कुरा पनि बताउँछ । लेखकलाई कहिले आफ्नो बाल्यपन त कहिले वि.स २०२० तिर यही यात्राले लैजान्छ । यही यात्राले नेपालको कुपण्डोल र ज्ञानेश्वर झल्झली सम्झाउने बनाउँछ । यही प्रसङ्गलाई जोडेर हाम्रा मान्यता, संस्कृति र इतिहासलाई लेखकले बडो उपयुक्त शैलीमा पेस गरेका छन् । शरणमा आउनेलाई मरण गर्नुहुन्न भन्ने हाम्रो मान्यता र संस्कृतिले पञ्जावका राजा रणजित सिंहकी कान्छी रानी जिन्द कौरलाई सन् १८४९ मा जङ्गबहादुर राणाले शरण दिई दरबार बनाइदिएको ती रानीले गुरूद्वारा बनाएको इतिहासको कुराले सबै कुरा समेट्छ । यसका साथै नेपाली गुरूद्वाराको सुरुवात कसरी भयो भन्नेबारे पनि बोल्छ । नियात्रा अतीतका सम्झनाको फलामे बाकस खोल्ने माध्यम पनि हो भनेर भन्ने यति ठूलो प्रमाण अरू ठाउँमा नखोज्दा पनि हुन्छ ।

नशाको रगत-रगतमा यात्रा भएका नियात्राकारको यात्राको वर्णन नेपाली साहित्यका पाठकलाई मात्रै होइन; पर्यटन व्यवसायी, त्यसमा पनि यातायात व्यवसायी; जो पर्यटकीय यात्रु बोक्नुहुन्छ; जो टुरिष्ट गाइड गर्नुहुन्छ– उहाँहरूका लागि पनि बडो उपयोगी छ । आरामदायी यात्राका लागि नेपाली सडकको हालतको के कुरा गर्नु– यो राजनीतिक खेतीमात्र फस्टाउने देशमा ! पर्यटक बोक्ने सवारीसाधनहरूमा विशेष प्रकारको सिसाको कभर; जसबाट बाहिरी प्राकृतिक दृश्य देख्न सकियोस्– यदि त्यसो नभएमा ठूलो झ्याल राखिदिए पनि केही उपयोगी बनाउन सकिन्थ्यो कि ? यसबारे केही सिक्न सकिन्छ । लेखकले झ्यालमा बसेर युरोप हेरेजसरी विदेशीले नेपाल पनि हेर्न सकुन् ।

**छड्के नजरः**

लेखकले युरोप धेरै कुराले गर्दा विश्वको एउटा विशिष्ट भू–भाग हुन पुगेको बताउनुभएको छ । आर्थिक सम्पन्नता, प्राचीनतम ग्रन्थ र पुरातत्त्वको उत्खनन् र राजनीतिक स्थिरता हुने हो भने विश्वका धेरै यात्रासाहित्यमा कलम चलाउनेहरूले यी लेखकका शब्द उनीहरू सदैव सापट लिन बाध्य हुनेथिए । लेख्ने थिए– विशिष्ट भूभाग नेपाल । विडम्बना ! देश स्वर्गको टुक्रामा बसेर भीख मागिरहेको छ । यहाँनिर विचारणीय कुरा के छ भने लेखक भारतीयलाई देख्दा भारतको अनुभुति गर्नुहुन्छ, गुरूद्वारा देख्दा इतिहास सम्झनुहुन्छ । पटकपटक उहाँलाई पूर्वस्मृति हुन्छ तर देश किन फर्कनुभएन ? युरोपभन्दा विशिष्ट विश्वको

शिरमा ? यात्रामा पाँच देश घुमेर बेलायत फर्कने कुरा गर्नुहुन्छ । यात्राको पहिलो बिहानी पढिसक्दा फ्रान्स गएको बाहेक अरू आउँदैन ।

संसार जित्न चाहाने नेपोलियन बोनापार्टको देश फ्रान्स प्रवेशको प्रसङ्गमा नेपोलियनका वंशजस्ता देखिने फुर्तिला अफिसरको प्रसङ्गमा विश्वविजेता गोर्खालीको सन्तानको जब भेट हुन्छ– फुर्तिलाको तुलनाको गर्ने हो भने सगरमाथाको शिर गोर्खाली वीर नै संसारका ऊँचो हुन आएको भए सुनमा सुगन्ध हुने थियो । यात्रासाहित्य पढ्ने रुचि भएका नेपाली पाठकलाई ताना शर्माको बेलायततिर बरालिँदा पुनर्ताजगी हुन्छ ।

**इङ्लिस च्यानेलमा जलयात्रा :**

नेपाली पाठकका लागि जलयात्रा रोचक हुनसक्छ । जलसम्पदाले विश्वको धनी देशको रूपमा पहिचान बनाए तापनि नेपालमा लामो जलयात्राका लागि त्यस्तो ठाउँको उपलब्धता छैन । नेपाली नदीहरूमा डुङ्गाको यात्रा र कालीगण्डकी जलविद्युत केन्द्रको ड्यामसाइटमा स्टिमरको यात्रा नै हालसम्मको नेपाली लामो जलयात्राहो । जलयात्रा आफैँमा रमाइलो पनि हुन्छ । भौतिक सम्पन्नता नभएको मुलुकका जनताका लागि भीमकाय जहाज अनौठो लाग्छ । जो पटकपटक अध्ययन र पेसाले विदेश जानेका लागि कुतूहलता त्यति छ भने आमनागरिकका लागि अझ वा लेखकको पुर्खौली ढुङ्गेसाँघुजस्ता हजारौँ बस्तीका नेपालीहरूका लागि विदेश–वर्णनहरू काल्पनिक लाग्न सक्छन् ।

**नीलो गोलार्द्ध :**

नीलो पानी यहाँबाट सुरु हुन्छ । बादलले धुम्म आकाश, रुन्चे दिन तर मनमा कुतूहलता छ भने अरू केही फरक पर्दैनरहेछ भन्ने पनि जानकारी पाउन सकिन्छ ।

जलयात्राले जलको मात्रै होइन; थलमा बसोबास गर्ने मानिस जन्मँदा विश्वको जुनसुकै कुनामा जन्मियोस्– मानवीय स्वभाव प्राय एकै हुन्छ है भन्ने बारेमा पनि लेखकको कलम मिहीन पारामा चलेको छ । बेलायती केटाकेटीहरू पनि बाबुआमालाई छाडेर आ–आफ्नो धुनमा यताउति घुमेको प्रसङ्गले मानवव्यवहार बुझाउँछ ।

**छड्के नजर :**

पेटमा मुसा दगुर्दा लेखकले बेलायतीहरूको प्रिय खाना स्वाद लिई खान्छन् । के त्यहाँ अरू खाना र लेखकका लागि स्वादिला लाग्ने परिकार पाउन सकिन्छ सकिँदैन ? यसबारे कलम थोरै चलेको भए खानाका अरू परिकार

बारेमा पनि पाठकले जानकारी पाउने थिए कि ! जलयात्राले लेखकलाई मनको गतिमा कुदाएर वि.स २०४२ मा मात्रै फर्काउँदैन; नेपाली दुर्गमताको त झल्झली तस्बिर अगाडि देखाउँछ । दशकौँअघि नै विदेशी पेय पदार्थको बिगबिगी । आफ्नो नेपाली रैथाने खुर्सानी र एक घोगो मकै पाउनका लागि व्योहोर्नुपरेको सास्ती । आधुनिकताका नाममा हालका दिनमा विदेशी सामानहरूले गरेको एकछत्र राजको बारेमा यस कृति पढेर केही मात्रामा भए पनि नेपालीको बुद्धि फिरेमा देशका लागि, समाजका लागि फाइदा नै हुने थियो । किताबले जलयात्राको माध्यमबाट नेपालीलाई फ्रान्स मात्रै घुमाएको छैन; देशको बारेमा सोच्न पनि सिकाएको छ । आधुनिक राजनीतिको प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र नामको व्यवस्थामा आइपुग्दा समेत देशका धेरै ठाउँमा लेखकले देखेको वि.स २०४२ को हालत छ । कर्णालीमा केही ठाउँमा पुल त बन्यो तर कर्णाली नदी र देशका असङ्ख्य नदी र खोला पार गर्न अझ धेरै ठाउँमा पुल बन्न बाँकी छ । वर्षेनी महाकालीमा तुइन प्रयोग गर्दा नेपाली जनताको ज्यान लिने समस्याका बारेमा पनि यही जलयात्रामा लेखकको अर्थशास्त्रीय दृष्टिकोण नेपाली समाजलाई आवश्यक देखिन्छ ।

**हाइडेलबर्गमा रमाउँदा :**

जर्मनीको यात्रा । यहाँको यात्रामा लेखकलाई फ्रान्समा नेपोलियनको सम्झना भएजस्तो कार्लमार्क्स र एल्डोफ हिटलरको वंशको याद हुँदैन । सायद यहाँ स्वागतका लागि नारी देखिए; पुरूष नदेखिएर पनि यसो भएको हुन सक्छ । प्राय ठाउँमा स्वागतका लागि नारी राख्ने चलन सायद हाम्रो परम्पराको विश्वव्यापीकरण त होइन– हाम्रो परम्परामा देवीको रूपमा पञ्चकन्या राखिने जस्तो ।

**पर्यटकीय देशलाई शिक्षा :**

नेपालमा हवाई यात्रामा मात्र सुरु र अन्त्यमा जुन माइकिङ गरिन्छ; त्योभन्दा विशिष्ट प्रकारले जर्मनीमा पर्यटकीय गाडीमा गरिने माइकिङबाट हामीले अवश्य शिक्षा लिनु जरूरी देखिन्छ । हाम्रा पर्यटकीय सवारीसाधनमा यात्रा गर्ने स्वदेशी तथा विदेशी यात्रुहरूलाई महत्त्वपूर्ण स्थान चिनाउँदै पर्यटकीय यात्रा गराउनेतर्फ हामीले पनि शिक्षा लिने कि ?

जनसङ्ख्याको सोह्र गुणा बढी पर्यटक आउने शहरबाट हामीले कहिले सिक्ने नेपाली ऐतिहासिकता बचाउँदै पर्यटन विकासका लागि र पुरातात्त्विक, ऐतिहासिक, सास्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन, पुनर्निर्माण र जिर्णोद्धारका विषयमा महत्त्वपूर्ण शिक्षा हाइडेलबर्गबाट लिन सकिन्छ । हाइडेलबर्गले दिएको महत्त्वपूर्ण सन्देश यहीहो ।

नेख नदीको किनारामा सात सय वर्षपहिला खुलेको विश्वविद्यालयको जर्मनीहरू गर्व गर्छन् । सात सय वर्षपहिले हाम्रो कला–कौशल विश्वमा छायो । नेपाली कलाकृति फैलाउन अरनिको चीन गए । छब्बीस सय वर्षपहिले विश्व–शान्तिका लागि राजकुमारले दरबार छाडे भनेर नेपाली स्थानीय गाइडले कहिले भन्ने ? यसबारे नेपाली शासकमात्र होइन; जनताले पनि सोच्ने शिक्षा लिन सकिन्छ ।

युरोपको सबैभन्दा लामो पदमार्ग; जुन आठ हजार किलोमिटर छ । दुई चार देश हुँदै गएको छ भन्ने प्रसङ्गमा लेखकले नेपाल देख्छन्– अन्नपूर्ण, सगरमाथा पदमार्ग । नेपाली आफ्नो अनुपम स्वर्गको देश घुम्न स्वदेश भ्रमणको संस्कार आम नेपालीमा आगामी दिनमा नेपालमा बनोस् ।

**छड्के नजर :**

यतिमात्र होइन; ऐतिहासिक शहरका ऐतिहासिक कलाकृति बचाउनुपर्छ भन्ने सन्देश हाइडेलवर्गबाट आम नेपालीले सिक्नुपर्छ । उपत्यकाका तीन शहरको ऐतिहासिक कलाकृतिमात्र होइन; देशका विभिन्न जिल्लामा रहेका धार्मिक तथा ऐतिहासिक संरचनाहरूको पुनर्निर्माणका नाममा सिमेन्ट र छडको साम्राज्यले हाम्रो मौलिकता खाइसक्न लागेको अवस्थामा हाइडेलबर्गबाट यसबारेको शिक्षा पनि लेखकको कलमबाट आएको भए अझ सुन्दर हुनेथियो ।

यसमा लेखकले पूर्वीजर्मनी र पश्चिमजर्मनीको बारेमा र जर्मनी एकीकरणको बारेमा पनि खुलाएको भए अझ ज्ञानोपयोगी हुनेथियो । राजनीतिक उच्च संस्कार देखिन्छ हाइडेलबर्गमा । राजनीतिक परिवर्तनपछि पनि ती मूर्तिहरूमाथि सम्मान, संरक्षण ! हाम्रोमा ऐतिहासिक व्यक्तित्वहरूको शालिक संरक्षित छैनन् । हुँदाहुँदा नेपाल एकीकरणका सूत्राधार पृथ्वीनारायण शाहको शालिक तोड्ने जमात छ । मुर्तिको प्रसङ्गमा लेखकका दुई लाईन यसबारेमा आएको भए जर्मनी (कार्लमार्क्सको देश) बाट नेपाली समाजले केही सिक्ने थियो कि ?

खानामा अर्गानिक जति उपयोगी हुन्छ; त्योभन्दा कम उपयोगी हुँदैन स्थानीय पथप्रर्दशक– जुन वास्तविकता लेखकले हाइडेलबर्गमा घुम्न पाउँदाको आनन्दबाट सहजै थाहा पाउन सकिन्छ । प्रचुर मात्रामा पर्यटकीय सम्भावनाको देशमा नेपालका स्थानीय निकायले पर्यटकलाई अधिकभन्दा अधिक वास्तविक सूचना दिनका लागि पर्यटकीय क्षेत्रमा स्थानीय गाइड उत्पादन गरेमा रोजगारी पाएर स्वआर्जन गर्न सक्ने सम्भावना अर्थशास्त्रको विद्यार्थीको कलमबाट छुटेको

छ । पुरानो भारतवर्षबाहेक विश्वमा संस्कृत भाषा विश्वविद्यालयमा पढाउने पहिलो विश्वविद्यालय पनि हाइडेलबर्गमा छ । हाइडेलबर्गबाट सुरु भएको संस्कृत सिकाइ अहिले चौध विश्वविद्यालयमा फैलिएको छ । जहाँ भर्नाका लागि विश्वका धेरै देशबाट विद्यार्थी आउँछन् । कैयौँ त भर्ना नपाएर फर्कन्छन् । हाइडेलबर्गको बारेमा धेरै कुरा जानियो लेखकको कलमबाट; थाहा पाउनुपर्ने एउटा महत्त्वपूर्ण जानकारी छुट्यो ।

**इननदीसँगै बग्दछ यो मन :**

नदीको लामो यात्राबाट सुरु हुन्छ । गीतको लामो यात्रा । कुन गीतलाई कालजयी भन्ने । गीतको प्रभाव कति लामो हुँदोरहेछ भन्ने तथ्य 'आई लस्ट माई हार्ट इन हाइडेलबर्ग'बाट थाहा हुन्छ । सन् १९३५ मा अङ्ग्रेजीमा आएको गीत आज पनि उत्तिकै परिचित छ । नेपाली गीत-सङ्गीतले यति लामो समय त पार गरेका छैनन् । भविष्यले बताउला– कुनकुन गीत कालजयी हुन्छन् भनेर ।

घडीको गौरवशाली इतिहास थामेको देशबाट हामीले आफ्नो पुरानो गोर्खाली विरासत फर्काउन अब जाग्नुपर्छ; जुन शिक्षा लुकेको छ नियात्रामा ।

**अब मन अमिलो नहोस् :**

नाममा रानीवन राख्ने; पूरै वन फँडानी गर्ने अनि 'हरियो वन नेपालको धन'को नारा पनि लगाउने काँठ र वनपैदावार तस्कर गर्ने देशले कालो जङ्गलबाट सिक्न जरूरी छ । यहाँनिर लेखकको मन बेसरी अमिलो भएको पाइन्छ । हाम्रो सु-संस्कार प्रकृति-पूजा गर्ने चलन, पछिल्लो समय प्राकृतिक पूजाका नियमलाई रूढीवादी ठान्ने आधुनिक भनाउँदा नेपालीहरूले केही सिक्नु आवश्यक छ । जसले गर्दा फेरि नियात्राकारलगायत बहुसङ्ख्यक नेपालीको मन अमिलो नहोस् ।

सामान्यतयाः जुम्ल्याहा व्यक्तिहरू देख्दा मानिसहरू कन्फ्युजनमा पर्छन् । त्यसै गरी जब आफ्नो धराजस्तै भौगोलिक अवस्थितिमा अर्को धरा देखिन्छ– मन खुशी हुन्छ एक छिन । अर्को धराले उही अवस्थामा उन्नतिको शिखर चुम्छ; आफ्नो धराचाहिँ सधैँ प्रजातन्त्र भन्दै लडिरहँदा लेखकको मन रोएर अरूण नदी बनेर बगेको शब्द-शब्दले बताउँछ ।

**प्रजातन्त्र, त्रिभुवन र जुरिच :**

देशको राजनीतिक परिवेशमा क्यान्सर लागेको कहिलेदेखि भन्ने विषयमा आ-आफ्ना मतहरू छन् । नेपालमा प्रजातन्त्र ल्याउन सक्रिय राजा त्रिभुवन क्यान्सरको उपचारका लागि स्वीजल्याण्डको जुरिच गएका थिए । लेखक जुरिच पुग्दा त्रिभुवन सम्झन्छन् । त्रिभुवनको रोग सम्झन्छन् । अझ, त्यसभन्दा पहिला

सम्भन्छन्– देशको रोग । जुरिचको घरैपिच्छे फर्फराइरहने भण्डाले बताउँछ– सात सालमा प्रजातन्त्रका लागि त्यसैगरी भण्डा फर्फराएका थिए होला । सायद त्यही भण्डावालाको शहरमा त्रिभुवन पुगे कि !

पर्यटकीय स्थानहरूको सौन्र्दयको वास्तविक वर्णन गरियो भने वास्तविकतालाई मात्र न्याय हुँदैन; त्यसले अर्को पर्यटकलाई सूचना र त्यस ठाउँमा जान प्रेरित गर्छ । त्यसैले, यात्रासाहित्य लेख्दा सो स्थानप्रति न्याय हुनेगरी लेख्नुपर्छ । बाङ्देलले गरेको सुन्दरताको वर्णनले लेखक इन नदीको छेउ पुगे । नेपाली पर्यटकीय क्षेत्रको यात्रासाहित्य सामग्री विश्वका विविध भाषामा प्रकाशन गरेर प्रचार गर्न सके नेपालमा पर्यटकको सङ्ख्यामा सहजै वृद्धि गर्न सकिने गतिलो प्रमाण लेखकको कलमबाट नेपालीजनमा आएको छ ।

**माटोको माया :**

हिमालको पाखामा जन्मिएका नेपालीलाई हिमालको सौन्र्दय असीम मन पर्छ । १२०० किलोमिटर लामो आल्पस् पर्वतमालाले फ्रान्स, स्विजरल्याण्ड, इटली, मानको, लिख्टेन्स्टाइन, अष्ट्रिया, जर्मनी र स्लोभेनियासम्म आठओटा मुलुकमा स्वागतका लागि लमतन्न सुतेको छ । तर पनि, आफ्नो हिमाल विश्वको शिर सगरमाथाजत्तिको प्रिय नलाग्नु नै माटोको माया हो ।

**छड्के नजर :**

ब्ल्याक फरेस्ट क्षेत्रमा कुकु क्लबको उत्पादनबाट नेपालमा हुने स्थानीय उत्पादनलाई कसरी जोड्न सकिन्छ; यसबारे अर्थशास्त्रीको कलम चल्नु आवश्यक छ । आफ्नो गृह जिल्लाबाट काठमाडौँ आउँदा-जाँदा सप्तरीको बाटोमा भएको बाजेका पेडाले किन ठूलो विकास र प्रचार पाएन ? यसबारे नेपालीले के सिक्नु आवश्यक छ ?

अस्ट्रियाको मलिलो माटोले सङ्गीतकार जन्मायो । सत्रौँ शताब्दीदेखि बीसौँ शताब्दीसम्म विश्वमा तहल्का मच्चाएको कुरा आँउछ । नेपाल देवभूमि, ऋषिभूमि, ज्ञानभूमिले आदिकालदेखि ज्ञानको ज्योति फिँजेको छ । विश्वको संविधान मानिने वेदको भूमि नेपालजत्तिको उर्वर माटो अन्य कहाँको होला ? जहाँ; अमृतका धारा बग्छन् । यसबारे पनि जोडेको भए अमृतका धारा बगाउने मातृभूमि कति खुशी हुने थिइन् होला ?

**जीवन यथार्थ :**

यात्रामा जानेहरूलाई थाहा हुन्छ– कुनै बेला मिटर पनि किलोमिटर हुन्छ । मनले त्यो बेला हर्क मान्छ; जुन बेला ज्यान हर्कबहादुरका घर पुग्छ ।

संयोगले नाम हर्कबहादुर भेटिनु पनि रमाइलो कुरा हो । हर्कबहादुरका घर पुग्दा एउटा ठूलो क्रान्ति सम्पन्न गरेको व्याख्यामात्रै गर्न सक्तैनन् लेखक; यात्रामा रमाउनेहरूका लागि मात्र होइन; नेपाली जनजीवन, उकाली-ओराली र दैनिक लेकबँसी गर्ने बहुसङ्ख्यक नेपालीहरूका लागि पुस्तकमा समेटिएको स्वदेशयात्राको पहिलो भाग अहिले नै अति रोचक छ । अझ यसलाई श्रव्यदृश्य बनाउने हो भने नियात्रामा नयाँ प्रयोग त हुन्छ नै, नेपाली गाउँले जीवन औधी मन पराउनेहरूमा यसले नयाँ रेकर्ड कायम गर्नेमा कुनै शङ्का रहन्न ।

कोशीको पाखामा पुग्दा जब एकै ठाउँ घुमेका जनहरू भेट हुन्छ– त्यो बेला कम्ति मजा हुँदोरहेछ ! भन्ने बताउँछ । कोशीको पाखामा बसेर लेखक कहिले सिमला पुग्नुहुन्छ; कहिले पेरिसमा; कहिले इतिहासमा; कहिले साहित्यमा ।

कोशीको पाखामा बसेर लेखकले दोलखामात्र दिएका छैनन्; पेसा-व्यवसायले जहाँ पुगे पनि त्यो अनुभवलाई पेस गर्न सके देश, समाज र भावी पुस्तालाई टेवा पुऱ्याउँछ भन्ने उदाहरण सुवेदार मेजर शेरसिंह रानाबाट सिक्न सकिन्छ भने अर्को उदाहरण लेखकबाट नेपाली युवापुस्ताले सिक्न सक्छन् । विदेशमा श्रम बेच्न र देशका कुनाकाप्चामा पुग्ने नेपालीले नियात्रा लेखनलाई अगाडि बढाउन आवश्यक छ भन्ने प्रष्ट सन्देश पाइन्छ । कोशीको किनारमा कुशिक ऋषिका शिष्य विश्वामित्रले ऋषिको दर्जा पाए । त्यही कोशीको पाखामा पुगेको लेखकको कलमले ऋषिको विचार पन्छाएको छ । माटोका लागि; देशका लागि; त्योभन्दा माथि कम्ता शिक्षाप्रद छैनन् सुवेदारका नियात्राका अंशहरू !

जिम्मेवारीको काम, सात दिनमा सात थरी समूहलाई भेट्दा इन्द्रेणीभन्दा कम्ता रमाइलो हुँदैन भन्ने पुस्तकले दिएको छ ।

लेखकको कलमले आम पाठकलाई कोशीको पाखा दोलखामात्र पुऱ्याउनुभएको छैन; नेपाली गाउँगाउँमा पुऱ्याउनुभएको छ । पसिना पोख्न सीमापार जाने हुल छ; गाउँबस्ती खाली छन् । देशमा आएको राजनीतिक व्यवस्थाको परिवर्तन के युवा निर्यातका लागि मात्र हो ? यो प्रश्न कलमले सोधेको नेपाली राजनीतिक नेतृत्वलाई– यसबारे गाउँको अवस्था आयो । नेपाली पीडाले बताउँछ– नेपाली परिवर्तन शान्तिको विपरीत छ । यहाँ लेखकको मात्रै होइन; सारा नेपालीको मन रोएको छ । बाबु-आमा जिउँदा हुँदाहुँदै कलिला बालबालिका टुहुरा भएर घरीघरी टोलाउने कस्तो पीडादायी समय आयो नेपालमा ! लेखकको कलम पीडा बनेर रोएको छ– कोशी बनेर । लेखकको कलमले आम नेपालीको प्रश्न बोलेको छ, परिवर्तनका संवाहक र राज्य चलाउने जागिरे शासकलाई– बालबालिका टुहुरा बनाउने व्यवस्थाको माग कसको हो ?

**छड्के नजर :**

नीला गोलार्द्धको पहिलो पाइला नेपालमा नभेटिएझैँ जीवन यथार्थको दिनभरिको हिँडाइको पहिलो पाइला कहाँबाट चल्यो ? थाहा भएन । यसबारेमा पनि जानकारी भएको भए अझ चाखलाग्दो हुनेथियो । कार्तिकमा मनाइने हिन्दूहरूको महत्त्वपूर्ण चाड तिहारमा बली राजाले पठाएको देउसे-भैलोमा गाइने भाका 'लड्दै-पड्दै...' सम्झनुहुन्छ लेखक । तर, लेखक कुन महिनामा हुनुहुन्छ ? साउन वा भदौ ? जानकारी भएको भए पाठकहरू पनि लेखक र मौसमको साथमा पुग्ने थिए नेपाली बस्तीमा ।

विभिन्न प्रोजेक्टले समूह-समूहमा केही महिला सक्षम त बनायो तर बाहिरबाट गाउँ गएकाहरूलाई स्वागत गर्दा सेतो चामल नै खुवाउनपर्छ भन्ने मान्यता भत्काउन किन नसकेको होला ? चामलको शासनले गाउँमा भोकमरी बढाएको छ । जसरी नि चामल खानुपर्ने नयाँ मान्यताअनुसार के हाम्रा पुर्खाले चामलै खाएका थिए त ? यसमा अर्थशास्त्रीको कलम चल्नुपर्छ लोकल कुखुरोको स्वादिलो सुपसँग ।

बालिघरे प्रथाले श्रमको मूल्य नदिएको वास्तविकता दोलखामा मात्र होइन; मेचीदेखि कालीको सीमाभित्र जहाँतहीँ उही हालत छ । नियात्राको मेसोमा अर्थशास्त्री दृष्टिकोणमा उचित व्यवस्थापनबारे आएको भए अझ उज्ज्वल हुने थियो ।

**सलमाको सिङ्गापुर :**

सलमाको सिङ्गापुर पढ्दै गर्दा स्वाभिमानीको देश, शहीदको खेतीहुँदै स्वेच्छाचारी शासकको देश बन्दै गर्दा वीरताको गोर्खाली इतिहास बोकेको मन अमिलो हुन्छ ।

कार्यान्वयन हुने कानून सलमाको देशमा मात्रै होइन; सगरमाथाको देशमा पनि कानून अक्षरशः लागू भए कुन नेपालीको मन मान्दैनथ्यो होला । अतिथि देवो भवः मा रमाउने नेपाली समाजमा पछिल्लो समयमा आफ्नो गाउँटोलमा रातमा हिँड्न नसकिने छ । पहिला आफ्नो लागि नभए समाजका लागि अनि लोकको डर; धर्मको डरमा भए पनि घर, गाउँ, टोल सफासुग्धर हुनुपर्छ भन्ने नेपाली मान्यता अहिले यतिसम्म बिग्रेको छ कि कुरा गरी साध्ये छैन । सलमाको देशबाट कहिले सिक्ला नेपाली शासकले कानून कार्यान्वयनको पाटो सलमाको देशबाट सिक्नुपर्ने कुरा विमानस्थल कस्तो हुनपर्छ ? भन्नेबारे पनि सिक्नु आवश्यक देखिन्छ । त्रिभुवन विमानस्थलमा सुधार गर्दै जानुपर्ला तर हाल निर्माणाधीन पोखरा क्षेत्रीय विमानस्थल र भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको स्वरूप सलमाको

देशको आगामी विमानस्थलजस्तो नभए पनि वर्तमानमा भएको जस्तो होस् । नेपाली शासकले यो शिक्षा लिऊन् ।

शासकले मात्र होइन; नेपाली समाजले पनि सिक्ने शिक्षा दिएको छ लेखकको कलमले । धार्मिक मान्यताका लागि मात्र होइन; सबैखाले प्राणीका लागि चाहिने पानी शुद्ध हुनुपर्छ । नेपाली समाजमा बिहान र दिउँसो बाग्मतीको छेउ पशुपतिमा पूजा गरेर आएको भगवान्को भक्तले रातको अन्धकारमा बाग्मतीमा ढल मिसाउँछ । यो न हाम्रो संस्कार र सभ्यतासँग मिल्दो छ न सलमाको समाजसँग मिल्दो छ । शहरभित्र पनि नदी सफा बग्न सक्छ भनेर नियात्रा पढेर शासकले नसिके पनि नेपाली समाजले सिक्ने ठूलो शिक्षा यहाँ लुकेको छ ।

लेखक सलमाको देश घुम्दै गर्दा लेख्नुहुन्छ– "अनुशासित जनसङ्ख्या नै देश विकाशको पहिलो आधार हो ।" के त्यहीमात्र हो त ? नेपाली जनसमुदायलाई अनुशासितमात्रै होइन; मेहनती पनि मानिन्छ । लेखकले त्यही लेख्नुहुन्छ नेपाली यथार्थ; जुन घडीमा भष्ट्राचार र दण्डहीनताविरूद्ध सरकारले साँच्चै नै केही गर्न थालेको सुगन्ध पीडक र पीडितका नाकमा पुग्छ, तत्क्षणदेखि विकासका लक्षण देखिन थाल्छन् ।

विश्वमा दोस्रो विश्वयुद्ध हुनुभन्दा पहिला ब्रिटिशको उपनिवेश प्रायः विश्वभर थियो । सन् १९६५ मा उपनिवेशबाट मुक्त सलमाको सिङ्गापुरको विकासको त्यो अवस्थामा पुग्दा इतिहासमा कहिले पनि उपनिवेश नभएको मुलुक सदैव किन राजनीतिक खिचडीमा ? यसमा आम सचेत पाठकले सोच्नुपर्ने प्रश्न लेखकले दिएका छन् ।

देश कसरी सिङ्गापुर हुन्छ ? भन्नेमा भौगोलिक अवस्थिति र हावापानी राम्ररी बुझेर मूलधन मानी विकास गरे देश बन्छ । लेखकको यो विचार बडो महत्त्वपूर्ण छ । त्यसैले भनिएको छ कि– यो नियात्रा कसका लागि हुन सक्तैन ? भन्ने नै छैन; सबैका लागि छ । विडम्बना ! चुनावी घोषणापत्र दिवस, विदेशीको पर्व अप्रिलफुल मनाउने जस्तै भएको मुलुकमा देशका शासकले सलमाको देशबाट नबुझे पनि नियात्रा पढ्ने सचेत पाठकले अबचाहिँ प्रश्न उठाउने समय आएको हो कि ?

सलमाको देशबाट सिक्न सकिने धेरै पक्षहरू छन् । नेपालको राजनीतिमा कहिलेकाहिँ सिङ्गापुर र स्विजरल्याण्ड बनाउने कुरा आउँथ्यो । सायद सिङ्गापुर देखेको शासकको मन केही छिन अप्रिलफुल मनाउन्जेल फेरिएको हुन सक्छ । समयको वचत गर– वस्तु वा सेवा जे बेच्छौ; स्वदेशमा बेच्नुपर्छ । यो महान्

सन्देश सलमाको देशबाट सिक्नुपर्छ । समय र इन्धनको बचत कसरी पनि गर्न सकिँदोरहेछ भन्ने ठूलो उदाहरण पनि सलमाको देशबाट थाहा हुन्छ । नेपाली शहरी क्षेत्रमा पनि घरघरमा चुला बाल्ने प्रचलन कम गर्न सिङ्गापुरबाट सिक्ने कि ?

सलमाको देशबाट जब लेखक ली-क्वानको प्रसङ्गमा पुग्नुहुन्छ; विज्ञ राजनीतिक नेतृत्वले कसरी देशको मुहारमा चमक ल्याउँदारहेछन्; प्रष्ट थाहा हुन्छ । देशको विपन्नता लेखकको मगजमा साउने भेलसरी अरूण, तमोरजसरी उर्लिन्छ । देशको नेतृत्व लिएर अगाडि समयमा सधैँ आउने प्रसङ्ग हो– यति बर्ष जेल र भूमिगत बसेको । के सलमाको देशमा उपनिवेशका विरूद्ध लडाइँ गर्दा जेल र आन्दोलनमा सिङ्गापुरका जनता सहभागी भएका थिएनन् ? यो प्रश्न आम पाठकले जागिरेदार शासकलाई सोध्न जति ढिलो गऱ्यो; देश उति ढिलो बन्छ । लेखकको कलमले दिएको शिक्षा पाठकले बुझे देश बन्नेमा कुनै शङ्का छैन ।

**छड्के नजरः**

यात्रामा लेखकको कलम यहाँनिर सो शहरको बीचमा बग्ने सफा नदीको नाम पनि उल्लेख गरेको भए पाठकको मन पनि सफा हुने थियो कि ?

पृथ्वीको बनोटको बारेमा आम पाठकलाई जानकारी नहुन सक्छ । ‘नीला गोलार्द्ध’ नेपाली पाठकका लागि लेखिएको हुँदा सलमाको सिङ्गापुरमा किन मौसम र समय सधैँ एकनासको हुन्छ– यसको रहस्य पनि खोतलिदिएको भए अझ उपयुक्त हुनेथियो ।

**विकाश र चाउचाउको खेती :**

नेपाली जनजीवन, पहाडी अवस्था, हुटमा पनि यात्रु बोक्ने सवारीसाधन, कहिले तृप्त नहुने सवारी धनी, जसरी नि गन्तव्यमा पुग्नुपर्ने नेपाली बाध्यताको चित्रण यथार्थ शब्दमा आएको पाइन्छ । यो पढ्दा नेपाली पाठकलाई ठ्याक्कै हाम्रो ठाउँको जस्तो अवस्था रहेछ भन्ने अनुभूति गराउँछ । अनि कन्सिरी तात्छ देशको अवस्थाले । अझ तताउन सहयोग गर्छ आयु सकिएका सबारीसाधन सदरमुकामदेखि गाउँतिर यात्रु ओसार्ने गैरजिम्मेवारी नेपाली यातायातको अवस्थाले । यही अवस्थालाई लेखकले लेखेका छन– “देशमा सरकार नामको कुनै जिम्मेवार संस्था हुँदो हो त सिकारु ड्राइभरले चलाएका यस्ता जीर्ण बसमा गुन्द्रुकझैँ खाँदिएर सडक नामका भिरमा ओसारिँदा वर्षेनी सयौँ निर्दोष नेपालीले अकालमा ज्यान फाल्नुपर्ने थिएन ।” देशको सडकमा चलाउने सवारी

चालकमात्रै होइन; राजनीतिक चालक पनि सिकारू नै भएर होला देशको यो हालत । नेपालमा यात्रा गर्दा ती जीर्ण बसको सिट पाउँदा पनि आनन्द मान्नुपर्ने अवस्था छ ।

राजधानीको दैनिकीसँग परिचित उषा मेडमलाई बसमा लैजान मानेन लेखकको मन । यहाँ उषा मेडमले नेपाली जनजीवन त बुझ्नुभयो । गाउँमै हुर्केका देशका शासकहरू राजधानी पुगेपछि नेपाली जनजीवन बिर्सन्छन् । देशलाई उषाको लालिमय बनाउने कसम खानेहरू उषाको उज्यालोदेखि डराउँछन् ।

इतिहासका लागि पनि उपयोगी बनेको छ, यो नियात्रा । प्राकृतिक विपत्तिबाट पीडित शान्तिप्रेमी नेपालीमाथि अझ पीडा दिने छिमेकीको वर्णनले नेपाली राजनीतिक अवस्थामात्र होइन; छिमेकीको चरित्र पनि उदाङ्गो पारेको छ । नियात्राले युगौँसम्म नेपाली राजनीतिक इतिहास पनि बोक्नेछ ।

आजको समयमा पनि नेपाली समाजमा रहेको बेथिति पनि यात्रामा सलल बगेको छ । जीपभाडा छ हजार । नेपालका गाउँहरूले बेथिति कसरी सहजै पचाएका छन् । उहाहरण बनेकी छन्– विष्णुमाया तर लेखकलाई ठूलो पिर परेको देखिन्छ ।

**कसको मन नदुख्ला :**

गाउँको पोषिलो रसायनिक मलरहितको उत्पादनलाई हेला गरेर चाउचाउ, कोक, पत्रु र हानीकारक खानामा पल्केर आधुनिकता देखाउने नेपाली समाजप्रति लेखकको मन दुखेको छ । लेखकसँगै गाउँ, ठाउँ र देशका अगुवाको मन दुखेर केही कदम चाले नेपाली जनस्वास्थ्यमा ठूलो सुधार ल्याउन र राष्ट्रिय पुँजी निर्यात हुनबाट रोक्न सकिन्थ्यो । यो चेतना साहित्यमा मात्र होइन; जनस्वास्थ्यका लागि पनि उत्तिकै रोचक छ ।

विकास लिएर जाने गाडीले गाउँमा नेपाली संस्कृति, खानपान, भाषालाई गाडीमा उधारोमा ल्याएर नराम्रोसँग बिगारेको कुरा यहाँ ज्वलन्त आएको छ । नेपाली गाउँको मौलिक नास्ता मकै, रोटीलाई पत्रु चाउचाउले, हाम्रो तीर्खा मेट्ने मूलको पानी र मोहीलाई कोकलगाष्त पेय पदार्थले विस्थापित गर्दा हाम्रो भोलि हाम्रो हुन्छ कि हुँदैन ? लेखकले गोर्खाबाट ठूलो सूचना दिएका छन् ।

**छड्के नजरः**

आर्थिक अवस्था र बाँकी कुरा तपसिलमा राखेर उहाँको यही नियात्रा कृतिमात्र सुरुका शीर्षकदेखि पढ्दै यो शीर्षकसम्म आउने जो-कोही पाठकले भन्छ– छ हजार उहाँका लागि ठूलो नहुनपर्ने, उषा मेडमको यात्रा र कामको

आवश्यकताका आधारले भन्दा । कतै लेखकको कलम यहाँ केही लरबरिएको त होइन ! तर, बेथितिको चरम सीमाले आजित नेपालीको दैनिकी यहाँ स्पष्ट रूपमा आएको छ ।

नेपाली मन दुखेको लामो समय भैसकेको छ । भूकम्पले पनि बढायो, गाउँलेको दुखेसो । अनुदानको स्वरूप पीडितलाई भन्दा कार्यालय, कर्मचारी र कमिसनमा ठूलो रकम सक्ने देशमा अनुदान कसरी सकिन्छ ? लेखकको अनुभवको कलम यहाँ चलेको भए विकासे संस्थाको वास्तविकता नेपालीजनले थाहा पाउने थिए कि !

स्थानीय आवश्यकताभन्दा संस्थाको आवश्यकताको नीतिले धेरै ठाउँमा उचित प्रगति हासिल गर्न नसकेको नेपाली उदाहरणहरू प्रशस्तै छन् । योजनामा बन्छन् उपल्लो मुस्ताङ्गमा धान र मर्चवार (रूपन्देही) मा स्याउ फलाउने । गैरसरकारी संस्थाले विकास र चेतनाका लागि खेलेको भूमिकाबारे लेखक धेरै लेख्दैनन् । यसबारे पनि विभिन्न संस्थामा कार्यरतको अनुभव भएको हुँदा केही नवीन सूचना नियात्रामार्फत यहाँ आएको भए नेपाली पाठकलाई अति नै स्वादिलो हुने थियो कि !

**अमेरिकामा रेल चढाइ :**

कोरा कल्पना कस्तो विचित्रको हुँदोरहेछ ! लेखक रेल प्लेटफर्ममा परेको आश्चर्य ।

शान्त वातावरण, मुर्दा शान्तिको अवस्थामा के गरौँ, कसो गरौँ हुन्छ आममानिसलाई । लेखक पनि त्यो अवस्थाबाट अछूतो रहेका छैनन् । जब मानिसमा कुनै उपाय हुँदैन अनि पूर्वजलाई सम्झन्छन् । गणितको शुत्र, विज्ञानको नियमजस्तो सामाजिक परिवेश नमिल्दा बाङदेलको फ्रान्सको यात्रा सम्झिए पनि समस्या सुल्झिँदैन । कुरा जे हुन्छ; आफैँ सामना गर्नुको के विकल्प !

आधुनिकताको नाममा आत्मीयता नभएको यन्त्रमानवीय पश्चिमी समाजलाई हामीले आर्दश मानेर अघि बढ्यौँ भने यसले हाम्रो संस्कृतिमात्र हराउने होइन; मानवीयता पनि हराउँछ । यो लेखकको कलमले अबको समाजको विकासको मोडल कस्तो बनाउने भनेर सोच बनाउने संसारको जुनसुकै मानवकालागि बडो सोचनीययर्थाथ दिनुभएको छ– मानव समाजका लागि ।

**कुतूहलता र टिकट :** सुविधासम्पन्न मुलुकमा आधुनिक भनिएका रेलको यात्रा गर्नुभएका लेखकलाई अमेरिकाको लामो रेल कस्तो होला ? कुतूहलता छ । यात्रा गर्नेहरूका लागि नयाँ सूचना कुतूहलता नै हो । तर, पाठकका लागि

कुतूहलता छ– संसारमा सबैको दाइ भन्ने अमेरिकामा किन टिकट र सिट पाइने; सिटनम्बर नपाइने हुँदोरहेछ ।

**लेखकबाट सिक्दै संस्कृतिको निरन्तरता :**

शरीरको रगतको थोपाथोपामा यात्रा बगिरहेको लेखकले जे-जसरी विदेश यात्राका लागि ऋणधनको जोहो गर्नुभएको प्रसङ्ग छ; त्यसले नेपाली मौलिक संस्कृतिलाई आधुनिकतामा निरन्तरता दिन जोड दिने चेतना दिएको छ । हिजो ऋणधन गरेर चार धाम तीर्थ गर्न जाने नेपाली परम्पराबाट सिकेर आधुनिक पुस्ताले देश घुम्नका लागि ऋण धन गरेर भए पनि घुम है ! स्वर्गको टुक्रामा बसेर मातृभूमि त घुम ! भन्ने गतिलो सन्देश दिएका छन् ।

इन्डियाका रेलमा यात्रा गर्दा विहार, यु.पी.मा नेपाली यात्रुलाई लुट्ने डाँकाका हुल र क्यारोलाइना राज्यका दूत सिल्भियाबीचको फरकले देशबीचको फरक यात्रासाहित्यले देशको राजनीतिक परिदृश्य पनि बताउँछ । यसले नेपाली समाजलाई शिक्षा दिएको छ । प्राकृतिक, धार्मिक, सांस्कृतिक, भाषिक विविधता भएको पर्यटकीय देशमा पर्यटनप्रबर्द्धन गर्नका लागि यसरी सूचनादूत विकास गर्न सके देशले अग्रगामी छलाङ मार्न सक्छ । यो शिक्षा नियात्रा पढ्ने जो-कोहीले पनि लिन सक्छ ।

नियात्रामा वर्तमानको यात्रामात्र प्रस्तुत भएको छैन; विगतमा संचारको आधुनिक युग नआउँदै लेखकले आफ्नो व्यक्तित्व विकासका लागि गरेको यात्राले आधुनिक पाठकलाई अध्ययनका लागि अघि बढ है ! भन्ने ठूलो सन्देश दिएको छ ।

**आमा रूँदाको पीडा :** सिमलाको यात्राले लामो समय भारतमा यात्रा गर्न चाहाने नेपालीहरूलाई खुर्सानी बारेको सूचनामात्र दिएको छैन; यहाँ अर्को शिक्षा पनि आएको छ । एउटा ग्राहकलाई मात्र भए पनि होटलले सेवा पुर्‍याउन खोज्नु व्यावसायिक उदाहरण पेश गरेको छ ।

बसपार्कमा टहलिँदा आफ्नो भाषामा कुरा गर्न नपाउँदा लेखकको जिब्रो न्यास्रिएको कुराले बताउँछ– आफ्नो भाषा, आफ्ना नेपाली दाजुभाइ, आफ्नो समाज चटक्कै छाडेर न्युनतम आवश्यकताका लागि पसिना पोख्न परदेशमा गएका लाखौँ नेपालीहरूको जिब्रोमात्र न्यास्रिएको छैन; मन अमिलो भएको छ । यो सन्देश संसारभरका पसिना पोख्न गएका सबै नेपालीको साझा पीडा नियात्राको माध्यमबाट आएको छ ।

द्वन्द्वको कारण पुर्खादेखि चलिआएको चलन नयाँ वा एक नेपालीले अर्को नेपालीलाई देख्दा बोलाउने परम्परा पछिल्लो समय जब बोल्दा बात लाग्ने भयो– छद्मभेदीले गर्दा सुकिलो-मुकिलो देख्दा तर्सिने अवस्था आएको छ । यसले हाम्रो

संस्कृतिमात्र नाश भएको छैन; आत्मीयता र मानवीयता पनि हराउँदै जानेतर्फ लेखकको कलमले खबरदारी गरेको छ ।

**नयाँ थ्रिडी :**

विदेशका हरेक ठाउँमा नेपालीले गर्ने काम भनेको थ्रिडी हो । शासकको व्याख्याको थ्रिडी होइन; कामदारको थ्रिडी (डिफिकल्ट, डर्टी, डेन्जरस) हो । ज्ञानबहादुर सिंहको व्याख्या सिंहदरबारले सुनोस्; जति डी कै काम गरौँ– स्वदेशमा काम गर्ने वातावरण बनोस् । वर्तमान गणतान्त्रिक कम्युनिष्ट नामको २/३ को सरकारले पनि पढोस् यो नियात्रा । अनि, बुझोस् मर्म ।

**छड्के नजरः**

लेख्दै जाँदा लेखकको कलम दौडन्छ सिमलामा काम गर्ने ज्ञानबहादुर र आफूबीचको स्तर चटक्कै बिर्सिएको बारेमा कलम चलेको छ । सोभन्दा माथि ज्ञानबहादुरको चेतनास्तरबाट साह्रै प्रभावित लेखकले कुन स्तरको प्रसङ्ग उठाउन खोज्नुभयो ? उमेर, शिक्षा, पैसा ? के यो आवश्यक छ ?

**बेलायतमा पनि नेपालः**

बेलायतमा पनि नेपाल त्यसै भएको रहेनछ । त्यहाँ लाहुरेको उत्तर बडो दार्शनिक छ । ज्ञान, व्यवहारको अनुभवबाट खारिएर अन्तर्हृदयबाट आएको छ । सुन त आगोमा खारिन्छ होला– अनुभवबाट खारिएर आएको उत्तर भावीपुस्ता र शैक्षिक अभियन्ताका लागि अमृत छ । सुविधासम्पन्न महँगा कलेज र पल्सर वाइकले पढ्ने रहेनछ । खानपान, आचारविचार र व्यवहारले पढाइलाई निर्देश गर्छ भन्ने यो महत्त्वपूर्ण सवाल विश्वविद्यालयको कोठामा होइन; प्राकृतिक विश्वविद्यालयको अनुभवबाट आएको छ । यस सवालमा ठूलाठूला कार्यशाला, गोष्ठी होलान्; ठूलो धनरासीखर्च होला । पुस्तकको सानो मूल्यमा आएको यो विशाल ज्ञान हिजोका दिनमा बेयायतको साम्राज्यभन्दा ठूलो छ ।

समयको पालना नगर्नेबाट बेलायतमा नेपाल प्रष्ट देखिँदै जाँदा दलीय कित्ताकाटबाट प्रेरित नेपाली राजनीति मुर्दावादका स्वरले नेपाल झलझली देखिन्छ । आज नेपालको यो जुन हालत छ– राजनीतिक दलका कारणले यस्तो भइरहेको छ । नेपाली जनको निर्यात भइरहेको छ । विदेशमा गएर हामी पहिला नेपाली हौँ भन्न नसकेर निकास दिन नसक्ने राजनीतिक बिल्ला भिर्दा बेलायतमा मात्र होइन; नेपाली पुगेको हरेक देशमा पीडाको नेपाल, राजनीतिक दलको नेपाल देखिन्छ । बुद्धको नेपाल, सगरमाथाको नेपाल, वीर गोर्खालीको नेपाल कहिले देखिएला ? यहाँ यो प्रश्न भूमिगत रूपमा लुकेको छ । नियात्राबाट आएको यो सन्देशले बर्मा गए कर्म सँगै, नेपाल गए कपाल सँगैलाई चरितार्थ गरेको छ ।

लेखकले अनारकादाना जसरी मिलेर बसेको नेपाललाई जातीयता, क्षेत्रीयता, दलीयता, भाषा र धर्मका नाममा फुटाएर आफ्नो स्वार्थ पूरा गर्न उद्धत नेपाली नेतृत्वबाट नेपाली चनाखो नहुने हो भने नेपाल थिलथिलो हुन्छ भनेर दिएको सन्देश साहित्यप्रेमी पाठकलाई मात्र होइन; संसारभरका नेपालीहरूका लागि हो । देशको हालत यतिमात्रैमा सीमित छैन; नाममात्र होइन दक्षताका सूर्यहरू, सूर्य सुवेदीहरू विदेशमा विज्ञता पेस गर्छन्; मैनबत्तीहरू देशको राजनीति हाँक्छन् मेरो देशमा । नियात्राले नेपाली बौद्धिक पाठकलाई भए पनि घचघचाओस् ! मैनबत्तीको युग सकियो, सूर्य सुवेदीहरू नेपाली माटोमा उज्यालोका लागि आवश्यक छ भन्ने बारेमा आएको यो सन्देश साहित्यिक पाठकका लागिमात्रै होइन; मातृभूमिका लागि हो ।

**नीला गोलार्द्ध :**

अन्याय र बेरूजु नहोस् लगानीको उच्चतम सदुपयोग होस् भन्नेमा लेखक ठाउँठाउँमा सचेत छन् । ठूलो धनराशि खर्चेर लण्डन घुम्न गएको गर्मीको निहुँमा कोठाभित्र बस्दा सबैतिरबाट अन्यायको महशुस हुनुबाट हामी सिक्न सक्छौ– भरपुर समयको उपयोग गरौँ ।

विश्व साम्राज्यवादको नाइके बेलायतको राजधानी लण्डन, त्यसको पनि केन्द्र, कस्तो होला ? नेपाली पाठकहरूका लागि कुतूहलताको विषय हो । लेखक लाखौँ खर्चेर पनि नेपाली पाठकहरूलाई घुमाउँछन् मात्र ३०० रूपैयाँमा । बेलायत घुमाउँदा लेखकले नयाँ मान्छेका लागि बेलायतीको कुतूहलता कम्तीको हुँदोरहेनछ भन्ने मात्र देखाएको छैन; मातृ-शिशु स्वास्थ्यको अवस्थाको बारेको चित्रणले सोच्न बाध्य छ । प्रश्न छ नेपाली शासकलाई– कहिले हुन्छ नेपालमा मातृशिशु मृत्युदर शून्य ? नीला गोलार्द्धले प्रश्न सोधेको ती जिम्मेवार हौँ हामी देश निर्माण भन्नेहरूलाई हो ।

अनुभव कति शक्तिशाली हुँदोरहेछ भन्ने एउटा उदाहरण कमन वेल्थ संसारका लागिमात्र होइन; सारा संसारका लागि शिक्षाको विषय लेखकको कलमले उनेको छ । अनुभवहीन ! "यति बेरसम्म त जन्मिसक्नुपर्ने हो अनुभवी विचरी केटलाई कस्तो पीडा भइरहेको होला, हामीचाहिँ यहाँ रमिते भएका छौ ।" मानवीय संवेदना र दैनिक जीवनका बारेमा लेखकको कलम यसरी हुबहु आएको छ कि यसले बताउँछ, नियात्राको वर्णन कस्तो हुनपर्छ ।

नेपाली राजनीतिले मासिएको भनेको नेपाली राजसंस्थाप्रति बेलयती जनताको कुतूहलताले बताउँछ– राज्य, राजसंस्था र शासकीय स्वरूप आदि सर्वत्र चासोका विषय रहेछन् । निष्ठापूर्वक कर्तव्यपालन र जिम्मेवारीपूर्ण

व्यवहारको बेलायती राजसंस्थाबाट नेपाली राजसंस्थाले केही सिक्यो, सिकेन; थाहा भएन । तर, बेलायती साम्राज्यवादलाई हार खुवाएको नेपाली राजसंस्थाको नेतृत्वको सन्तान अहिले राजकीय शक्तिबाट विमुख छ । सायद बेलायतीलाई हार खुवाएका नेपाल एकीकरणका शूत्राधार पृथ्वीनारायण शाहको दिव्योपदेशमा उल्लेखित नियमअनुसार जसरी राज्य सञ्चालन हुनुपर्ने हो, त्यसरी सञ्चालन हुन नसकेर त होइन ? यहाँ प्रश्न खडा हुन्छ । बाहिरी रूपमा जनताको आन्दोलनबाट हटाएको भने पनि विदेशीका भरिया भएका नेपाली नेतृत्वकर्ताले राजसंस्थालाई विदा गरे । राजनीतिक परिवर्तन भनिएको समयपछि बढ्दो वेथितिले नेपालीमनमा र नेपाली माटोमा राजसंस्थाले स्थान पाउन सक्ने अवस्था देखिन्छ ।

व्यक्तिको नामकरणमा सामाजिक प्रभाव बेलायतमा पनि प्रशस्तै पाइयो, जस्तैः लुईनाम गरेका फ्रान्समा १७–१८ जना राजा हुँदा बेलायतमा नहुँदाको पीडा, परम्परागत रूपमा नेपाली समाजमा न्वारन नामकरण गर्दा हिन्दू देवी–देवताको नाम राखिन्थ्यो ता कि देवताकै नाम जपियोस् । यो प्रसङ्ग पनि यहाँ जोड्न सकिन्छ । डाक्टरले दिएको समयमा २/४ दिन, हप्ता–दश दिन त प्रविधि र विज्ञानको उच्च विकास भएको बेलायतमा पनि फरक पर्दोरहेछ । यहाँ नेपाली समाज र नेपाली स्वास्थ्यकर्मीलाई लेखकले विदेशको अवस्था र प्रविधिमा पनि पुऱ्याउँछन् ।

बेलायतमा नयाँ राजा जन्मेको चार घण्टापछि सूचना आउँछ, कार्यविधिका कारण तर विडम्वना हाम्रो देशमा बहालवाला राजाको वंश सखाप हुँदा बाह्र घण्टा पछि पनि जनताले सूचना पाएनन् । हाम्रा नेपाली सञ्चालक कतै निपूर्ण नभएर त होइन ? यो नीला गोलार्द्धको आवश्यक प्रसङ्ग हो ।

सत्ताको विश्वव्यापी चरित्र एकै प्रकारको हुँदोरहेछ भन्ने प्रसङ्ग पनि नीला गोलार्द्धको अर्को नीलो गहिराइ हो । राजकुमारसँग विवाहपश्चात् केटको माइतीगाउँ नै फेरियो । नेपालमा पनि शासक दलका नेतृत्वका क्षेत्रमा बजेटको ठूलो हिस्सा जाने गर्छ– मात्र फरक बेलायतमा विकास हुनेरहेछ; नेपालमा विकास हुँदैन ।

सामाजिक प्रथालाई केही नयाँ रूपमा निरन्तता दिँदा उपयुक्त नै हुँदोरहेछ । हालसम्म पनि बेलायती कटुवाल प्रथाबाट सिकेर नेपालीहरूले पनि हाम्रो पुरानो प्रथा, परम्परा प्रचलनलाई बचाउन सकेमा भावी पुस्ताका लागि उपयुक्त हुनेथियो । यो प्रथा, परम्परा बचाउन चाहने सबैका लागि ग्रीनबिचको ठूलो सन्देश हो ।

जर्ज अलेक्जेन्डर लुईको शासन कालमा बेलायतको समग्र अवस्था कस्तो होला, यसबारेमा बेलायती सोच्न थाल्छन् । लेखक पनि सोच्नुहुन्छ, वर्तमानको दुःखी मातृभूमिलाई । त्यो बेला पक्कै देशमा शुशासन आउनेछ । नीला गोलार्द्धबाट लेखकको कामना बुझिन्छ– नेपालीजनका मनमा शान्ति र अनुहारमा क्रान्ति आओस !

**पाठकको जिम्मा :**

लेखकको कलमले पाठकलाई नीला गोलार्द्धमा पूरै घुमाउँछ तर कहीँकहीँ पाठकहरूलाई आफैँ खोज गर्नू भनेर प्रश्न पनि छाडेको छ । यहाँ निर कमनवेल्थ संसारको बारेमा पनि एक अनुच्छेद आएको भए सबै उमेरसमूहका पाठकका लागि सधैँका लागि महत्त्वपूर्ण सूचना हुनेथियो कि ?

छोरा जन्मे नीलाको परम्परा निरन्तरताका लागि उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म नीलोहुँदै दुवै गोलार्द्ध नीला हुन्छन् । हाम्रो संस्कारमा सन्तान जन्मेको छैठौँ दिनमा गरिने छैठी परम्परलाई यहाँ जोड्न सकिन्छ ।

अन्त्यमा, पुस्तक यात्रासाहित्यमा रूचि हुनेहरूका लागि त बुटी नै छ । देश, समाज, भूगोल बुझ्नेहरूका लागि पनि कम छैन । त्यसका साथै, विकासका भावी योजना बनाउन योजना आयोगमा कार्यरतहरूका लागि उत्तिकै आवश्यक छ । यहाँ विकसित देशको स्वरूप साहित्यकारको कलमबाट मात्रै आएको छैन; अर्थशास्त्रीको कलमबाट आएको छ । यो पुस्तकमा राजनीति, इतिहास, जनस्वास्थको सबाल, समाजिक वेथितिको फेहरिस्त, गैरसरकारी संस्थाका विकासे नारा, भाषा, संस्कृति, खानापानमाथिको नाङ्गो प्रहार, यन्त्रमानवीय आधुनिकता, आगामी समाजको विकास मोडल, रेलयात्राले दिएको देशको फरक-फरक परि दृश्य, सञ्चारले मारेको फड्को, शैक्षिक अभियन्ताको भावी योजना, मातृशिशु स्वास्थ्य, प्रथा, परम्पराको आधुनिकताआदि बुझ्न र समाजका लागि, देशका लागि सोच बनाउन सकिने ज्ञानको भण्डार रहेको छ ।

पुस्तक त्यसभन्दा पनि महत्त्वपूर्ण छ– नेपाली पेसेवर राजनीतिक कार्यकर्ता र शासकका लागि । धैर्य भएर पढेमा देशको बेहाल र विकसित देशको अवस्था छर्लङ्ग आएको छ । अब के गर्ने ? भन्ने योजना बनाउन विदेश घुम्ने होइन । शीर्षक-शीर्षकमा लेखकसँग विमर्श गरे, देश साँच्चीकै स्वर्ग बन्छ । यस उत्कृष्ट नियात्रालाई प्रकाशन गरी पाठकसामु ल्याउने प्रकाशकको नाम संयोगले 'उत्कृष्ट प्रकाशन' नै रहेको छ । उत्कृष्ट प्रकाशनले आगामी दिनमा पनि यस्तै उत्कृष्ट कृति प्रकाशन गर्दै जाओस् ।

■■



डा. तुलसी भट्टराई

# कायस्थ : सानो शब्दचित्र



“धेरै सम्पन्न विद्वान्हरूलाई म सुझाव दिन्छु– आफ्नो विद्वत्ता, ज्ञान र लेखनलाई आफैँभित्र अथवा पाण्डुलिपिका रूपमा पोको पारेर नराख्नुहोस् । आफ्ना विचार, भाव र लेखनलाई प्रकाशनमा ल्याइहाल्नुहोस् । केही धनराशी प्रकाशनलाई छुट्ट्याउनुहोस् । प्रकाशित गरेर पाठकसम्म पुग्न दिनुहोस् । मचाहिँ यही सोचेर आफ्नो लेखनलाई पुरानो हुन दिन्नँ, लेखेपछि प्रकाशनमा ल्याइहाल्छु । धन भन्ने कुराले कसैलाई पनि पुग्दैन । ‘महादेवको पनि धन देखेपछि तीन नेत्र खुल्छ’ भन्ने भनाइ छ । केही अंश प्रकाशनमा खर्च गरौँ ।” यो वरिष्ठ साहित्यकार मोहनबहादुर कायस्थको अभिव्यक्ति-स्वीकारोक्ति हो ।

बन्दीपुर-तनहूँमा वि. सं. २००० असार २४ गते दयालक्ष्मी र बिलबहादुर कायस्थका पुत्रका रूपमा धरती टेकेका हुन् मोहनबहादुर कायस्थले । कृषि र व्यापार दुवै क्षेत्रमा सक्रिय-सम्पन्न परिवारमा जन्मे-हुर्केका कायस्थले प्रारम्भमा त्यहीँको स्थानीय पाठशाला र पछि लमजुङ-दुराडाँडा हाईस्कूलमा अध्ययन गरेका थिए ।

काठमाडौँको जेपी हाईस्कूलबाट २०१६ सालमा एसएलसी., २०१९ सालमा त्रिचन्द्र कलेजबाट आईएस्सी अनि २०२७ सालमा भारतको आन्ध्र प्रदेशस्थित वर्नमेन्ट कलेजबाट विद्युत् इन्जिनियरिङ डिग्री प्राप्त गरेका हुन् । कायस्थले एस्एलसी र इन्जिनियरिङका बीच बन्दीपुर हाईस्कूलमा शिक्षण गर्न पनि भ्याए ।

२०२७ पौष २४ देखि नेपाल विद्युत् कर्पोरेसनमा इन्जिनियर जागिरमा प्रवेश गरेका कायस्थले २०५८ चैत्र मसान्तसम्म नेपाल विद्युत् प्राधिकरणमा अनवरत सेवा गरेर अवकाश लिए । यस सेवा अवधिमा धेरै वटा मानसम्मान, विदेश यात्रा, विभिन्न गोष्ठी, तालिम आदिमा सहभागी हुने अवसर पाएका थिए ।

२०१७ माघ १७ गतेका दिन निमायादेवीसँग एक प्रकारले केटाकेटी उमेरमा नै यी कायस्थको विवाह भएको हो । डा. भुवन कायस्थ र भूपेस कायस्थ

दुई पुत्र र दुई पुत्रवधूका साथै चार जना नाति-नातिनीसमेतको राम्रो पारिवारिक संयोजन छ कायस्थको ।

काठमाडौँको भीमसेनगोला मार्गमा बसोबास गर्ने श्री कायस्थका पूर्वजहरू भक्तपुरको नेवार समुदायका हुन् । कतिपय साथीभाइले कायस्थ भनेको मधेस मूलको व्यक्ति हो कि भन्ने प्रश्न गर्ने र ठान्ने गरेकाले पनि यिनी आफ्ना पूर्वज भक्तपुरका नेवार हुन् भन्ने गर्दा रहेछन् ।

पेसाले इन्जिनियर भए पनि विद्यार्थी कालदेखि नै यी कायस्थ लेखन क्षेत्रमा रुचि राख्थे । यिनले २०२२ सालदेखि नै कविता, लेख, निबन्ध, कथाआदि लेख्ने र पत्रपत्रिकामा प्रकाशित गर्ने गरेका हुन् । इन्जिनिरिङ क्षेत्रसँग सम्बद्ध लेख, अनुसन्धानपत्र एवम् पुस्तकहरू पनि लेखेका र प्रकाशित गरेका छन् । २०४१ सालदेखिचाहिँ साहित्यिक कृति प्रकाशन गर्न थालेका श्री कायस्थका २०७६ सालसम्ममा ४० वटा विभिन्न विधाका कृतिहरू प्रकाशित भइसकेका छन् । बहु विधा पाइन्छ उनको लेखनमा ।

कविता, गीत, मुक्तक, गजल, चोका, ताङ्का र हाइकुसँगसँगै कथा, निबन्ध, संस्मरण, यात्रा एवम् उपन्याससम्म फैलिएका छन् कायस्थ । २०२२ सालमा पहिलो पटक 'प्रण' शीर्षकको कविता बन्दीपुरको पद्म पुस्तकालयको हस्तलिखित मुखपत्रमा छापिएको सुखद सम्झना सँगालेका छन् उनले । त्यति बेला उनी शिक्षण गर्दै थिए । उनले अङ्ग्रेजीमा पनि कविता, कथा लेख्ने गरेका छन् ।

उनका सिर्जनामध्ये सम्पादन क्षेत्रमा महत्त्वपूर्ण कार्य गरेका छन् । उनले सम्पादन गरेकामध्ये यशस्वी देवकोटा शतवार्षिकी (२०६६ साल) मा प्रकाशित गरेका थिए । यो ज्यादै गहन कृति हो ।

२०६९ सालमा प्रकाशित 'सत्यमोहन जोशी : व्यक्ति एक अभिव्यक्ति अनेक' नामक ग्रन्थ श्री जोशीका बारेमा जान्नबुझ्न खोज्नेका लागि कोसेढुङ्गाजस्तै बनेको छ । त्यसैगरी 'बन्दीपुरका लेखक कवि साहित्यकार' (२०७०) पनि अर्को महत्त्वपूर्ण सम्पादित कृति हो । यसले बन्दीपुर क्षेत्रको बाङ्मयिक योगदानलाई छर्लङ्ग पार्ने काम गरेको छ । उनले सम्पादन गरेका अन्य चार वटा कृति पनि उपयोगी छन् ।

अवकाश जीवन बिताउँदै गरेका कायस्थले यति बेलाचाहिँ आफ्नो दैनिकी विभिन्न विधाका कृतिहरूको अध्ययन र लेखनलाई नै बनाएका छन् ।

काठमाडौँमा पढ्न बसेको बेला २०१६ सालमा आफ्ना शिक्षक हरिहरनाथ रेग्मीको प्रभावसँगै महाकवि देवकोटाका कृतिहरूबाट उत्प्रेरणा जागेको बताउने कायस्थमा महाकविको रोगशय्याको दृष्यसमेत आज पनि प्रस्ट सम्झना हुनेगर्छ । देवकोटाका कृतिप्रति उनी सदैव समर्पित भएर अध्ययन गर्ने गर्छन् ।

जुन विषयमा लेखिन्छ, लेख्नेबित्तिकै छपाइहाल्ने बानी छ उनको । उनी भन्छन्– "निवृत्तिभरणकै रकमबाट केही रकम छुट्ट्याउँदै आएको छु– कृति प्रकाशनका निम्ति ।"

कायस्थ प्रायः नयाँ प्रकाशित कुनै पनि कृति किनेर पढ्ने र सङ्ग्रह गर्ने गर्छन् । अरूलाई पनि भरसक पुस्तक किनेरै पढ्न उत्प्रेरित गर्छन् । दर्जनौँ दैनिक र साहित्यिक पत्रपत्रिकामा श्री कायस्थका अन्तर्वार्ताहरू छापिएका छन् । एक जना प्राविधिक इन्जिनियर भएर पनि साहित्य साधनामा सक्रिय रहँदै आउनु उनको विशेषता हो । कान्तिपुर, सगरमाथा एफएमलगायत धेरै वटा सञ्चार माध्यमबाट उनका अन्तर्वार्ता र रचनाहरू प्रसारित हुने गरेका छन् ।

कायस्थ आफूले आफ्नै कृतिहरूमध्ये कुनै एउटा रोज्नुपर्दा चाहिँ 'ठूलाहरू' भन्ने पुस्तक रोज्छन् । 'किन यो पुस्तक रोजाइमा परेको ?' भन्दा यस पुस्तकमा चर्चित व्यक्तिहरूको चरित्र चित्रण र यथार्थ छ । उपन्यास लेख्नुपर्ने कारणचाहिँ सामाजिक चित्रण गर्ने मनसायले गर्दा हो । त्यस्तै उनले बालसाहित्यमा पनि कलम चलाएका छन् ।

त्यसो त उनले कुनकुन मुलुकको भ्रमण गरे भन्नेबारे जान्नुपर्दा 'चालीस फन्को' भन्ने यात्रा कृति पढ्दा थाहा पाइन्छ । यसमा प्रायः उनको यात्राका सबै विवरणहरू छन् ।

इन्जिनियरिङ क्षेत्रसँग सम्बद्ध आधा दर्जनभन्दा बढी सङ्घसंस्थामा आबद्ध कायस्थ एक दर्जनभन्दा बढी सामाजिक एवम् साहित्यिक संस्थाहरूमा प्रत्यक्ष-अप्रत्य संलग्न रहेका छन् । एक दर्जनजति पत्रपत्रिका र संस्थाहरूमा आजीवन सदस्य पनि बनिसकेका छन् । नेपालभाषा र अङ्ग्रेजी भाषामा पनि केही कृतिहरू प्रकाशित गरिसकेका कायस्थको व्यक्तित्व बहुआयामिक छ ।

"हो, म खाली बसिरहन सक्दिनँ । मनमा लागेका कुरा कागजमा उतारिहाल्छु । कुन बेला के लेख्ने भनेर साइत पनि जुराउँदिनँ । लेख्ने भनेर कतिपय कविलेखकको जस्तो ढाँचाढर्रा पनि गर्दिनँ । लेखक कवि भएर जीवन

नै धरापमा पारेको भ्रम पाल्नेहरू पनि छन्, तर म त्यस्तो आडम्बरीचाहिँ होइन । मन लागेको बेला लेख्छु, कसैको करकाप हुँदैन लेखनमा ।

यो एक प्रकारले स्वेच्छाको कुरा हो । मलाई एक प्रकारको आनन्दानुभूति हुन्छ लेख्दा । मलाई आनन्द लागेको कुरा अरूलाई मन पर्न, नपर्न पाउने अधिकार छ । पाठकको आफ्नै मन हुन्छ, छुट्टै मन हुन्छ, छुट्टाछुट्टै रुचि र चाहना हुन्छ । सबैलाई एउटै तराजुमा जोख्न मिल्दैन । प्रत्येक व्यक्ति फरक-फरक बनाइदिएको हुन्छ नियति-प्रकृतिले । 'म' मजस्तै छु । म अरू कसैसँग दाँजिन्नँ र कसैलाई कसैसँग दाँज्नु पनि हुँदैन ।

हामीकहाँ यस्तो पृथक् चिन्तन आउन सकेजस्तो लाग्दैन । आफैँजस्तो, आफ्नै रुचि अरूमा लाद्न खोजेजस्तो गर्दा कहिल्यै पनि मुख्य विन्दुमा पुग्न सकिँदैन । त्यसैले यो मोहनबहादुर कायस्थ मोहनबहादुर कायस्थ नै भएर लेख्छ, सोच्छ । कसले के भन्छ ? के ठान्छ ? त्यो विचार गरिरहँदैन ।"

कायस्थको यो अभिव्यक्तिपछि उनका बारेमा अरू लेखिरहनु पनि उपयुक्त नहोला ।

■■



**नारायणप्रसाद आचार्य**

# फसाद



राजधानी काठमाडौँबाट नजिकै नुवाकोट सदरमुकामदेखि दक्षिणपूर्व करिव ६० कि.मि. टाढा साविक ओखरपौवा गा.वि.स., हाल ककनी गा.पा. वडा नं. ३ मा पर्ने स्थानमा त्रिशूली-काठमाडौँ २२० के.भी. प्रसारण लाइनको टावर निर्माण गर्नुपर्ने थियो । नेपाल विद्युत् प्राधिकरणबाट सम्पूर्ण प्रकृया पूरा गरी जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट जग्गा अधिग्रहणका लागि सूचना प्रकाशित भई आसपासका जग्गाहरूको मुआब्जा वितरण गरी टावर निर्माण गर्ने कार्यसमेत सम्पन्न भएको अवस्था थियो ।

टावर नं. ३५-४ निर्माण गर्ने जग्गाको जग्गाधनी मल्ल थरका थिए । उनीहरू कहाँ बस्छन् ? के गर्छन् ? पत्ता लगाउन सकिएको थिएन । कोही विदेशमा छन् भन्थे, कोही काठमाडौँतिरै व्यवसाय गरेर बसेका छन् भन्थे भने कोही २/३ पुस्तादेखि यता नआएको कुरा गर्थे ।

आसपासका जग्गामा टावर निर्माणको काम सम्पन्न भैसकेको अवस्थामा अनन्त कालसम्म काम रोकेर कुर्न नसकिने र समयमै निर्माण कार्य सम्पन्न गर्न ठूलो दवाव थियो । त्यसैले, निर्माण कार्यका लागि ठेकेदारलाई आदेश दिइयो । करिब-करिब ८/१० दिन निर्बाध रूपमा टावर निर्माण गर्न आवश्यक जग खन्ने काम भयो ।

टावर निर्माणको काम गर्दै जाने क्रममा खन्नुपर्ने ४ वटा खाडलमध्ये एउटा ६ मिटर गहिरो, अर्को ४ मिटरजति र अन्य २ वटा पनि २/३ मिटरजति गहिरो खनेको अवस्थामा एकदिन अनायासै एक हुल गँजेडीहरू आएर आफ्नो जग्गामा विनाअनुमति काम गरेको भनी अवरोध सृजना गरे । हामीहरूले जग्गा मल्ल थरका मानिसको भएको दलिल पेस गऱ्यौ । बुझ्दै जाने क्रममा उनीहरूमध्ये १ जनाको बाबु (मृत्यु भैसकेको) को नाममा मोहीको पुर्जा पनि रहेछ । त्यसपछि विवाद समाधानका लागि उनीहरूसँग छलफल गरियो । ४ मानाजति तोरी र टिप्दैटिप्दै बिक्री हुन छोडी बोट नै सुकिसकेको गोलभेडाको क्षतिपूर्ति स्वरूप

ठूलो रकमको माग तेर्स्याइयो । आपसी समझदारीमा क्षतिपूर्ति स्वरूप ठेकेदारले आयोजनाको रोहवरमा २० हजार नगद उपलब्ध गराउने र सोपश्चात् कसैले काममा कुनै प्रकारको अवरोध गर्न नपाइने भनी सहमति भयो । सोहीअनुसार काम सुचारु गर्न लगाई सो ठाउँबाट विदा भइयो ।

भोलिपल्टदेखि कामदारहरू ढुक्कसँग काम गर्दै थिए; एक्कासि करिब ४० वर्षजतिको एक अधबैंसे मानिस आएर विनाबोलचाल ६ मिटर गहिरो खाडलमा काम गरिरहेका मानिसलाई भित्रै राखेर भट्टाभट खाडल पुर्न थाल्यो । अब परेन फसाद ! हिजोमात्र सम्झौता भएको, आज यस्तो ? अनि उक्त मान्छेलाई त्यसो नगर्न अनुरोध गर्दै 'तपाईं को हो ? किन यसो गर्नुहुन्छ ?' भन्दा ऊ त 'म यो देशको सुरक्षा निकायमा काम गर्ने सुरक्षाकर्मी (दुई प्रमोसन भैसकेको) हो' भन्छ र 'आफ्नो जग्गामा विनाअनुमति किन काम गरेको ?' भनी प्रतिप्रश्न गर्छ ।

त्यसपछि 'यसरी खाल्टोभित्र मान्छे राखी खाल्टो किन पुरेको ?' भन्दा 'सुरक्षा निकायको मान्छे हुँ; सुरक्षा गरेको ।' पो भन्छ । अब परेन फसाद !

■■

*उपनिर्देशक, प्रसारण निर्देशनालय, नेविप्रा*



लीलाराज दाहाल

# छूट



यात्रु प्रतीक्षालयमा सार्वजनिक बस आएर रोकियो । बस पर्खनेहरूको भीड थियो । बलिया युवा-युवतीहरू त ठेलठाल गरी बसमा चढे । एउटा खुट्टा काटिएर वैशाखी टेक्ने शारीरिक अशक्त शिव र जेष्ठ नागरिकहरूलाई बस चढ्न निकै बेर लाग्यो । उनीहरू बडो सकसले बल्लतल्ल बसमा उक्लिए ।

बसभित्र पनि भीडभाड थियो । अशक्त र जेष्ठ नागरिकलाई छुट्ट्याइएको सिटमा त युवायुवती पो आनन्दले बसिरहेका थिए । यहाँ पनि निकै लामो तर्कवितर्कपछि मात्र उनीहरूले आफ्नो आरक्षित सिट भेट्टाए । बसका चालक, सहचालकहरूका कर्कश हप्काइले पनि यात्रुहरू पीडित भएर यात्रा गर्दै थिए ।

सहचालक भाडा उठाउँदै आयो । फेरि पनि सहचालकको ओठबाट विवादको कर्कश ध्वनि निस्कियो । वृद्धवृद्धाले यत्ति भनेका हुन्– "हामी जेष्ठ नागरिक हौँ । भाडामा सरकारले तोकेको सहुलियत देऊ ।"

अशक्त यात्रु शिवले पनि यत्ति भनेको हो– "म अशक्त हुँ । भाडामा छूट गर ।"

सहचालक च्याँठ्ठिएर कर्कश स्वरमा बोल्यो– "कार्ड छ, कार्ड ?"

वृद्धवृद्धाले त जेष्ठ नागरिक परिचयपत्र बोकेका रहेछन्, देखाए । तर उसले अशक्त परिचयपत्र बोकेको रहेनछ । सहचालक फेरि चर्कियो– "कार्डविना पाइन्न छूट !"

"मेरो एउटा खुट्टा छैन । यी हेर ! घुँडामाथि काटिएको ठूटो । वैशाखी टेकेर हिँड्छु । म शारीरिक अशक्त होइन ?"

यतिखेर शिवको मनको आकाशमा आशङ्काको बादल मडारिन थाल्यो ।

सहचालक भने अझै भन्दै थियो– "तपाईंको खुट्टा होस् कि नहोस्, मलाई के मतलब ! मलाई त कार्ड चाहिन्छ, कार्ड !"

■■

*वाग्मती-११, कर्मैया, सर्लाही*

शारदादेवी भट्टराई पोखेल

# गजल



तिमीले भात खाए पनि मलाई काम दिनू
मैले लात खाए पनि तिमीले नाम लिनू

मेरै त थियो प्यारो काँध पुग्न उचाइमा
मलाई साथ छोडे पनि तिमीले ठाम लिनू

आयो कस्तो समय सेतोलाई कालो देख्ने
मलाई बात लाए पनि तिमीले दाम लिनू

जीवनको कैयौँ यात्रा अझै गर्न बाँकी नै छ
मलाई हात छोडे पनि तिमीले धाम लिनू

कति छोप्नु र अघि–पछि तिम्रा स्वाँगी कुरा
तिम्रा हरेक गल्तीमा पनि मेरै नाम लिनू !

*के.क.प्र. शाखा, ने.वि.प्रा., दरबारमार्ग, काठमाडौँ ।*

राजनप्रसाद कोइराला

# सती-घाटु नाचका प्रत्यक्ष दृश्यहरू



घाटु-नाच गुरुङ, मगर, दुरा, जातिको सांस्कृतिक प्रचलनमा रहेको नाचहरू मध्येको प्रमुख नाच हो । नेपालका विविध जनजातिमध्ये यी जात-जातिहरूमा यो नाच नाच्ने-नचाउने गरिन्छ । घाटु-नाच वैशाख पूर्णिमाका दिन मनाइने चलन छ । यो घाटु-नाच पनि दुईथरी हुन्छन् । एकथरी सती घाटु-नाच र अर्कोथरीको घाटु-नाचलाई बाह्रमासे घाटु-नाच भनिन्छ । वैशाख पूर्णिमा (चण्डीपूर्णिमा) को दिन पारेर मनाइने नाचलाई सती-घाटु-नाच र अर्को नाचलाई वाह्रमासे घाटु-नाच भनिन्छ । गुरुङ जातिहरूले मनाउने विविध नाचमध्ये घाटु-नाच अन्य नाचको तुलनामा अलि कठिनजस्तो देखिन्छ । तथापि, परम्परागत रूपमा पुर्खाले मनाउँदै आएको यो नाच मनाउँदा फाइदा हुने यसका समर्थकहरूको भनाइ छ ।

नेपाल सानो मुलुक भए तापनि विविध जातजाति, भाषा-भाषीहरूको बसोबास गरेको मुलुकमा यी समुदायहरूको आ-आफ्नो संस्कृती, परम्परा जोगाइराख्नु प्रत्येक जातजाति भाषाभाषीको कर्तव्य पनि हुन आउँदछ । तथापि, कतिपय अन्धविश्वासहरूलाई छोड्दै जाने र मानवहीतका राम्रा पक्षहरूको संरक्षण गर्दै भावी पुस्तालाई कला, संस्कृतिहरूका बारेमा चिनारी गराउँदै जोगाउने र आउँदो पुस्तालाई हस्तान्तरण गर्ने कार्य गर्नु हालको पुस्ताको कर्तव्य पनि हो ।

दुई हजार चौहत्तर साल वैशाख ३१ गतेको स्थानीय चुनाव गराउनका लागि मतदान अधिकृतको जिम्मेवारी प्राप्त भयो । कार्यरत कार्यालय लमजुङ जिल्लामै भएकोले आफ्नो चुनाव गराउने कार्यक्षेत्र लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिकाको डढुवा दुर्छा माध्यमिक विद्यालयमा केन्द्र पर्न गयो । सो चुनाव गराउन वैशाख २७ गते बुद्धजयन्तीका दिन आफ्नो टिममा खटिएका कर्मचारीतर्फ पाँच जना र सुरक्षाकर्मीहरू दश जनासहित पन्ध्र जनाको टोली सो

केन्द्र रहेको गुरुङ बस्तीतिर लाग्यौं । डढुवा लगभग भोर्लेटार बजारबाट गाडी चढेर जाँदा दुई घण्टा उकालो, घुमाउरो कच्ची मोटरबाटोबाट पुगिने रहेछ । डढुवा भन्ने स्थानमा उक्त दिन पुग्दा रातिको आठभन्दा बढी भैसकेकोले होटलमा खाना खाएर सुत्ने कार्य भयो ।

भोलिपल्ट देखि चुनावी माहोल सिर्जना गर्न र परिचयपत्र वितरण गर्न थालियो । हाम्रो उद्देश्य मतदाता परिचयपत्र वितरण गर्ने र चुनाव सम्पन्न गर्ने भए तापनि गुरुङ बस्ती भएको र बौद्धपूर्णिमा परेकोले बेलुकाको समय निकालेर परम्परागत रूपमा चलिरहेको घाटु-नाच केही समय हेर्ने मौका मिल्यो । सो नाचबारे जानकारी सोही विद्यालयकी एक शिक्षिका तथा मतदाता स्वयम्सेवक कार्यकर्ता फेला परिन् । उनी पनि गुरुङ समुदायकै भएकी र उनलाई चुनावको परिचयपत्र वितरण गर्ने कार्यमा राख्नैपर्ने भएकोले सोधनी गर्दै जाँदा उनी फेला परिन् र चुनाव अवधिभर दिउँसोको चुनावी कार्यमा हाम्रो टिममा रहिन् । त्यस गाउँमा अधिकांस गुरुङबस्ती भएको पाइयो ।

गुरुङ जातिहरू गुजुमुज्ज परेको गाउँमा बस्ने र घरमाथि आँगन, आँगनमाथि घर तरिकाले बनाइएको स-साना जस्तापाताले छाएको प्रायशः एक तल्ले घर हुँदारहेछन् । त्यस स्थानको मानिसले भनेअनुसार कुनै पनि घरमा सानो कुरा भयो भने टोलभरिनै थाहा हुनेरहेछ । शहर एरियामा जस्तो एक घरको कुरा अर्को घरकालाई थाहा नहुने होइनरहेछ । नेपालको पहाड एरियामा पनि अलि फरकफरक पारेर घरहरू निर्माण गरिएका हुन्छन तर गुरुङ जातिहरूको त्यस्तो नहुनेरहेछ । अनि, महिला स्वतन्त्रता पनि बाहुन-क्षेत्रीहरूको समाजको तुलनामा अलि बढी नै हुनेजस्तो देखियो । नाचगानलगायतका जात विशेषका पर्वहरूमा उनीहरूले प्रफुल्ल मुद्राले मनाउने र आमा समूह, बावु समूह, युवा-युवतीको समूह मिलेर बनाएको र उक्त नाचगानमा भाग नलिनेहरूलाई त्यहाँका क्लबहरूले जरिवानासमेत गर्ने गर्दारहेछन् । नाचगानमा नजानेलाई क्लबले जरिवाना गर्ने र सोवापत सङ्कलन भएको पैसाले खानपान गर्ने, नाच्ने, गाउने र यसो मन्दिरलगायतका सामाजिक काममा पनि प्रयोग गर्ने गरेको पाइयो ।

लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिकाको वडा नं ८ मा डढुवा दुर्छा माध्यमिक विद्यालय पर्ने रहेछ । सो स्थान त्यस एरियाको डाँडामा पर्नेरहेछ । सो विद्यालयको भवन निर्माण उद्घाटन सन २००८ मा भएको रहेछ । भवनको निर्माण कुनै विदेशी संस्थाले गरेको देखियो । विद्यालयमा दश कक्षासम्म पढाइ हुने र

पढाइको माध्यम भाषा अङ्ग्रेजी हुन्छ भन्ने सुन्नमा आयो । सँगै विद्यार्थीहरूका लागि होस्टल भवन बनाइएको रहेछ साथै विद्यार्थीहरू सुत्न खाटलगायतका सरसामानको समेत व्यवस्था रहेछ । चुनावकै कारणले स्कूल विदा भएकोले हामी सोही होस्टलमा भएको सरसामान प्रयोग गरी पाँच दिन बितायौँ ।

चुनावताका तनावको समयमा सबै सचेत नागरिकहरू यताउता भौँतारिइरहेको र जनमत आफूतिर पार्न कुदाकुद भएको समयमा पनि सो गाउँमा वैशाख पूर्णिमामा लाग्ने घाटु-नाच चलिरहेकोले सो गाउँको केही टाढाटाढा बस्ने इष्टमित्रहरू आइसकेका रहेछन् । पछि, चुनावमा भोट हाल्न पोखरातिर बसोबास गरेका र मतदाता परिचयपत्र डढुवामै भएकाहरू मतदान गर्न आए । तथापि, त्यस डढुवा गाउँका बासिन्दाहरू भने घाटु-नाच नचाउने, नाच्ने र खाइपिई रमाउँदै थिए ।

चुनाव गराउने बोझ हुँदाहुँदै पनि केही साथीसहित प्रत्यक्ष घाटु-नाच नाचेको हेर्न मलगायत हामी तीन जना साथीहरू बेलुकीको समयमा गयौँ । करिब आधा घण्टा बसेपछि सो नाचबारे प्रत्यक्ष रूपमा हेर्न र सोबारे जानकारी लिन मद्दत पुग्यो । हामी उक्त नाच हेर्न जाँदा नाच चलेको दोस्रो दिन परेछ, त्यो पनि बेलुकीको समय रहेको थियो ।

नाच सुरु गर्दा करिब १०-११ वर्षका सोही डढुवा स्कूलमा दुई र कक्षा तीनमा पर्ने गुरुङ समुदायका बालिकाहरू जो रजस्वला नभएका र बाबुआमाले र उनीहरूकै स्वीकृति लिएर नाच्न बसेका बालिकाहरू उनीहरूकै आमाहरूको काखमा आँखा चिम्लिएर निदाइरहेका थिए । उनीहरू दिउँसोभरि नाचेर थाकेकाले आँखा नहेरी केही बोलिरहेका र उनीहरूको अभिभावकहरूले केही खुवाइरहेका थिए । सँगै नाङ्लोमा १००-५० र १०-२० रूपैयाँ पैसाको थुप्रो पनि थियो । बच्चीहरूको नजिकै दुई जना ६०-६५ वर्षजस्ता देखिने पुरुषहरू केही हेरेर पढिरहेका थिए । सँगै मखुण्डो लगाएर एक जोडी नाच नाचिरहेका रहेछन् । त्यस नाचलाई घर्ती-नाच भनिनेरहेछ । यो घर्ती-नाच घाटु-नाच सुरु भएको दोस्रो दिन नचाउने गरिँदोरहेछ ।

त्यस्तै बालिकाहरूले ननाचेको समयमा रमाइलोका लागि युवा-युवतीहरू जोडि बाँधीबाधी नाच्ने रहेछन् । बालिकाहरू निदाइरहेका र साँझको समयमा अँध्यारो भैसकोकोले हतारहतारमा प्रत्यक्ष घाटु-नाच हेर्न बस्यौँ । हाम्रो बसाई नाचगान भैरहेको समयभन्दा माथिल्लो घरको आँगनमा रहेको थियो ।

एउटी बालिका अलि बिस्तारै उठिन् । उनकी आमाले केही भन्दै थिइन् । अर्की अझै निदाइरहेकी जस्ती लाग्दथिन् । गुरुहरू गीतको ताल झिकेर भट्ट्याउन थाले । निदाइरहेकी बालिका बिस्तारै उठेर घुम्दै, बस्दै गर्न थालिन् । एउटी अलि फुर्तिली, अर्की अलि ढिला नाच्दै थिइन् ।

उनीहरूको शिरमा धानको फुल भुटेर माला श्रीपेचजस्तै गरी लगाइदिएको थियो । त्यस्तै धोती, चोला र पटुकी बाँधीदिएको थियो भने घाँटीमा तिलहरी लगाइदिइएको थियो । हातमा धनुषबाँडजस्तो देखिने खेलौना गाउँघरमै बनाइएका चीजहरू दिइएका र त्यो तीर हानेजस्तै गरी कहिले बस्ने र कहिले उठीउठी गुरुहरूकै गीतको तालमा नाच्दै थिए तर उनीहरूले अघिल्लो दिनदेखि त्यस दिनसम्म आँखा खोलेका थिएनन् ।

उनीहरू भन्दै थिए— तेस्रो दिन समाप्त गरेपछि मात्र उनीहरूले आँखा खोल्न मिल्छ रे ! यसरी आखाँ चिम्लिन गुरुहरूले गीत गाउँदा-गाउँदै अथवा गीतको तालमा मन्त्रोच्चारण गर्दागर्दै आँखा बन्द हुन्छ रे ! देवीदेवताको बास ती कन्याहरूमा भयो भनेर आँखा चिम्लिएपछि नचाउन थालिनेरहेछ । दिनदिनै केही समय आराम, खानपीन गराउँदै तेस्रो दिनसम्म चल्नेरहेछ । यस किसिमको नाचलाई घाटु-नाच भनिनेरहेछ भने अर्को वर्षैभरि नाच्ने नाचलाई चाहिँ बाह्रमासे घाटु-नाच भनिनेरहेछ । बाह्रमासे घाटु-नाच युवायुवतीहरूले नाच्न जहिले पनि सक्ने तर यी बालिकाहरूले नाचेको नाच सतीघाटु-नाच रहेछ । यस्तो नाच नचाउँदा गाउँघरमा सहकाल आउने, सबैको कल्याण हुनेआदि भनिने रहेछ । यस्तो नाच नाच्ने गुरुङ कन्याहरू युवास्थामा अलि रोगी हुन्छन् भन्ने भनाइ पनि रहेछ । तर, आफ्नो कूल-धर्म बचाउन, समृद्धि भित्र्याउन यो नाचको विशेष महत्त्व गुरुङ समुदायमा हुनेरहेछ ।

साथै, गुरुङ बूढापाकाहरूलाई यस्तो नाच नचाउने उत्तराधिकारी युवापुस्ताहरू रोजगारीको सिलसिलामा कोही ब्रिटिश लाहुरे, कोही भारतीय सिपाही, कोही कतार, दुवईमा गएकाले यसको तान्त्रिक विधि हस्तान्तरण गर्न नपाइएला कि भन्ने चिन्ता पनि रहेछ ।

अन्तमा, स्थानीय चुनाव २०७४ गराउने दौरानमा डढुवाका गुरुङ समुदायको सुखसमृद्धि भित्र्याउने भनिने सतीघाटु-नाच प्रत्यक्ष हेर्ने मौका मिल्यो । बाह्रमासे घाटु-नाच युवा युवतीहरू मीलेर नाच्ने तर यो विशेष प्रकारको सतीघाटु

हेर्न वर्ष दिन कुनुपर्ने भए तापनि संयोगले हेर्न र गुरुङ समुदायको सांस्कृतिक पक्षबारे जान्ने मौका मिल्यो । अन्य यूट्युवमा लोड गरिएका नाचहरूमा दर्शक तान्ने व्यावसायिकतातर्फ उन्मुखभन्दा यो नाच धार्मिक तवरबाट तान्त्रिक विधिपूर्वक सबैको हित–कल्याणका खातिर नचाइएको नाच हेर्न लम्जुङको डढुवा भन्ने स्थानमा मात्र पाइयो ।

नाचगानले जीवनलाई सुखमय बनाउनु निश्चय नै रमाइलो पक्ष हो । नेपालका सबै समुदायहरूले धर्म र संस्कृतिको नाममा मदिरा सेवन कम गर्नु, गराउनु र गुरुङ, मगर, दुरा समुदायहरूले सतीघाटु-नाच नचाउँदा नाच्ने बालिकाहरूको स्वास्थ्यको बारेमा अलि ध्यान दिनुपर्ने पो हो कि भन्ने निचोड रह्यो ।

■■

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष - कुलप्रसाद पराजुली
उपाध्यक्ष - केशवप्रसाद रूपाखेती
सचिव - कृष्णमोहन जोशी
सहसचिव - पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष - कमला श्रेष्ठ
सदस्यहरू - गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष - केशवप्रसाद रूपाखेती
उपाध्यक्ष - मातृका पोखरेल
सचिव - कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष - विष्णुबहादुर सिंह
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष - वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष - गोसाई के.सी.
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - कृष्णदेव रिमाल
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष - पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - कृष्णदेव रिमाल
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष - रामेश्वर राउत मातृदास
उपाध्यक्ष - कृष्णदेव रिमाल
सचिव - मञ्जुलाल श्रेष्ठ
सहसचिव - प्रकाश आचार्य
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छेटौँ एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

संरक्षक

**हितेन्द्रदेव शाक्य**

(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गःसी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५११९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६
३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०

३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान– ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल– ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक– ९८४१२७८६५८
४०. सरोज अर्याल– ९८४६०८८२३१
४१. यादवराज घले– ९८४१३६१६९६
४२. उषा सिंह– ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल– ९८४१८३५६८५
४६. राजु शर्मा– ९८४१४२६४६२
४७. रीता खनाल– ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई– ९८४९३६५९९७
४९. सुभाष दाहाल– ९७५१००८२२६
५०. सिन्धु यादव–
५१. नवराज भट्ट–
५२. रङ्गराज सिंखडा–
५३. भोजराज पौडेल–
५४. अनिरुदप्रसाद यादव– ९८४१५०२३५८
५५. हरिकृष्ण शाह– ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय– ९८४१३९०१९३
५७. दीपक दाहाल– ९८४९१७४७९९
५८. आर.आर. चौलागाई– ९८४५३५१०००
५९. कृष्णहरि दाहाल– ९८५११९९००२
६०. गोसाईं के.सी.– ९८५१०१२२५३
६१. मधुकर थापा–
६२. ओमप्रकाश घिमिरे– ९८४१६३५९१९
६३. सुजाता थापा– ९८४१३८९४३१
६४. दीपकराज आचार्य–
६५. गङ्गालाल श्रेष्ठ–
६६. राजकुमार रमण– ९८४१२३४३५३
६७. उमा घिमिरे– ९८४१९३२५४२
६८. रीता खनाल– ९८४१६०२१७२
६९. समीरा नेपाल–
७०. दीपक ढकाल– ९८४३८४८८९५
७१. शङ्कर खड्का– ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु– ९८४१८१८२५७
७३. प्यारु राणा– ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी– ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ– ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल– ९८५११९०६७५
७९. कोमल कौशिक– ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने– ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी– ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल– ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित– ९८५११०४५६७
८४. केशवराज वाग्ले–
८५. राजु के.सी.– ९८४१४०२७३५
८६. चण्डिका रायमाझी– ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी– ९८४१४०२८३६
८८. तारादत्त भट्ट– ९८५११३५३९२
८९. शारदा पराजुली– ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट– ९८४८०२४९६५
९१. कपिलदेव महतो– ९८४१२७२७६६
९२. थर्कबहादुर थापा– ९८४१२२४९३९
९३. इन्दिरा पौडेल–
९४. शारदादेवी भट्टराई– ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ– ९८१०३६३९३०
९६. टीकाराज कार्की– ९८५१०६९५६८
९७. प्रकाश आचार्य– ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान– ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना– ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल– ९८४१५४८३९३
१०१. शिव राई– ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी– ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई– ९८४१२२८४५९
१०४. सुशीला लामा– ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ– ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती– ९८५१०३६७७६
१०७. चूडामणि आचार्य– ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम– ९८५८४२६८८
१०९. इन्दिरादेवी दाहाल– ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'– ९८४९४४७४८९
१११. बलराम पुडासैनी– ९८४१४०५००७

११२. केदारराज सिलवाल– ९८५१०९४४५९
११३. भरतकुमार खड्का– ९८५१०३४६७५
११४. भोला शर्मा– ९८४१३३७७७२
११५. उर्मिला शर्मा– ९८४१०५५९५८
११६. चेवन काफ्ले–
११७. मुकुन्दप्रसाद प्रसाईं– ९८४३०५१४५०
११८. बलराम चौलागाई– ९८४९२३५४९६
११९. मनोज सिंह– ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल– ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ–
१२२. कृष्णकान्त पण्डित– ९८४१७६२९४०
१२३. देवीमाया दाहाल– ९८४१३३३७९४
१२४. निर्मला सुवेदी– ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने– ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी– ९८५११८८२५४
१२७. देवराज घिमिरे–
१२८. बोधनाथ रिमाल– ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल– ९८४१५४८३७८
१३०. कल्पना कोइराला– ९८४१८०३२००
१३१. थीरकुमार खत्री– ९८४१५७०९२२
१३२. सोमराज शाह– ९८४१०२७९२७
१३३. सङ्गीता कार्की– ९८४१७४९३४९
१३४. शोभा थापा– ९८४१८६५९०४
१३५. रामशरण उप्रेती– ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल– ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी– ९८५११३०४२१
१३८. दुर्गा काफ्ले– ९८४१५१०५४७
१३९. प्रशून अधिकारी– ९८५११६६८१०
१४०. रामहरि गौतम– ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल– ९८४५४६०५२
१४२. मदन तिम्सिना– ९८५११९८३४५
१४३. हरराज न्यौपाने– ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र– ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी– ९८४१४७५२८७
१४६. मनोज सिलवाल– ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल– ९८४१७३२२७१
१४८. रमेश पौडेल– ९८४१२५३१८६
१४९. जयराज भण्डारी– ९८४१२४२६५५
१५०. शम्भु बस्नेत– ९८५१०७४००४
१५१. हरिहर बराल– ९८४१३०५२४२
१५२. केदार प्र. धिताल– ९८५११५६०६२
१५३. शिव अधिकारी– ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर– ९८४१२५९९५७
१५५. अजय दाहाल– ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा– ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी– ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल– ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई– ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ– ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई– ९८४१३२०३१०
१६२. मणिराज नेपाल– ९८५१०४००५६
१६३. दीपा खकुरेल– ९८४१४४८५३०
१६४. मैया थापा– ९८४११८४४०३
१६५. सागर ज्ञवाली– ९८५११४०२३०
१६६. शम्भु बस्नेत– ९८५१०७४००४
१६७. राजेशकुमार राजथला– ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी– ९८४६११९१७४
१६९. ममता वली खरेल– ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी– ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी– ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य– ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो– ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल– ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे– ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला– ९७४५००७६६६
१७७. नरेश मैनाली– ९८४१४४९०१५
१७८. विकास चित्रकार– ९८४१३६११८९
१७९. सृजना ख्याजु– ९८४१९२३५३३
१८०. विजयप्रसाद दास– ९८६०८०७३८१
१८१. कपिल मिश्र– ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली– ९८४१६८५९८२
१८३. रीता बस्नेत– ९८६००१३५६१
१८४. सरस्वती अर्याल– ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल– ९८४१२६१६६६
१८६. दीपक भण्डारी– ९८५११२४४८६
१८७. प्रमिला चौधरी– ९८४११९४७०७
१८८. वसन्तराज नेपाल– ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य– ९८६०११९७११

१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शम्शेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी ..........................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जीत | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दु:खी माइला) | २०७६ |

# अमरज्योति साहित्यिक त्रैमासिकका लागि लेखरचना उपलब्ध गराउने बारेको सूचना

विद्युतकर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको 'अमरज्योति साहित्यिक त्रैमासिक'को आगामी अङ्कका लागि निम्नानुसारका लेखरचनाहरू यथासक्य छिटो पठाइदिनुहुन समस्त सर्जक/समीक्षक महानुभावहरूलाई अनुरोध गरिन्छ :

**१. साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू**

**२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक एवम् साहित्यिक लेखरचनाहरू**

**३. साहित्यका विभिन्न सिद्वान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू**

**४. नेपाली र विश्वसाहित्यमा देखापरेका नवीन मान्यतामा आधारित लेख रचनाहरू**

**५. अनुवाद साहित्य एवम् कला र संस्कृतिसम्बन्धी लेख-रचनाहरू ।**

उपरोक्त अनुसारको अप्रकाशित लेखरचना प्रीति फन्टमा टाइप गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइदिनुहुन साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनुहुनसमेत अनुरोध गरिन्छ ।

**लेख/रचना पठाउने विद्युतीय ठेगानाः**

amarjyoti@nea.org.np

विद्युतकर्मी साहित्यिक समाज परिवार

नेपाल विद्युत प्राधिकरण




# नेपाल विद्युत प्राधिकरण

**'उज्यालो नेपालको संवाहक'**